वर्गदृष्टि

Bargadristi Weekly

साप्ताहिक

कास्की अदालतको पूर्वाग्रहपूर्ण फैसला, उच्च अदालतमा पुनरावेदन
क्रान्तिकारी युवा लिगका केस गुरुङ जेल चलान

पोखरा । नेकपा (क्रान्तिकारी माओवादी) को युवा संगठन क्रान्तिकारी युवा लिगका केन्द्रीय सदस्य इन्द्रबहादुर गुरुङमाथि कास्की जिल्ला अदालतले पूर्वाग्रहपूर्ण निर्णय गरेको आरोप लागेको छ। असार ६ र ७ गते मकवानपुरको हेटौंडामा सम्पन्न सम्मेलनका लागि संगठनको निर्देशन अनुसार आर्थिक सहयोगका लागि परिचालित भएका गुरुङलाई जबर्जस्त चन्दा असुलीको आरोपमा असारको १९ गते प्रहरीले पक्राउ गरेको... *बाँकी ४ पेजमा*

वर्ष ४ अङ्क ५ पूर्णाङ्क १५० २०७६ साउन २७ गते सोमबार Monday, 12 Aug., 2019 पृष्ठ ८ मूल्य रु. १०।-

क्रान्तिकारी माओवादीको पीवी बैठकका निर्णय सार्वजनिक
उपनिर्वाचनको सक्रिय बहिस्कार गरिने

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले आगामी मंसिर १४ गते प्रतिनिधिसभा-१, प्रदेशसभाका ३ र स्थानीय तहसमेत जम्मा ३६ जिल्लाका ५० स्थानमा रिक्त भएका पदहरूको पूर्ति गर्नका लागि हुन लागेको उपनिर्वाचन सक्रिय रूपमा बहिस्कार गर्ने निर्णय गरेको छ । सत्ता तथा व्यवस्था बदनाम हुँदै गएको वर्तमान अवस्थामा निर्वाचनको उपयोग गरेर भन्दा बहिस्कार गरेर संसदवादको भण्डाफोर गर्न उपयुक्त हुने भएकोले उक्त उपनिर्वाचनको सक्रिय बहिस्कार गर्ने निर्णय लिइएको क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य 'किरण'द्वारा हालै सम्पन्न पोलिटब्यूरोको बैठकका निर्णय सार्वजनिक गर्न जारी गरिएको प्रेस वक्तव्यमा उल्लेख छ ।

साउन २१ देखि २३ गतेसम्म बसेको बैठकले ब्रिटिश सरकारको प्रत्यक्ष उपनिवेशबाट मुक्त हुने सन्दर्भमा भारत र पाकिस्तानका बीचमा समेत विवादित रहँदैआएको जम्मु-कास्मिरको समस्या समाधान गर्ने प्रक्रियामा त्यहाँका जनतालाई विशेषाधिकार दिने गरी भारतको संविधानमा धारा ३७० र ३५ (क) को व्यवस्था गरेर जम्मु-कास्मिरलाई भारतमा सामेल गराइएको भन्दै वर्तमान भारत सरकारले हालै धारा ३७० र ३५ (क) लाई खारेज गर्नुका साथै जम्मु-कास्मिरबाट लद्दाखलाई अलग गराउने जुन निर्णय गरेको छ, त्यसबाट त्यहाँका जनताप्रति गम्भीर विश्वासघात हुन गएको ठहर गरेको छ र भारत सरकारको उक्त नीति र निर्णयको दृढ विरोध गरेको छ ।

वक्तव्यमा केही समययता संयुक्त राज्य अमेरिकाद्वारा ...*बाँकी ८ पेजमा*

क्रान्तिकारी पत्रकार महासंघको बैठक सम्पन्न, गऱ्यो यस्ता महत्वपूर्ण निर्णय

काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघको केन्द्रीय समितिको बैठक सम्पन्न भएको छ । काठमाडौंको घट्टेकुलोस्थित इच्छुक प्रतिष्ठानमा साउन २४ र २५ मा बसेको बैठकले लिएका निर्णयहरू संगठनका अध्यक्ष इन्द्र राउतले एक वक्तव्यमार्फत् सार्वजनिक गरेका छन् । सार्वजनिक गरिएको निर्णयहरू यस प्रकार रहेका छन् : "प्रेस वक्तव्य

साउन २४ र २५, २०७६ मा क्रान्तिकारी पत्रकार महासंघको केन्द्रीय समितिको बैठक काठमाडौंको घट्टेकुलोस्थित इच्छुक साँस्कृतिक प्रतिष्ठानमा बस्यो । संगठनका अध्यक्ष इन्द्र राउतको अध्यक्षता र महासचिव रामकुमार श्रेष्ठको सञ्चालनमा सम्पन्न बैठकले लिएका महत्वपूर्ण निर्णयहरू सार्वजनिक जानकारीका लागि यो प्रेस वक्तव्य जारी गरिएको छ ।

१- बैठकको सुरुमा महान सहिद कृष्णसेन इच्छुक लगायत देश, जनता र परिवर्तनका पक्षमा कलम चलाउने क्रममा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण महान सहिदहरूप्रति एक मिनेट मौनधारण गरी भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो ।

२- सचिव अनु निरौलाका दाजु नरबहादुर निरौला, केन्द्रीय सदस्यद्वय दामोदर खनालकी आमा मिना खनाल र सागर श्रेष्ठकी आमा ललिमाया श्रेष्ठको असामयिक निधन भएको हुँदा बैठकले दिवंगतप्रति हार्दिक श्रद्धाञ्जलीसहित शोक प्रस्ताव पारित गऱ्यो ।

३- संगठनका पदाधिकारी, प्रदेश संयोजक तथा केन्द्रीय सदस्य साथीहरूहरूले ...*बाँकी ७ पेजमा*

क्रान्तिकारी माओवादी काठमाडौंद्वारा आधारभूत पार्टी स्कूलिङ सञ्चालन
२९ गते 'काठमाडौं मार्च अभियान' उद्घाटन गरिने

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) काठमाडौं जिल्लाले आधारभूत पार्टी स्कूलिङ कार्यक्रम सुरु गरेको छ । आइतबार पार्टीका महासचिव मोहन वैद्य'किरण'ले पार्टी स्कूलिङको उद्घाटन गरे । उद्घाटन कार्यक्रममा पार्टीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल, स्थायी समिति सदस्य तथा पार्टी स्कूलिङ विभागका प्रमुख परि थापा लगायतका नेताहरूको उपस्थिति रहेको थियो । आधारभूत पार्टी स्कूलिङमा काठमाडौं जिल्लामा कार्यरत प्रदेश सदस्य र जिल्ला सदस्यहरू सहभागी रहेका छन् ।

चार दिनसम्म चल्ने आधारभूत पार्टी स्कूलिङको समापन २९ श्रावणमा गरिनेछ । पार्टीका स्थायी समिति सदस्य तथा देजमो अध्यक्ष सीपी गजुरेल, स्कूलिङ विभागका प्रमुख परि थापा, नेताहरू इन्द्रमोहन सिग्देल, सीताराम तामाङ, हस्तबहादुर केसी, जगदीशचन्द्र भण्डारी, हुकुमबहादुर सिंह लगायतले प्रशिक्षण दिने कार्यक्रम तय गरिएको छ । जिल्ला पार्टी स्रोतका अनुसार २९ गते 'काठमाडौं मार्च अभियान'को उद्घाटन गरिनेछ । यो अभियान संघर्ष संगठन संघर्षको उद्देश्यमा आधारित रहि संचालन गरिने छ । आन्तरिक संगठनलाई व्यवस्थित गर्दै जनसम्बन्ध सुदृढ गर्ने, जनपरिचालनलाई प्रभावकारी बनाउँदै जनसंघर्ष, ...*बाँकी ७ पेजमा*

संघर्षको उदघोषसहित क्रान्तिकारी आदिवासी जनजातिहरूले भव्य रूपमा मनाए
२५ औं विश्व आदिवासी दिवस

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल आदिवासी जनजाति महासंघले आदिवासी जनजातिहरूको अधिकार प्राप्तिको लागि सशक्त आन्दोलन तथा संघर्षको उदघोष गर्दै २५औं विश्व आदिवासी दिवस भव्य रूपमा मनाइएको छ । महासंघले बसन्तपुरबाट झाँकीसहित निकालेको च्याली न्यूरोड, रत्नपार्क, बागबजार, पुतलीसडक, पद्मोदयमोड, प्रदर्शनीमार्ग हुँदै राष्ट्रिय सभागृहमा पुगेर विशेष समारोहमा परिणत भएको थियो । उक्त विशेष समारोहलाई नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य' किरण', आयोजक महासंघका अध्यक्ष प्रा.डा. ओम गुरुङ, राष्ट्रिय जनमुक्ति पार्टीका डिके बुद्धिष्ट, लोकतान्त्रिक पार्टीका भानुराम थारु, खसान राष्ट्रिय संघर्ष समितिका प्रेमबहादुर खाती, बिगेसोका अध्यक्ष पदमसुन्दर लिम्बू, मधेसी राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष महेश यादव, दलित मुक्ति मोर्चाको तर्फबाट केशबहादुर परियार, अनेमसंघ (क्रान्तिकारी)को तर्फबाट अम्बिका मुडभरी लगायतका नेताहरूले सम्बोधन गरेका थिए । समारोहमा वक्ताहरूले आदिवासी जनजातिहरूको मुक्तिका लागि जातीय मुक्ति आन्दोलनलाई वर्गीय मुक्ति आन्दोलनसँग जोडेर लैजानु पर्ने र सशक्त रूपमा आन्दोलनको उठान गर्न तत्पर रहनु पर्ने कुरामा जोड दिएका थिए ।

समारोहमा जनगायक जीवन शर्मा, शम्भू राई, निलिमा पुन, म्मेनु नेम्बाङलगायतले मुक्तिकामी गीत संगीतको प्रस्तुती गरेका थिए भने नेवा, तामाङ, किरात, बोम्बो समुदायले साँस्कृतिक पहिचान झल्कने झाँकीहरू प्रस्तुत गरेका थिए । सामना साँस्कृतिक ...*बाँकी ७ पेजमा*

'ठूला मिडिया साम्राज्यवाद र विस्तारवादको दलालीमा लागेका छन्'

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण'ले ठूला मिडिया साम्राज्यवाद र विस्तारवादको दलालीमा लागेको टिप्पणी गरेका छन् । महासचिव किरणले मिडियामा अपारदर्शी रूपमा साम्राज्यवादी र विस्तारवादीहरूको लगानी भित्रिरहेको समेत दावी गरे ।

काठमाण्डौको घट्टेकुलोस्थित इच्छुकप्रतिष्ठानमा आयोजित क्रान्तिकारी पत्रकार महासंघको ऐतिहासिक राष्ट्रिय सम्मेलनपछिको दोस्रो पूर्ण बैठकलाई सम्बोधन गर्दै महासचिव किरणले राष्ट्रियताको सवालमा समेत मिडिया सम्वेदनहीन बनेको बताए ।

त्यस्तै मिडिया ब्यवस्थित नभएको मौका पारेर सरकारले मिडिया काउन्सिल विद्येयक ल्याएको उल्लेख गर्दै महासचिव किरणले त्यो सरकारी रबैया पनि गलत रहेको बताए । ओली प्रचण्डको पार्टीलाई हेरेर कम्युनिष्टहरू खत्तम र काम नलाग्ने छन् भन्ने प्रचार गरिदैछ - महासंघ आबद्ध पत्रकारलाई निर्देशन दिदै महासचिव किरणले भने- अब क्रान्तिकारी पत्रकारले आफनो भुमिका बढाउनुपर्दछ ।

फरक प्रसंगमा महासचिव किरणले सरकारलाई मिडियाले आलोचना गर्न थालेपछि सरकारको नेतृत्व गर्नेहरूमा मिडियालाई चिढ्यायो भने सरकार ढल्छ भन्ने त्रास रहेको विश्लेषण गरे । सरकारको डिफेन्सका कोही छैन केपी ओली र गोकुल बास्कोटाको मात्र एकहोरो रटान छ - महासचिव किरणले भने -उनीहरूको सरकारी मिडिया समेत डिफेन्समा छैन ।

महासचिव किरणले मिडियाले क्रान्तिकारी पार्टी र नेतृत्वको बिरुद्ध बिषवमन गर्दा क्रान्तिकारी पत्रकारले डिफेन्स गर्ने क्षमता ...*बाँकी ७ पेजमा*

कैलालीमा क्रान्तिकारी माओवादीले गऱ्यो २० विघा जमिन कब्जा
२५० सुकुम्बासी परिवारलाई वितरण गर्ने उदघोष

● धनञ्जय अवस्थी

कैलाली । कैलाली जिल्लामा नेकपा (क्रान्तिकारी माओवादी)ले २० विघा जमिन कब्जा गरेको छ। जिल्लाको गोदावरी नगरपालिका वडा नं. ६ हरैयामा रहेको जग्गा क्रान्तिकारी माओवादीले पार्टीको ...*बाँकी ७ पेजमा*

पार्टी एकता, कार्यगत एकता र विप्लव समूह

● क. अटल ●

नेकपा (क्रान्तिकारी माओवादी) ले कार्यगत एकताको ढोका खुला राखे पनि यत्रो अन्याय, अत्याचारको विरूद्ध आन्दोलन उठिरहेको छैन र कार्यगत एकताको महसुस पनि सम्बन्धित पक्षले जति जोड दिनुपर्ने हो, त्यति दिइरहेका छैनन् । यो कसैको चाहनाले भन्दा पनि तत्कालको आवश्यकताले हुने विषय हो । यसमा नेकपा (क्रान्तिकारी माओवादी)ले कार्यगत एकतालाई महत्व दिइरहेको छ । महँगी, भ्रष्टाचार, विषादी तरकारी विरोधी आन्दोलन एकल र संयुक्त रूपमा पनि गर्दै आइरहेको छ ।

पार्टी भनेको विचार हो एक विचार एक पार्टी हुन्छ। केही समय विचार मिल्ने समूहहरू अस्तित्वमा रहे पनि छलफल र बहसपछि ती एकै ठाउँमा पुग्छन् । त्यसैले नेकपा (क्रान्तिकारी माओवादी)ले पार्टी एकताको लागि ६ बुँदामा संश्लेषित गरेर पार्टी एकतालाई उद्देश्यमा राखेर, संयुक्त मोर्चा, कार्यगत एकता गर्दै आपसमा सहकार्य, संयुक्त आन्दोलन गर्दै अगाडि बढ्यो । पार्टी एकता रणनैतिक विन्दु हो भने त्यहाँसम्म पुग्ने र लक्ष्य मिल्ने समूहहरूसँग आपसी मनोविज्ञान मिलाउन अन्तरघुलन गर्दै अगाडि बढ्न जरुरी हुन्छ । त्यस हिसाबले केही समय नेकपा (ऋषि कट्टेल), नेकपा (विप्लव), नेकपा (मसाल)सँग नेकपा (क्रान्तिकारी माओवादी)ले रणनीतिक प्राप्तिको उद्देश्यसहित कार्यनीतिक सहकार्य गर्दै अगाडि बढ्यो । नेकपा (मसाल)को स्पष्ट दृष्टिकोण नहुनु, वाम खोल ओढेका वर्तमान प्रतिक्रियावादी राज्यसत्ताका संचालक केपी, पिकेसँग उठबस, सहकार्य र चुनावी गठबन्धन भएकाले उक्त संयुक्त मोर्चामा मन नलागि नलागि बसेकाहरूको र आफ्ना विरोधीसँग बसेर सरकारलाई अप्ठ्यारो पारेको भनेर सत्ताधारीबाट ...*बाँकी ३ पेजमा*

सम्पादकीय

सिक्किमीकरणको खतरा

आज मुलुक राष्ट्रियता, जनतन्त्र र जनजीविकाका हिसाबले जर्जर अवस्थामा छ । मुलुकलाई एउटा ग्राण्डडिजाइनमार्फत् भूटानीकरण हुँदै सिक्किमीकरणको दिशामा लैजाने खेलहरू भइरहेका छन् । हाम्रो दक्षिणी छिमेकी असाध्यै दुष्ट छ । नेपाललाई आफ्नो सुरक्षा छाताभित्र राख्न र नेपालको परराष्ट्र नीति आफूले भनेजस्तो गरी संचालन गर्न गराउन ऊ नेपालमा सुक्ष्मतहसम्ममा हस्तक्षेप बढाइरहेको छ । उसले नेपालमा राजनीतिक पार्टी, नेता, कर्मचारी, प्रहरी प्रशासन, नेपाली सेना, पत्रकार, वकिल लगायत सबै 'प्रोफेसन'भित्र दलालहरू पैदा गराएर ती सबै निकायलाई आफ्नो स्वार्थनुकूल 'प्रयोग' गर्दै आएको छ । यसैकारण ००७ सालयता नेपालको राजनीतिमा स्वतन्त्र धारको विकास हुन सकेको छैन । मुक्ति सेना बनाएर लडेको कांग्रेसदेखि जनमुक्ति सेना बनाएर लडेको माओवादीसम्मको नेतृत्वमा भएका संघर्षहरू अन्ततः भारतीय शासकवर्गको स्वार्थमै अल्झिएर विसर्जित हुन पुगे । पछिल्लो कालखण्डमा नाकाबन्दीदेखि मधेश आन्दोलनसम्म भारतको अमानवीय व्यवहारबाट आम नेपाली भुक्तभोगी छन् ।

नेपालमा राष्ट्रिय पुँजीको गला भारतीय एकाधिकार पुँजीले निमोठेको छ । जसरी स्वतन्त्र राजनीतिले स्थान ओगट्न सकेको छैन, त्यसैगरी राष्ट्रिय पुँजीलाई पनि टाउको उठाउन दिएको छैन । 'राजनीतिक क्रान्ति सकियो, अब पालो आर्थिक क्रान्ति' भनेर चिच्याउनेहरूमा प्रायः भारतकै दलालहरूको बिगविगी छ । राष्ट्रिय पुँजीको विकास नगरी कसरी नेपालमा आर्थिक विकास सम्भव छ ? राष्ट्रिय पुँजीको विकास गर्न भारतीय एकाधिकार पुँजी अर्थात् दलाल पुँजीलाई नियन्त्रणसहित निषेध गर्न अनिवार्य हुन्छ । खोइ त्यस विषयमा कोही बोलेको ? जग नबसाल्ने अनि घर बनाउने भनेर हल्ला गर्नेको कुरा पत्याउने आधार के ? नेपालको आजको शताब्दीमा जुन दुर्गती छ, त्यसको मुख्य कारक भनेको भारतीय एकाधिकार पुँजीवाद हो र त्यो एकाधिकार पुँजीलाई नेपालमा भित्र्याउने र मलजल गर्ने भारतीय दलालहरू नै हुन् ।

नेपाली राजनीतिका पछिल्ला घटनाक्रमहरूलाई हेर्ने हो भने नेपाललाई सिक्किम, भूटान वा फिजी बनाउने खेलहरू तीव्रत्तर रूपमा अगाडि बढिरहेका छन् । भारतीय खुफिया एजेन्सी रअका प्रमुख सामन्त गोयलसँग पूर्वप्रधानमन्त्रीदेखि वहालवाल प्रधानमन्त्रीसँगको गोप्य मन्त्रणा, भाजपाका नेताहरूको दौडधूप, नेपालमा नाकाबन्दी लगाउन मुख्य भूमिका खेलेका एस जयशंकर जो मोदीको दोस्रो कार्यकालका विदेशमन्त्री हुन्, भदौं ४ र ५ मा नेपाल भ्रमणमा आउँदैछन् । त्यस लगत्तै भारतीय प्रम मोदीको पनि नेपाल भ्रमण हुने चर्चा बाक्लिएको छ ।

सांसदहरू, राजनीतिक पार्टीका नेताहरू, बुद्धिजीवी, पत्रकार, सुरक्षा निकायका पूर्व प्रमुखहरू तथा व्यापारी तथा उद्योगपतिहरूलाई लैनचौरस्थित भारतीय दूताबासले दूताबासमै बोलाएर भोज खुवाउने गरेको छ । मधेसदेखि मुस्ताङसम्म भारतीय राजदूत मञ्जिबसिंह पुरीको दौडधूप छ । भारतले सीमामा बाँध बाँधेर सिंगो मधेशलाई जलमग्न पारेर हजारौं नागरिकहरूलाई विस्थापित बनाउँदा पनि सरकार भारतलाई होइन चुरेको भूक्षयलाई दोषी देख्छ र संसदीय समितिको अध्ययन प्रतिवेदन भारतलाई जोगाउने गरी तयार पारिन्छ । आज यसरी चौतर्फी रूपमा भारतीय हस्तक्षेपलाई बैधानिकता दिन यहाँको सरकार र सरकारका नियकाहरू यसरी लागिरहँदा नेपाली सार्वभौमिकता जोखिममा परेको भन्दै विरोध गर्नेमा सीमित कम्युनिस्ट क्रान्तिकारीहरू र देशभक्तहरू मात्रै छन् । राष्ट्रिय स्वाधीनताका पक्षधर जनताको विशाल पंक्ति भएपनि त्यो पंक्तिलाई गुमराहमा राख्न राज्य स्वयम् लागेको देखिन्छ । यसर्थ, कम्युनिस्ट क्रान्तिकारीहरू र सच्चा देशभक्तहरूले राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताको रक्षाको निम्ति जोडदार आवाज बुलन्द गर्न जरुरी छ । भारतीय विस्तारवादी शासकहरूको नेपाल भ्रमणलाई नागरिक स्तरबाट विरोध र बहिस्कार गरिन आवश्यक छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com

दर्शन र यसको भूमिकाबारे–२

(गतांकको बाँकी)

मुख्य रूपले दर्शनको उत्पत्ति र त्यसको विकासको लागि आवश्यक पूर्वाधारहरूलाई प्राचीन समाजमा विकसित आर्थिक तथा राजनीतिक जीवनले तयार पारेको थियो । एउटा छुट्टै विज्ञानको रूपमा दर्शनको उत्पत्ति त्यस बेलामा भयो, जब मानव-समाज वर्गहरूमा विभाजित हुन थाल्यो । समाज शोषक र शोषित वर्गहरूमा विभाजित हुन थालेपछि दार्शनिक विज्ञानको उत्पत्ति र विकासका निम्ति एउटा आवश्यक तथा महत्वपूर्ण पूर्वाधार तयार भयो । त्यो पूर्वाधार के भने शोषक-शासक वर्गका सदस्यहरूको रूपमा यस्तो सामाजिक तह बन्यो , जसले आफ्नो जीविकाको लागि चाहिने साधनहरू श्रमजीवी जनताको शोषणबाट प्राप्त गर्न सक्यो र त्यसैले, जसले आफ्नो सारा समय र शक्ति बौद्धिक चिन्तन-मननमा लगाउन सक्यो । अर्थात्, अर्को शब्दमा, एउटा छुट्टै सामाजिक कार्यको रूपमा मानसिक गतिविधि हुनु उपरोक्त आवश्यक पूर्वाधार थियो ।

यसरी, एउटा छुट्टै विज्ञानको रूपमा दर्शन वर्ग-समाजको उपज हो - यस्तो समाजको उपज, जसमा विभिन्न वर्गहरूका माझ, शोषक तथा शोषितहरूका माझ सङ्घर्ष र द्वन्द्व चलिरहको हुन्छ । त्यसैले दर्शन र त्यसको विकासमा सो समाज र त्यसभित्रका अन्तर्विरोधहरूको छाप पर्नु स्वाभाविक छ । वास्तवमा कुनै पनि वर्ग-विभक्त समाजमा भएको दर्शन वर्गीय दर्शनभन्दा अर्को हुन सक्तैन, अर्थात् वर्ग-विभक्त समाजमा भएको दार्शनिक प्रणालीहरूले सधैंभरि कुनै न कुनै वर्गहरूका दृष्टिकोण तथा हितहरूको प्रतिनिधित्व गरिरहेका हुन्छन् । त्यो एउटा स्वाभाविक कुरा हो, किनभने दर्शनको सिर्जना गर्ने काम र त्यसको विकास विद्यमान वर्ग-सम्बन्धहरू अन्तर्गत, विद्यमान वर्ग-सङ्घर्षको घात-प्रतिघातमा र कुनै खास वर्गको चिन्तनशील प्रतिनिधिको हैसियत राख्ने दार्शनिकहरूको क्रियाकलापमार्फत हुने गर्छन् । तसर्थ, कुनै गैर-वर्गीय, गैर-पक्षीय दर्शनको सवाल उठ्न सक्दैन ।

दर्शन र दार्शनिकहरू आफ्नो समयका उपज हुन् र सम्बन्धित समयका सामाजिक सम्बन्धहरूसित तिनको घनिष्ठ सम्बन्ध रहेको हुन्छ । यस तथ्यलाई मार्क्सले निम्न रूपमा दर्शाउनुभयो : "……दार्शनिकहरू माटोबाट च्याउ उम्रे झैं उम्रदैनन्, उनीहरू आफ्नो समय र आफ्नो जनताको उपज रहन्छन्, किनभने सो समय र जनताको अत्यधिक सुक्ष्म, अमूल्य तथा अदृश्य शक्ति दार्शनिक विचारहरूमा परिचालित हुन्छ । जुन शक्तिले ९कउष्वष्त० कामदारहरूको हातबाट रेलमार्गको निर्माण गर्छ, त्यही शक्तिले दार्शनिकहरूको दिमागमा दार्शनिक प्रणालीहरूको निर्माण गर्छ । दर्शन त्यसरी नै संसारबाट बाहिर रहेको हुँदैन, जसरी मानिसको मस्तिष्क उसको पेटमा नहुँदैमा ऊभन्दा बाहिर रहँदैन ।"[२]

यसरी, दर्शन र सम्पूर्ण सामाजिक सम्बन्धहरूका माझ घनिष्ठ सम्बन्ध विद्यमान छ । आफ्नो विकासको क्रममा मानवीय समाजमा श्रम-विभाजन हुन थाल्छ र

● कृष्णदास श्रेष्ठ ●

दर्शन र दार्शनिकहरू आफ्नो समयका उपज हुन् र सम्बन्धित समयका सामाजिक सम्बन्धहरूसित तिनको घनिष्ठ सम्बन्ध रहेको हुन्छ

त्यसको अभिवृद्धि हुँदै जान्छ, र त्यसको फलस्वरूप समाजका मानिसहरूका माझ कामहरूको बाँडफाँड हुन जाँदा कोही मानिसहरू भौतिक उत्पादनमा लाग्छन्, कोही कला र विज्ञानको क्षेत्रमा लाग्छन्, त कोही दार्शनिक प्रणालीहरूको निर्माणमा लाग्छन् । तर ती एक अर्कोबाट छुट्टै र स्वतन्त्र कुरा होइनन्, बरु एउटै सामाजिक-ऐतिहासिक प्रक्रियाका विविध पक्षहरू मात्र हुन् । सामाजिक विकासको कुनै खास चरणमा मानवजातिले जुन उन्नति र उपलब्धिहरू हासिल गर्छ, त्यसले दार्शनिक सिद्धान्तहरूमा गएर सारभूत रूपमा आफ्नो अभिव्यक्ति प्राप्त गरेको हुन्छ । त्यसैले, मार्क्सले के भन्नुभयो भने दर्शन "आफ्नो समयको आत्मिक सारतत्व हो" र "त्यो संस्कृतिको सजीव आत्मा हो"[३] यसलाई हेगेलले आफ्नो अधिकारसम्बन्धी दर्शन नामक कृतिमा यसरी राखेका छन् : "जसरी प्रत्येक व्यक्तित्व आफ्नो समयको उपज रहन्छ, त्यसै गरी दर्शन पनि विचारमा मनन गरिएको त्यसको आफ्नै युग हो । कुनै दर्शनले आफ्नो समकालीन संसारलाई नाघेर जान सक्छ भन्ठान्नु मूर्खता हुन्छ ।"[४]

प्रत्येक महान दर्शन आफ्नो समयको, आफ्नो युगको संक्षिप्त सार रहेको हुन्छ । दर्शनको आफ्नो सामाजिक आधार हुन्छ, र त्यो आधार हो विश्व यथार्थता अर्थात्, जगत । अनि दर्शन त्यही जगतको संक्षिप्त सार हो, त्यसको केन्द्रीभूत तथा सारभूत रूपमा आत्मिक प्रतिच्छायाँ हो । मानवजातिको ऐतिहासिक विकाससँगसँगै दर्शनको पनि विकास हुँदै आएको छ । ऐतिहासिक विकासको प्रत्येक चरणले दर्शनको विकासमार्फत आत्मिक क्षेत्रमा आफूलाई सारभूत रूपमा अभिव्यक्त गरेको हुन्छ । तसर्थ आफ्नो युगको संक्षिप्त सारको रूपमा प्रत्येक महान दर्शन मानवजातिको बौद्धिक विकासमा युगान्तकारी घटना रहन्छ । प्रत्येक युगको आफ्नो खास दर्शन हुन्छ - दास समाजमा दास दर्शन, सामन्ती युगमा सामन्ती दर्शन, पुँजीवादी युगमा पुँजीवादी दर्शन, र त्यस्तै सर्वहारा क्रान्तिको युगमा सर्वहारा दर्शन । आफ्नो युगको उत्पत्ति र विकास अनुरूप उत्पन्न हुने दर्शनले सो युगका खाँचोहरू पूर्ति गर्नमा एउटा सशक्त बौद्धिक साधनको भूमिका खेल्ने गर्दछ ।

दर्शनबारे उपरोक्त सामान्य चर्चापछि त्यसको अर्थ र कामबारे विचार गरौं । दर्शनको खास अर्थ के हो ? दर्शन भन्नाले कस्तो शास्त्रलाई जनाउँछ ? छोटो र सारभूत रूपमा उक्त प्रश्नको जवाफ यस प्रकारको हुन्छ : दर्शन भनेको एउटा विश्व-दृष्टिकोण हो, अर्थात् विश्वलाई हेर्ने एउटा दृष्टिकोण हो । त्यो विज्ञानको यस्तो शाखा हो, जसले प्रकृति, समाज र मानवीय चिन्तनको विकासका नियमहरूको अध्ययन गर्छ ।

मार्क्सवादी परिभाषा अनुसार, दर्शन भनेको सैद्धान्तिक ज्ञानको त्यस्तो रूप हो, जसले विश्व-दृष्टिकोणसित, प्रकृति र समाजलाई हेर्ने दृष्टिकोणसित सम्बन्धित सामान्य सवालहरूको विश्लेषण र व्याख्या प्रस्तुत गर्दछ । प्रकृति र समाजको विकास कुन ढङ्गबाट हुने गर्छ, ऐतिहासिक विकासका मूल कारण र प्रेरक शक्तिहरू के हुन्, हाम्रो यस संसारलाई कुन रूपमा बुझ्न र फेर्न सकिन्छ – यी र यस्ता सवालहरूबारे त्यसले चर्चा गर्दछ ।

जहाँसम्म दर्शनको कार्यभारको सवाल छ, सामान्य र सार रूपमा भन्ने हो भने, त्यसको मुख्य काम हो जुन विद्यमान छ, जुन यथार्थता छ, त्यसलाई जान्नु र त्यसको व्याख्या प्रस्तुत गर्नु । अतीतको व्याख्या, वर्तमानको विश्लेषण तथा विकास-दिशा र भविष्यको पूर्व सूचना प्रदान गर्न त्यसले प्रयत्न गर्नुपर्छ । विश्व यथार्थताको विशद व्याख्या प्रस्तुत गरी त्यसको वास्तविक सारलाई खुलस्त पार्ने कार्यभार दर्शनको हो । एक साँच्चिकै वैज्ञानिक दर्शनले सो काम गर्नुपर्छ र गर्न सक्छ । तर, माथि भनिए झैं, वर्गीय समाजमा दर्शन वर्ग-दर्शन मात्र रहन्छ । जुन समाज वर्गहरूमा विभाजित रहेको हुन्छ, त्यसमा पाइने विभिन्न दार्शनिक सिद्धान्तहरूले विभिन्न वर्गहरूका हित र दृष्टिकोणहरूलाई व्यक्त गरिरहेका हुन्छन् । कुनै खास वर्गको विश्व-दृष्टिकोणको रूपमा दर्शनले सो वर्गको आधारभूत हितलाई सैद्धान्तिक न्यायोचितता प्रदान गर्छ, सो हित अनुरूप विश्वको व्याख्या प्रस्तुत गर्छ र सो वर्गको स्वार्थ अनुकूल संसार-फेर्ने प्रयासलाई निर्देशक सिद्धान्त प्रदान गर्छ । यसमा नै दर्शनको मूल कार्यभार रहेको हुन्छ, र सो काममा नै त्यसको सामाजिक भूमिका रहन्छ ।

अक्सर यस्तो प्रश्न गरिन्छ – दर्शनको अध्ययन किन गर्नुपर्ने ? त्यसबाट हामीलाई ...*बाँकी ४ पेजमा*

झर्रोटर्रो kailubraha73@gmail.com कैलुब्राह

अर्धपागल, मेलम्ची र थप्पड

१. शुक्रबार काठमाण्डु खाल्टोको पर्ग्या पर्तिष्ठान अर्थात् भत्ताश्रम भवनको गफाडी हलमा धुरुन्धर साहित्यकारहर्को जमघट भयो । पर्ग्या पर्तिष्ठानहरू सत्तामा रहेका, रहिसकेका र रहने लाइनमा बसेका पाटीका वृद्ध साहित्यकारहर्ले सरखारी भत्ता थापेर 'स्वर्ग' जाने टिकेट पर्खेर बस्ने थलो भएकाले त्यसलाई भत्ताश्रम भन्नु काम अन्सारको नाम हुन्छ भन्ने यो कैलुको निष्कर्ष छ । सो भत्ताश्रममा अस्ति एउटा कार्यक्रम थ्यो । कार्यक्रम दुइटा साहित्य उर्फ 'बौलाहा सङ्ग्रह'को विमोचन गर्ने थ्यो । त्यहाँ साहित्य लेख्न पागल अर्थात् बौलाहा हुनुपर्ने कुरो गरिएको र बौलाउन आग्रह गरिएको हुनाले साहित्यिक कितावलाई बौलाहा सङ्ग्रह भन्नु उपयुक्त देखिएकोले अव उप्रान्त साहित्यिक सङ्ग्रहलाई बौलाहा सङ्ग्रह भन्नु पर्ने यो कैलुको प्रस्ताव छ ।

कार्यक्रममा एक थान कविले 'बौलाहा सङ्ग्रह'को गुनगान गाउने र फूलबुट्टा भर्ने क्रममा सो कार्यक्रममा प्रमुख अतिथि बनेर गएका सरखारी नेकपाका दुइनम्बरी अदक्षलाई बौलाउन आग्रह गरिन् । कवि जस्तै बौलाएमा राजनीति पनि अब्बल बन्ने उनको दर्शन रहेछ । अर्थात् कवि कलाकार वा साहित्यकारहरू सबै बौलाहा हुँदा रहेछन् । गाँठी कुरो बल्ल खुल्यो । राजनीतिमा सरखार विरुद्ध लड्नेबेला वा सरखारमा जान भच्याङ बनाउने बेला सबै पाटीले कलाकार र साहित्यकारहर्लाई अगाडि लाउँचन्, जब पाटी सरखारमा जान्चन् तब कलाकार साहित्यकारहर्लाई लात्तीले बुङ्इङ्इङ हिर्काउँचन् । किन यसो गर्चन् भनेको त तिनीहरू त बौलाहा रहेछन् र पो पाटीले पाखा लाउँदा रैचन् । बौलाहालाई सज्जनले साथमा लिने त कुरै भएन । त्यै भएर दुइनम्बरी अदक्षले आफूलाई बौलाउन आएको आग्रह अस्वीकार गरे । कत्रो सपना बोकेर राजनीतिमा लागेका अदक्ष जानी जानी बौलाउने बाटोमा किन लाग्ने ? संविधान बदलेर रैतीजनबाट चुनिएर मुलुकको शक्तिशाली कार्यकारी महाराज बन्ने कत्रो धोको छ उनको । कसैले बौलाउन आग्रह गर्दैमा बौलाउने कुरो त आएन । बौलाएर के साहित्कार कलाकारझैं जन्दगीभर सडकछाप बन्नु छ र ?

२. त्यो धुरुन्धर कार्यक्रममा अर्का धुरुन्धर साहित्यकार सत्य युगका सत्यबुढाले तिनै दुइनम्बरी अदक्षलाई अर्को आग्रह गरे । उनले काठमाण्डु खाल्टोका काकाकुलहर्लाई मेलम्चीको पानी ल्याएर छिटो पिलाउन आग्रह गरे । आफ्नी ब्वारी पानी मन्तरी भएका बेला छिटै मेलम्चीलाई खाल्टोमा छिराउनुस् र लोकप्रिय बन्नुस् भने । उनको आग्रहलाई दुइनम्बरीले मेलम्चीबारे आफूलाई केही बोल्नु छैन भनेर पन्छिए । कुरो ठिकै हो । किन ल्याउने मेलम्ची ? जार र बोतलमा पानी भरेर घरघरमा, दुकान दुकानमा पुऱ्याउने तेत्रा पानीका हजारौं उदोग, हजारौं ट्याङ्कर ब्याबसायीहर्लाई ठाडै सुकाएर मार्नु छ र मेलम्ची ल्याउने ? मेलम्ची ल्याएर मन्तरीहरू र सरखारी पाटीका लाउके नेता ऐलेसम्म पटक पटक सरखार चलाएका ठुला पाटीका बडेबडे नेतालाई फाइदा हुने हैन । उनीहर्ले त्यो खोलाको पानी खाने पनि हैनन् । क्यार्न ल्याउन पऱ्यो मेलम्ची खोलाको पानी ?

मेलम्चीको पानी खाने भनेको गरिब गुरुवाहर्ले हो । तिनीहरू त ऐलेसम्म जेजसरी भए पनि बाँचेकै त छन् । पानी खानै नपाएरै कोइ मरेको रेकर्ड पनि त छैन । सरखारी पाटीका ठुला नेतालाई त बरू पानी हैन पैसा चाहिन्च । मेलम्चीको पानीले उनरुलाई पैसा दिन्न क्यारे । बरू पानी उदोग र ट्याङ्कर ब्यापारीहर्ले पो पैसा दिन्चन् । चुनाउमा पैसा चाहिन्च । भोट किन्न तिनै मेलम्चीको पानी खोज्ने काकाकूलहर्लाई पैसा दिन पर्च । मेलम्चीको पानी खान नदिए पनि सोमरसको पानी किन्ने, राँगा भैंसीका चौटा किन्ने पैसा दिए तिनले जति पनि भोट दिइहाल्चन् । यो कुरा नेताहर्लाई राम्रैसँग था'छ क्यारे । मेलम्ची नल्याउनेलाई भोट दिन्नम् भनेकै छैनन् । मेलम्ची नल्याए पनि खाल्टोका मनुखेले भोट दिने तिनैलाई हो । त्यै भएर मेलम्ची ल्याउन भन्दा पानी उदोग र ट्याङ्कर उदोग फस्टाउन दिन्चन् नेताले । यती कुरा ति सतिपुर्खे बुढाले किन नबुझेका होलान् । सायद पानीसँस्कृति बुझेका रहेनछन् बुढाले ।

३. शुक्रबार भएको एउटा कार्यक्रममा सरखारी नेकपाका दुइनम्बरी अदक्षले आफूले ऐलेसम्म कसैलाई एक थप्पड पनि नहानेको र आफूले पनि एक थप्पड कसैबाट नखाएको कुरा गरे । एक थप्पड पनि नहानेकालाई हत्यारा भनेकोमा उनले निकै दुःख मनाउ गरे । उनले दसबर्खे जनयुद्धमा आफूले कसैलाई नमारेको सावित बयान पनि गरे । थप्पडै नहानेका मान्छेले कसैलाई मार्नी त भन् कुरै भएन । बन्नुक खुकुरी क्यै नबोकेका मान्छेले कसैलाई मार्नी कुरो पनि त भएन । उनले सोरैआना सही बयान दिएका हुन् । यो कैलुले यदि साँची बयान दिनु पऱ्यो भने पनि मिस्टर सुप्रिमोले कसैलाई मार्ने न त के, गाली समेत गरेका हैनन् भनेर बयान दिने छ । जनयुद्धमा मान्छे मारेको त जमुसेहर्ले हो । पाटीका ठूला नेता त सुप्रिमो मात्रै हैन अरू कसैले पनि लडाइँ लडेकै हैनन् । मार्नी मर्नी काम त तिनै लडाकाहर्ले गरेका हुन् । नेताहर्ले त लेख्ने, पढ्ने, भासन गर्ने, पर्सिक्षन दिने काम मात्रै गरेका हुन् । तिनलाई हत्यारा भन्नेहरू सामन्तवादका दलाल हुन् । सत्ता खोस्यो भनेर मुर्मुरिएका, भुटभुटिएका फटाहा हुन् । अर्काले खाएको देखिनसहने बरू तिनै हुन् हत्यारा ।

सुप्रिमोले लड्नु त के अरू लडेको समेत देखेका हैनन् । उनी त रोटीबेटीको साइनो जोडेर छिमेकीका ठुलाठुला सहराँ बसेका हुन् । डिल्ली, बम्मै, गुआ, पन्जाब, लखनऊ, बनारस, कलकट्टा, कानपुर, नोइडा जस्ता ठुलठुला सहराँ बसेर लेखापढी गरेका नेतालाई हत्यारा भन्दा त यो कैलुको पनि कन्सिरीका रम ठाड्ठाडा भएर आउँचन् । कम्ता रिस उठ्च ? जनयुद्ध लड्न पर्च भनेर अरूलाई भनेको पो हो आफैंले जनयुद्ध लडेको त हैन नि ।

२५ साउन २०७६

कार्लमार्क्स र मार्क्सवादको विकासबारे

सीपी गजुरेल 'गौरव'

सन् १९१७ को रूसी अक्टुबर क्रान्तिका महानायक लेनिनको सक्रिय पहल र नेतृत्वमा तेस्रो अन्तर्राष्ट्रियको गठन भयो । फासीवादी जर्मनीले नेतृत्व गरेको जर्मनी, इटाली, जापानलगायतका देशहरूको गठबन्धनका बिरूद्ध तत्कालीन सोवियत संघ, अमेरिका, बेलायत, फ्रान्स आदि देशको संयुक्त मोर्चा गठन गर्ने सन्दर्भमा मोर्चामा आबद्ध साम्राज्यवादी राष्ट्रहरूले कोमिन्टर्नको विघटनको सर्त राखे । फासिवादी अन्तर्राष्ट्रिय मोर्चाको गठनलाई प्राथमिकता दिँदै तेस्रो अन्तर्राष्ट्रियको विघटन गरिएको थियो । समाजवादी सिविर र समाजवादी क्रान्तिको अन्तर्राष्ट्रिय केन्द्र तत्कालीन सोवियत संघको रक्षा गर्नुपर्ने आवश्यकतालाई मुख्य कारण बनाएर तेस्रो अन्तर्राष्ट्रियको विघटन गर्नु ठिक थियो कि बेठिक भन्ने बहस अहिले पनि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा कसै-कसैले उठाउने गरेको पाइन्छ

विश्व सर्वहारा र उत्पीडित वर्गका महान नेता र शिक्षक कार्लमार्क्सको दोस्रो शत वार्षिकीलाई विश्वभरिकै कम्युनिस्ट पार्टीहरूले अलग अलग रूपमा मनाएका छन् । यसका साथै र संयुक्त विज्ञप्तिमार्फत् ऐक्यवद्धता पनि प्रकट गरेका छन् । मार्क्सवाद र यसका प्रणेता कार्लमार्क्स विश्वभर यति धेरै स्थापित भएका छन् कि मार्क्सवादका विरुद्ध विषवमन गर्ने र यसको जरो किलो उखेल्नकालागि टुप्पीदेखि पैतालासम्मको बल लगाइरहेका नेता र तिनका संगठनहरू पनि जनताका आँखामा छारो हाल्नकै लागि पनि मार्क्स द्वीशताब्दी दिवस मनाउन बाध्य भइरहेका छन् । हामी कम्युनिस्टहरूले आफ्ना महान गुरु र शिक्षक कार्लमार्क्सको उच्च सम्मान र वहाँका योगदानको महत्वलाई स्थापित गराउँदै मार्क्सवादलाई आजको विश्व परिस्थितिको सापेक्षतामा क्रान्तिमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने विषयमा बहस र छलफललाई गहिरोसँग अगाडि बढाउने अवसरका रूपमा यसको सदुपयोग गर्नु आवश्यक छ । यो सानो लेखमा मार्क्सवादको जन्म र कसरी यो वैज्ञानिक सिद्धान्तले गुणात्मक विकास गर्दै मार्क्सवाद-लेनिनवाद-माओवाद आजको युगको मार्क्सवाद बन्न गयो र यसमा विश्व कम्युनिस्ट आन्दोलनको के भूमिका रहेको छ भन्ने विषयमा समेत संक्षिप्त चर्चा गर्ने प्रयत्न गरिएको छ ।

मार्क्सवाद यसको उदय र प्रारम्भदेखि नै अन्तर्राष्ट्रिय श्रमिक र मजदुर आन्दोलनसँग जोडिएको छ । मार्क्सले निकै कठिन संघर्षका बीचमा पहिलो अन्तर्राष्ट्रियको गठनमा महत्वपूर्ण योगदान गर्नु भयो । त्यसै अन्तर्राष्ट्रिय संगठनलाई मार्गदर्शन गर्ने दस्ताबेजका रूपमा आफ्ना सहयोद्धा एंगेल्ससंगै मिलेर ' कम्युनिस्ट पार्टीको घोषणा पत्र' तयार पार्नु भयो । यो नै मार्क्सवादको आधार तयार पार्ने पहिलो दस्ताबेज बन्न पुग्यो ।

मार्क्सवाद एउटा वैज्ञानिक सिद्धान्त हो । यो कुनै जड्सूत्र होइन, अपितु क्रान्तिको मार्गदर्शक हो । लेनिनको भनाइमा "मार्क्सवाद एउटा जडसूत्र होइन, यो क्रान्तिको मार्ग दर्शक हो ।" ९:बचहष्क ष्क लयत ब मयनबव, दगत नगष्भभ तय बअतष्यल० । कम्युनिस्टहरूले यसैरूपमा मार्क्सवादलाई आत्मसात गर्दछन् र यसलाई क्रान्तिको विज्ञानको रूपमा ग्रहण गर्दछन् । मार्क्सवाद क्रान्तिमा प्रयोग हुने सिद्धान्त भएको हुनाले यो निरन्तर विकासको क्रममा अघि बढिरहन्छ। सच्चा कम्युनिस्टहरूले मार्क्सवादको रक्षा गर्नु पर्छ । यसलाई आफ्नो देशलाई क्रान्ति सम्पन्न गर्ने कामको मार्ग दर्शनका निमित्त प्रयोगमा ल्याउनु पर्दछ । क्रान्तिमा गरिने प्रयोगद्वारा नै यसको विकास पनि हुने गर्दछ । मार्क्सवादको प्रथम सफल प्रयोग लेनिनको नेतृत्वमा रुसको अक्टुबर क्रान्ति सफल गर्नका लागि गरियो । मार्क्सवादको गुणात्मक विकासद्वारा नै मार्क्सवाद-लेनिनवाद बन्न गयो । त्यसैगरी मार्क्सवाद-लेनिनवादको सफल प्रयोग माओले नेतृत्व गर्नु भएको चिन कम्युनिस्ट पार्टीको नेतृत्वमा सन् १९४९ मा सम्पन्न चिनको नयाँ जनवादी क्रान्ति र त्यसपछि समाजवादको विकासका दौरानमा गरियो । त्यसपश्चात् मार्क्सवाद-लेनिनवादको तेस्रो गुणात्मक चरणको विकास भयो, मार्क्सवाद-लेनिनवाद-माओवाद ।

पहिलो अन्तर्राष्ट्रियको विघटन भएपछि गठन भएको दोस्रो अन्तर्राष्ट्रियको मार्क्सको देहान्त भएपछि एंजेल्सले नेतृत्व गर्नु भयो । दोस्रो अन्तर्राष्ट्रियमा विभिन्न प्रकारका गैरमार्क्सवादी प्रवृत्तिसँगको संघर्षका दौरानमा यो विभिन्न गुटहरूमा विभाजित भयो । सन् १९१७ को रुसी अक्टुबर क्रान्तिका महानायक लेनिनको सक्रिय पहल र नेतृत्वमा तेस्रो अन्तर्राष्ट्रियको गठन भयो । फासिवादी जर्मनीले नेतृत्व गरेको जर्मनी, इटाली, जापानलगायतका देशहरूको गठबन्धनका बिरुद्ध तत्कालीन सोवियत संघ, अमेरिका, बेलायत, फ्रान्स आदि देशको संयुक्त मोर्चा गठन गर्ने सन्दर्भमा मोर्चामा आबद्ध साम्राज्यवादी राष्ट्रहरूले कोमिन्टर्नको विघटनको सर्त राखे । फासिवादी अन्तर्राष्ट्रिय मोर्चाको गठनलाई प्राथमिकता दिँदै तेस्रो अन्तर्राष्ट्रियको विघटन गरिएको थियो । समाजवादी सिविर र समाजवादी क्रान्तिको अन्तर्राष्ट्रिय केन्द्र तत्कालीन सोवियत संघको रक्षा गर्नुपर्ने आवश्यकतालाई मुख्य कारण बनाएर तेस्रो अन्तर्राष्ट्रियको विघटन गर्नु ठिक थियो कि बेठिक भन्ने बहस अहिले पनि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा कसै कसैले उठाउने गरेको पाइन्छ ।

दोस्रो अन्तर्राष्ट्रियको विघटन भएको र सच्चा कम्युनिस्ट पार्टीहरूको कुनै पनि अन्तर्राष्ट्रिय स्तरको संगठन वा केन्द्र नभइरहेको अवस्थामा सन् १९८४ मा 'क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन' ९च्क्ष्०को गठन हुनु सकारात्मक कदम थियो । 'रिम'ले त्यसपछिका लगभग दुई दशकसम्म पुऱ्याएको योगदानको विश्वका माओवादी पार्टी र संगठनहरूले अत्यन्त सकारात्मक मुल्याङ्कन गरेका थिए । परन्तु, विशेषतः तत्कालीन नेकपा (माओवादी) का प्रमुख नेता प्रचण्डमा देखापरेको दक्षिणपन्थी अवसरवादी भड्काव र प्रतिकृयावादी शक्तिहरूसँगको आत्मसमर्पण तथा आरसीपी अमेरिकाका अध्यक्ष बबअवाकिनमा देखापरेको मार्क्सवादकै बिसर्जनको प्रवृत्तिका कारण रिम यतिखेर अकर्मण्यता र बिसर्जनको अवस्थामा पुगेको छ। तथापि, जुन बेलासम्म 'रिम'भित्र यी समस्या देखापरेका थिएनन् र त्यो अन्तर्राष्ट्रिय केन्द्र सक्रिय थियो, त्यसले महत्वपूर्ण भूमिका खेलेको थियो । त्यतिबेला त्यसले वैचारिक क्षेत्रमा गरेको एउटा महत्वपूर्ण कार्यभार थियो- माओको शतवार्षिकी (सन् १९९२ डिसेम्बर)मा पारित गरेको 'मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद !' भन्ने दस्ताबेज । यो दस्ताबेजले विगतमा मार्क्सवाद-लेनिनवादको विकासमा माओले गरेको योगदानलाई विगतमा गरिएको 'माओ विचारधारा' भन्ने संश्लेषणभन्दा माथि उठेर मार्क्सवाद-लेनिनवाद-माओवाद पदावलीको प्रयोग गर्नु पर्दछ भन्ने कुराको स्पष्ट निर्णय गर्नुका साथै त्यहीस्तरमा माओवादलाई ग्रहण गर्नु पर्दछ भन्ने कुरामा जोड दिएको छ । रिमको यो ऐतिहासिक निर्णयले रिममा आबद्ध नभएका माओवादी पार्टीहरूलाई पनि यो सोंचप्रति आकर्षित गरेको थियो । यस सन्दर्भमा रिममा आबद्ध नभएको भाकपा (माओवादी) लगायत अन्य माओवादी पार्टी र संगठनले पनि आफ्ना पार्टीको मार्गदर्शक सिद्धान्तमा मार्क्सवाद-लेनिनवाद-माओवाद पदावली नै प्रयोग गर्ने निर्णय गरिसकेका छन् । हाम्रो गौरवशाली पार्टी नेकपा (क्रान्तिकारी माओवादी)ले आफ्नो पार्टीको निर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवादलाई मान्दै आएको कुरा त जग जाहेर नै छ । हामीले मार्क्सवादको महत्व र विकाससम्बन्धी विषयको छलफललाई अघिबढाइरहँदा रिम कमिटीको दोस्रो विस्तारित बैठकले मालेमावाद- जिन्दावाद ! भन्ने दस्ताबेज पारित गर्दा गरिएको पछिल्लो संश्लेषणसम्बन्धी एउटा उद्धरण प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ, "कार्लमार्क्सले आजभन्दा झण्डै १५० वर्ष (यतिखेर १७५ वर्ष -अनु) अघि सबैभन्दा पहिले क्रान्तिकारी साम्यवादको विकास गरे । आफ्ना सहयोद्धा कमरेड फ्रेडरिक एङ्गेल्सको सहयोगमा उनले एउटा विस्तृत दार्शनिक पद्धति, द्वन्द्वात्मक भौतिकवादको विकास र आधारभुत नियमहरूको अन्बेषण गरे, जसले मानव जातिको इतिहासलाई आकार दियो ।

"मार्क्सले राजनीतिक अर्थशास्त्रको विज्ञानको विकास गरे, जसले सर्वहारावर्गको शोषण र पुँजीवादी उत्पादन प्रणालीमा अन्तर्निहित अराजकता र अन्तर्विरोधलाई उदाङ्ग पारे । कार्लमार्क्सले अन्तर्राष्ट्रिय सर्वहारा वर्गसँग नजिकको सम्बन्ध राखेर उनीहरूको सेवा गर्ने क्रान्तिकारी सिद्धान्तको विकास गरे । उनले पहिलो अन्तर्राष्ट्रियको निर्माण गरे । एङ्गेल्ससँगै मिलेर उनले गुन्जायमान हुने "संसारका मजदुर एक होऔं" भन्ने नारासहितको 'कम्युनिस्ट घोषणापत्र' लेखे । मार्क्सले सन् १८७१ को सर्वहारा वर्गको सत्ता कब्जा गर्ने पहिलो महान प्रयास पेरिस कम्युनका विषयमा धेरै ध्यान दिए र यसका शिक्षाहरूको समीक्षा गरे ।" (मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद ! शिर्षकको दस्ताबेजबाट ।)

यसका साथै सर्वहारा वर्गलाई वहाँले सिकाउनु भयो कि बलप्रयोग बिना उनीहरूले सत्ता कब्जा गर्नु सम्भव छैन । यसप्रकार, सत्ता हस्तान्तरणसम्बन्धी सबै प्रकारका भ्रमहरूलाई चिर्दै क्रान्तिद्वारा सत्ता प्राप्त गर्नुपर्ने अनिवार्यतालाई वहाँले स्पष्ट पार्नु भयो । यसका साथै वहाँले यो पनि स्पष्ट पार्नुभयो कि सर्वहारा वर्गले बनिबनाउ राज्यसत्तालाई प्रयोग गर्न सक्दैनन्, पुरानो सत्तालाई ध्वस्त पारेर नयाँ सत्ताको स्थापना गर्नुपर्छ । यसका साथै सर्वहारा वर्गको अभिनायकत्व लागु गरेर मात्र वर्गहरूलाई समाप्त गर्न र सामाजिक रूपान्तरण गर्न सकिन्छ भन्ने सर्वाधिक महत्वको विषयको पनि उजागर गर्नु भयो ।

समग्रमा, मार्क्सले विकास गरेका उपरोक्त विचार, दृष्टिकोण र पद्धतिलाई मार्क्सवाद भनिन्छ । "... यसले सर्वहारावर्गको विचारधाराको विकासमा पहिलो कोसेढुंगाको प्रतिनिधित्व गर्दछ ।" (उपरोक्त) ।

मार्क्सवाद निरन्तर विकास भइरहने समाज विज्ञान हो । यसको विकास सफल प्रयोगबाट मात्र हुन सक्दछ । सर्वप्रथम यसको सफल प्रयोग गर्ने श्रेय लेनिनलाई जान्छ । वहाँले मार्क्सवादको रचनात्मक प्रयोग सन् १९१७ को फरवरी क्रान्ति र विशेषतः अक्टुबर समाजवादी क्रान्ति सम्पन्न गर्ने क्रममा गर्नुभयो । मार्क्सवादका तीन संघटक अंग- दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद भएको विस्तृत व्याख्या लेनिनले गर्नुभयो र आफैंले तीनैवटा संघटक अंगको विकासमा योगदान गर्नुभयो । यसका साथै, लेनिनले मार्क्सवादको सफल प्रयोग रुसमा सम्पन्न अक्टुबर क्रान्तिमा गर्नुभयो । मार्क्सवादको यो गुणात्मक विकासलाई लेनिनवाद भनिन्छ ।

यसै क्रममा, वैज्ञानिक समाजवाद र साम्यवादको व्याख्यासहितको पहिलो दस्ताबेज, कम्युनिस्ट घोषणापत्रको प्रकाशन सन् १८४८ मा भयो । उक्त घोषणापत्रबारे लेनिनको भनाइ यसप्रकार छ, "१८४८ मा प्रकाशित मार्क्स र एंगेल्सको कम्युनिस्ट घोषणापत्रले यो सिद्धान्तलाई एकीकृत र व्यवस्थितरूपमा खुलासा गऱ्यो । यस्तो खुलासा जुन आजसम्म सबैभन्दा राम्रो भन्ने कुरा स्थापित भएको छ ।" (लेनिन, छानिएका कृतिहरू, पृ १७ अंग्रेजी ।)

कम्युनिस्ट घोषणापत्रले युगान्तकारी महत्व राख्दछ । यसले विश्वको इतिहासलाई नै ठुलो प्रभाव पारेको कुरा लेनिनको यो कथनले पुष्टि गर्दछ, "त्यसपछि विश्व इतिहास स्पष्टरूपमा तीन कालमा विभाजित भएको छ : १) सन् १८४८ को क्रान्तिदेखि पेरिस कम्युन (१८७१)सम्म, २) पेरिस कम्युनदेखि १९०५ को रुसी क्रान्तिसम्म र ३) उक्त रुसी क्रान्तिबाट अगाडि ।" (उपरोक्त)

लेनिनले गर्नुभएको संश्लेषणअनुसार कम्युनिस्ट घोषणापत्रको प्रकाशन हुने बित्तिकै यो स्थापित भइहाल्न सकेन । त्यतिखेर देखापरेका र प्रचारमा आएका विभिन्न प्रकारका "समाजवाद"ले मजदुर आन्दोलनलाई दिग्भ्रमित बनाएको थियो । सुरु सुरुमा त मार्क्सको सिद्धान्तलाई पनि थिनै "समाजवाद" जस्तै एउटा होला भन्ने ठानिएको थियो । विभिन्न किसिमका पुँजीवादी र सुधारवादी नाराहरू दिएर नक्कली समाजवादीहरूले ठुलो भ्रम छरेका थिए । तर सन् १८४८मा भएका क्रान्तिकारी संघर्षहरूले यी मार्क्सवादपूर्वका कथित समाजवादीहरूको चरित्रलाई उदांग पारिदिए । यसै वर्षको जुन महिनामा पेरिसमा गणतन्त्रवादी पुँजीपतिवर्गको सरकारले मजदुरहरूमाथि गोली चलाएर हत्या गरेपछि के साबित भयो भने सच्चा समाजवादका लागि लड्ने दिगो शक्ति भनेको मजदुर वर्ग नै रहेछ । निवर्गीय धारणा राख्ने सबै सुधारवादीको चरित्रको पर्दाफास भयो । लेनिनको भनाइअनुसार, "निवर्गीय समाजवाद र निवर्गीय राजनीतिका सबै सिद्धान्तहरू केवल वाहियात साबित भए ।" (उपरोक्त, पृ १८) । लेनिनले परिभाषित गर्नुभएको यो चरणको अन्तिमतिर आइपुग्दा ऐतिहासिक क्रान्तिकारी आन्दोलनहरू सम्पन्न भए । सर्वहारा वर्गले शस्त्र बलद्वारा इतिहासमा पहिलोपल्ट सत्ता कब्जा गरेको पेरिस कम्युन १८७१ मा सम्पन्न भयो । यसले विश्व कम्युनिस्ट आन्दोलनका लागि ठुलो आधार तयार गऱ्यो, मजदुर वर्गले आफुमा भएको शक्ति र क्षमताको राम्रोसँग परिचय दियो । यसका साथै मार्क्सको नेतृत्वमा पहिलो अन्तर्राष्ट्रियको पनि यसै अवधिमा गठन भयो ।

दोस्रो कालखण्ड (१८७२-१९०४) तुलनात्क रूपमा शान्तिपूर्ण विकासको काल रह्यो । रुस र केही देशहरूमा क्रान्तिकारी आन्दोलन त उठे, तर विश्वव्यापी रूपमा विचार गर्दा तुलनात्मक रूपमा शान्तिपूर्ण काल रह्यो । यस अवधिमा संसारका विभिन्न देशमा सर्वहारा वर्गका पार्टीहरू गठन भए, कम्युनिस्ट पार्टीहरू बने ।

तेस्रो कालखण्डमा विश्वको सबैभन्दा ठुलो देश रुसमा १९१७ मा अक्टुबर क्रान्ति सफल भयो । यसको सामान्यतया विश्वव्यापी रूपमा र विशेषतः एशिया महादेशका देशहरू- चीन, भियतनाम, कोरिया, कम्बोडिया, लाओस आदि देशहरूमा धेरै ठुलो प्रभाव पऱ्यो । मार्क्सवादले गुणात्मक र दोस्रो चरणको विकास गऱ्यो । मार्क्सवाद दोस्रो चरणको विकासपछि मार्क्सवाद-लेनिनवादमा विकसित भयो । स्तालिनले लेनिनवादलाई सर्वहारा क्रान्ति र साम्राज्यवादी युगको मार्क्सवाद भन्ने व्याख्या प्रस्तुत गरे ।

उपरोक्त देशहरूमा मार्क्सवाद-लेनिनवादलाई मार्गदर्शक सिद्धान्त मान्ने त्यहाँका कम्युनिस्ट पार्टीको नेतृत्वमा क्रान्तिहरू सफल भए । सन् १९४९ मा चिन कम्युनिस्ट पार्टीको नेतृत्वमा संसारै हल्लाउने नयाँ जनवादी क्रान्ति सफल भयो । सन् १९५६ मा चिनले समाजवादी व्यवस्थामा फड्को हान्यो । विश्व नै समाजवादमय, कम्युनिस्टमय बनेजस्तो भयो ।

यो परिस्थितिको विपरीत यसै समयमा रुसमा त्यहाँको कम्युनिस्ट पार्टीको महासचिव ख्रुश्चेवको नेतृत्वमा प्रतिक्रान्ति भयो र समाजवादी रुसमा पुँजीवादको पुनर्स्थापना गरियो । त्यसको नकारात्मक प्रभाव चिनमा पनि पऱ्यो । चिन कम्युनिस्ट पार्टीभित्रका पुँजीपन्थीहरूले चिनमा पनि रुसकै जस्तो पुँजीवादको पुनर्स्थापना गर्ने ठुलो प्रयास गरे । पार्टीभित्र भीषण दुईलाइन संघर्ष चल्यो ।

सन् १९६६ देखि माओको नेतृत्वमा चीन कम्युनिस्ट पार्टीले महान सर्वहारा साँस्कृतिक क्रान्तिको प्रारम्भ गऱ्यो । पार्टीभित्रका पुँजीपन्थीहरू पराजित भए । कतिपयले महान सर्वहारा साँस्कृतिक क्रान्तिलाई चिन कम्युनिस्ट पार्टीभित्रका पुँजीपन्थीविरुद्धको अभियानका रूपमा बुझ्ने र व्याख्या गर्ने गरेका छन् । यसको उद्देश्य पुँजीपन्थीहरूलाई पराजित गर्नु मात्र थियो भन्ने गर्दछन् । वास्तवमा यो बुझाइमा त्रुटी रहेको छ । महान् सर्वहारा साँस्कृतिक क्रान्तिले पुँजीपन्थीहरूलाई पराजित गरेको कुरा सत्य हो, तर यसको उद्देश्य त्यत्ति मात्र थिएन । स्वयम् माओले यसको उद्देश्य ' विश्व दृष्टिकोणको समस्या समाधान गर्ने हो' भनी स्पष्ट पार्नुभएको छ ।

कतिपयले सर्वहारा साँस्कृतिक क्रान्तिलाई चीनको आन्तरिक मामिला भन्ने विश्लेषण गरेको पाइन्छ । परन्तु, महान सर्वहारा साँस्कृतिक क्रान्ति समाजवादी समाजमा पनि वर्ग संघर्ष जारी राख्नु पर्दछ भन्ने सिद्धान्तमा आधारित छ । चीनको आन्तरिक मामिला मात्र नभएर यो सार्वभौमिक सिद्धान्त हो । यो सिद्धान्त मार्क्सवाद-लेनिनवादको विकासमा माओको महत्वपूर्ण योगदान हो । यसरी समग्रमा माओले मार्क्सवाद-लेनिनवादलाई तेस्रो र गुणात्मक रूपमा माथि उठाउनु भयो र सर्वहारा वर्गको सिद्धान्त अझ उच्चस्तरमा विकास गरेर मार्क्सवाद-लेनिनवाद-माओवाद बन्न पुग्यो । यो झन् समृद्ध र सर्वहारावर्ग र उत्पीडित जनताको झन् शक्तिशाली हतियार बन्न पुगेको छ । माओवादको मूल्याङ्कन मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद ! भन्ने दस्ताबेजले निम्न अनुसार गरेको छ, "...माओवाद केवल माओका महान योगदानहरूको योगफल मात्र होइन । यो त मार्क्सवाद-लेनिनवादको विस्तृत र चौतर्फी विकास गरेर नयाँ र उच्च चरणमा पुगेको विषय हो । मार्क्सवाद-लेनिनवाद-माओवाद एउटा अविभाज्य समग्रता हो । यो त कार्लमार्क्स, भिआइ लेनिन र माओत्सेतुङले सर्वहारा वर्ग र मानव जातिले वर्ग संघर्ष, उत्पादनका निम्ति संघर्ष र वैज्ञानिक प्रयोगको अनुभवका आधारमा नयाँ चरणमा संश्लेषित र विकसित मार्क्सवादबाट मार्क्सवाद-लेनिनवाद र त्यसबाट मार्क्सवाद-लेनिनवाद-माओवाद सर्वहारावर्गको विचारधारा हो ।" (उपरोक्त)।

उक्त दस्ताबेजमा अझ अगाडि भनिएको छ, "यो त्यस्तो अजेय हतियार हो, जसले सर्वहारा वर्गलाई यो संसारलाई बुझ्न र क्रान्तिद्वारा बदल्नका निमित्त योग्य बनाउँछ । मार्क्सवाद-लेनिनवाद-माओवाद सार्वभौमिकरूपमा लागु हुने, जीवन्त र वैज्ञानिक सिद्धान्त हो, क्रान्ति गर्नका लागि लागु गर्दा तथा सामान्यतया मानव जातिले हासिल गरेको ज्ञानका आधारमा निरन्तर विकास र अझ समृद्ध बनाइरहन्छ । मार्क्सवाद-लेनिनवाद-माओवाद सबै किसिमका संशोधनवाद र जड्सूत्रवादको दुस्मन हो । यो सर्वशक्तिमान छ किनभने यो सत्य छ ।" (उपरोक्त) ।

कतिपय माओवादी संगठनले कम्युनिस्ट पार्टीको मार्गदर्शक सिद्धान्त- मार्क्सवाद-लेनिनवाद-माओवाद, मुख्यतः माओवाद भन्ने पदावलीको प्रयोग गर्नुपर्ने बताउँछन् । तर, त्यसोगर्दा मार्क्सवाद-लेनिनवाद मुख्य होइन भन्ने अर्थ लाग्न सक्दछ, जुन कुरा गलत हो । लेनिनवादको विकासको जग र आधार मार्क्सवाद हो, माओवादको जग र आधार मार्क्सवाद-लेनिनवाद हो। मार्क्सवाद-लेनिनवाद-माओवादको विकास चौथो चरणमा पनि हुन सक्ला, त्यतिबेला पनि मार्क्सवादको महत्व र आवश्यकता रहिरहने छ । - *'माओवादी'बाट*

दर्शन र यसको भूमिकाबारे–२

के फाइदा हुन्छ ? अथवा दर्शनले हामीलाई कुन कुरा प्रदान गर्छ ? मार्क्सवादीहरू सामान्यतः दर्शनको अध्ययनमा बल दिने गर्छन् । त्यसो गर्नमा एउटा मुख्य कारण के भने दर्शन यस्तो चीज हो, जसले हामीलाई सैद्धान्तिक ढङ्गले कसरी सोच्ने, सैद्धान्तिक धरातलमा उभिएर परिघटनाहरूलाई कसरी हेर्ने भन्ने कुरा सिकाउँछ। कलाले हामीलाई नयाँ-नयाँ कुराहरूको सिर्जना गर्ने क्षमता अर्थात् सिर्जन-शक्ति प्रदान गर्छ र विचारमा खिया लाग्नबाट जोगाउँछ भने दर्शनले हामीलाई चीजहरूबारे बोध गर्ने शक्ति र युक्तिसङ्गत ढङ्गले सोच्ने सामर्थ्य प्रदान गर्छ ।

युक्तिसङ्गत चिन्तन गर्ने सामर्थ्य मानिसको लागि कति आवश्यक छ भन्ने शायद बताइरहनु पर्दैन । राम्ररी सोचविचार नगरिकन काम गर्दा हानि नोक्सानी हुने कुरा स्वतः स्पष्ट छ । विवेकपूर्ण ढङ्गले नसोचिने काम गर्दा विभिन्न समय र अवसरहरूमा जनताले ठूलो कष्ट र हानि बेहोर्नुपरेका घटनाहरू अनेकौं छन् । हाम्रा जनताको सम्बन्धमा पनि एउटा कमजोरी कस्तो देखिन्छ भने उनीहरू राम्ररी र गहन रूपमा, विवेकपूर्ण ढङ्गले सोच्ने गर्दैनन् । यस्तो कमजोरी सामान्यतः प्रगतिशील कार्यकर्ताहरूमा पनि पाइन्छ, जुन आन्दोलनको लागि एक अवाञ्छनीय कुरा हो । हाम्रो प्रगतिशील आन्दोलनको स्वस्थ विकास र सुदृढीकरणले कुन कुराको अपेक्षा गर्छ भने त्यसका पङ्क्तिहरूमा त्यस्ता कार्यकर्ताहरू र नेताहरूको सङ्ख्या बढून, जसले सशक्त, गहन तथा युक्तिसङ्गत ढङ्गले सोच्ने क्षमता राखेको होस् । यस्तो क्षमता उनीहरूले दर्शनको अध्ययनबाट प्राप्त गर्न सक्नेछन् । दर्शनको अध्ययनले मानिसलाई युक्तिसङ्गत ढङ्गले सोच्ने क्षमताको विकास गराउँछ । व्यक्तिको सैद्धान्तिक चिन्तनले दर्शनमा आफ्नो तरिका र सारतत्व भेट्टाउँछ भने दर्शनले सैद्धान्तिक चिन्तनलाई रूप र ढाँचा प्रदान गर्छ, व्यक्तिको चिन्तन-धारालाई निर्देशित गर्छ ।

युक्तिसङ्गत चिन्तनको लागि दार्शनिक दृष्टिकोण एक अत्यावश्यक र अपरिहार्य कुरा हो । सामान्यतः क्रान्तिकारी वर्गहरूको लागि र विशेषतः क्रान्तिकारी कार्यकर्ताहरूका लागि वैज्ञानिक विश्व-दृष्टिकोणको ठूलो आवश्यकता रहन्छ । यसको खास कारण के भने त्यस्तो दृष्टिकोणको अभावमा उनीहरूले संसारलाई ठीक ढङ्गबाट बुझ्न सक्नेछैनन्, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रहरूमा र सामाजिक जीवनमा घट्ने घटनाहरूको सारलाई बुझ्न सक्नेछैनन्, र सम्पूर्ण यथार्थताको परिप्रेक्ष्यमा तिनका महत्व र स्थानलाई ठम्याउन सक्नेछैनन्, र पछि घट्नसक्ने घटनाहरूको भविष्यवाणी गर्न त झनै सक्नेछैनन् । वैज्ञानिक दृष्टिकोणले मात्र उनीहरूलाई सही ढङ्गले सोच्ने, परिघटनाहरूलाई ठीक किसिमले हेर्ने र घटनाहरूलाई उचित ढङ्गले बुझ्ने क्षमता प्रदान गर्छ । यस्तो विश्व-दृष्टिकोण पहिलेभन्दा अहिले झन जरुरी हुन गएको छ, किनभने आजको हाम्रो यो वर्तमान संसार र आधुनिक जीवन पहिलेको भन्दा निकै जटिल बनेका छन् । हामीले कुन तथ्यलाई स्पष्टसित देखिरहेका छौं भने ऐतिहासिक प्रगतिसँगसँगै जीवन र समाजका बनौट, चरित्र तथा स्थितिहरू अधिकाधिक मात्रामा जटिलतर हुँदा छन् । आदिम साम्यवादभन्दा दास समाज, दास समाजभन्दा सामन्ती समाज, सामन्ती समाजभन्दा पुँजीवादी समाज र पुँजीवादी समाजभन्दा समाजवादी समाज झनझन बढी जटिल र विविधतायुक्त भएका छन् । जटिलताहरूको बीचबाट ठीक बाटो पहिल्याउनका लागि र सारा जटिलताहरूमा जीवनलाई बुझ्नका लागि वैज्ञानिक दृष्टिकोणको खाँचो पर्दछ । विविध रूपका, नयाँ तथा पुराना तत्वहरूको निकै जेलिएको मेल तथा द्वन्द्वहरू सहितको आधुनिक जीवनलाई बुझ्न र फेर्नका लागि एक सिँगो, सुसङ्गत र वैज्ञानिक दृष्टिकोण एउटा अपरिहार्य साधन रहन्छ । त्यस्तो दृष्टिकोणको मद्दतबाट नै जीवनलाई सारा जटिलता र विविधतामा बुझ्न सकिने हुन्छ र सो जीवनलाई फेर्ने सही बाटाहरूको निर्धारण गर्न सकिन्छ ।

वास्तवमा मानिसको जीवन र व्यावहारिक क्रियाकलापमा विश्व-दृष्टिकोणले साह्रै महत्वपूर्ण भूमिका खेल्दछ । गलत दृष्टिकोणले मानिसलाई प्राकृतिक तथा सामाजिक परिघटनाहरूलाई गलत ढङ्गबाट हेर्न र बुझ्न लगाउँदछ, जसले गर्दा ऊ सही बाटो समात्न असमर्थ रहन्छ । कम्युनिस्ट कार्यकर्ताको लागि सही दृष्टिकोणको अहम् महत्वलाई लेनिनले यसरी देखाउनुभयो : ".....सबै समयमा भन्दा अहिले समाजवादीको लागि सोचविचारका साथ तयार पारिएको एक सुसङ्गत विश्व-दृष्टिकोणको दरकार छ, जसले गर्दा घटनाहरूले उसलाई नियन्त्रणमा राख्ने नभएर उसले घटनाहरूलाई नियन्त्रणमा राख्न सकोस् ।" (५) र साँच्चैको वैज्ञानिक दृष्टिकोण हामी मार्क्सवादी दर्शनबाट मात्र प्राप्त गर्न सक्छौं ।

प्रत्येक दर्शन वर्ग-दर्शन रहने कुरा मार्क्सवादी दर्शनको सम्बन्धमा पनि लागू रहन्छ । मार्क्सवादी दर्शन पनि एउटा वर्ग-दर्शन हो, सर्वहारावर्गको दर्शन हो, तर त्यो, अन्य दर्शनहरू झैं, अल्पसङ्ख्यकहरूको, शोषकहरूको दर्शन नभएर बहुसङ्ख्यकहरूको, सर्वहाराहरूको दर्शन हो । त्यसलाई स्टालिनले "मार्क्सवादी-लेनिनवादी पार्टीको विश्व दृष्टिकोण" को रूपमा परिभाषित गर्नुभएको छ ।[६] त्यसको उत्पति ऐतिहासिक आवश्यकताको कारणबाट भएको थियो । विश्व-राजनीतिक रङ्गमङ्चमा एक स्वाधीन शक्तिको रूपमा देखा परेपछि सर्वहारावर्गको लागि एक साँच्चिकै वैज्ञानिक दर्शनको खाँचो पर्न गयो । त्यो एक प्रकारको ऐतिहासिक आवश्यकता थियो, जसको परिपूर्ति मार्क्सवादी दर्शन, अर्थात् द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादको दर्शनले गऱ्यो । एक पूरै वैज्ञानिक दर्शनको रूपमा त्यसले पुरानो, पुँजीवादी विश्वको विनाश र नयाँ, साम्यवादी विश्वको सिर्जनाको लागि, अर्थात् विश्वको आमूल रूपान्तरणका लागि जब्बर सैद्धान्तिक जग प्रदान गरेको छ । अर्को शब्दमा, विश्वको क्रान्तिकारी रूपान्तरण गर्ने ऐतिहासिक जिम्मेवारी बहन गरेका सर्वहारावर्गको प्रयासलाई उक्त दर्शनले सैद्धान्तिक न्यायोचितता, आधार र निर्देशन प्रदान गरेको छ । त्यसमा सर्वहारावर्गले संसारलाई ठीकसित बुझ्ने र त्यसलाई फेर्ने एक अचूक बौद्धिक अस्त्र भेट्टाएको छ ।

लेनिनले त्यसको महत्वलाई यसरी दर्शाउनुभयो : "मार्क्सको दर्शन एउटा यस्तो परिपूर्ण दार्शनिक भौतिकवाद हो, जसले मानवजातिलाई र खास रूपले मजदुरवर्गलाई ज्ञानका शक्तिशाली औजारहरू प्रदान गरेको छ ।"[७]

जो संसारलाई फेर्न चाहन्छन्, विद्यमान यथार्थतालाई फेरेर नयाँ यथार्थताको निर्माण गर्न चाहन्छन्, उनीहरूले संसारलाई बुझ्नुपर्छ, त्यसलाई फेर्ने तरिका जान्नुपर्छ । यही सामर्थ्य मार्क्सवादी दर्शनले उनीहरूलाई दिन्छ । सर्वहारावर्गको लागि दर्शनको कत्रो महत्व रहेको हुन्छ भने कुरालाई मार्क्सको तल उद्धृत भनाइबाट राम्ररी बुझ्न सकिन्छ । आफ्नो कानुनी सम्बन्धी हेगेलको दर्शनको आलोचनामा एक देन शीर्षकको लेखको प्रस्तावनामा मार्क्सले लेख्नुभयो :

"जसरी दर्शनले सर्वहारावर्गमा आफ्नो भौतिक हतियार भेट्टाउँछ, त्यसरी नै सर्वहारावर्गले दर्शनमा आफ्नो बौद्धिक हतियार भेट्टाउँछ ।"[८]

त्यो वर्ग, जसले एक सामाजिक व्यवस्थाबाट अर्को सामाजिक व्यवस्थामा संक्रमणको क्रान्तिकारी अभिभारा पूरा गर्नुमा नेतृत्वकारी भूमिका खेल्नुपर्ने हुन्छ, त्यसको लागि, अन्य कुराहरूका अतिरिक्त, एउटा छुट्टै सैद्धान्तिक हतियार पनि आवश्यकपर्छ । हतियारबिना त्यसले आफ्नो ऐतिहासिक दायित्वलाई सफलताका साथ पूरा गर्न सक्दैन । दर्शनले मात्र त्यसलाई जब्बर बौद्धिक अस्त्र प्रदान गर्न सक्छ । समाजको क्रान्तिकारी रूपान्तरण गर्नका लागि प्रतिगामी शक्तिहरूको विरुद्ध चलाउने कठिन सङ्घर्षमा कुनै पनि क्रान्तिकारी वर्गले खालि हातले काम चलाउन सक्दैन । त्यसको निम्ति मुख्य रूपले दुइटा कुरा आवश्यक छन् – भौतिक हतियार र बौद्धिक हतियार । अर्थात्, त्यसको लागि सङ्गठन र सिद्धान्त नभई नहुने साधन हुन् । त्यसैले त्यस्तो वर्गको निम्ति दर्शनको अहम् महत्व रहन्छ ।

मार्क्सको दर्शन सर्वहारावर्ग र त्यसका राजनीतिक तथा सैद्धान्तिक प्रतिनिधिहरूको हातमा एउटा प्रभावकारी र शक्तिशाली हतियार साबित भएको छ । द्वन्द्वात्मक भौतिकवाद भनिएको उक्त दर्शन सम्पुर्ण मार्क्सवादी सिद्धान्तको आधार रहेको छ । मार्क्सवादको दार्शनिक पक्षको महत्वलाई माओ त्सेतुङले निम्न रूपमा दर्शाउनुभयो :

"मार्क्सवाद ज्ञानका अनेक शाखाहरूबाट बनेको छ : मार्क्सवादी दर्शन, मार्क्सवादी अर्थशास्त्र र मार्क्सवादी समाजवाद अर्थात् वर्ग सङ्घर्षको सिद्धान्त, तर जगचाहिँ मार्क्सवादी दर्शन हो । यदि त्यसलाई मनन गरिँदैन भने हाम्रो एउटा साझा भाषा वा कुनै साझा तरिका हुनेछैन, हामी चीजहरूलाई स्पष्ट नपारिकन यताउताको कुरा उठाई तर्क मात्र गरिरहेका हुनेछौं । द्वन्द्वात्मक भौतिकवादलाई मनन गरिसकेपछि, थुप्रै दुःखकष्टबाट जोगिनेछ र धेरै गल्तीहरू हट् नेछन् ।"[९]

त्यसैले, मार्क्सवादी दर्शनबारे सही समझदारी प्राप्त गर्नु साह्रै आवश्यक छ । एकजना मार्क्सवादीको लागि त्यो एक अनिवार्य आवश्यकता रहन्छ । त्यस्तो समझदारीले उसलाई काममा निकै सहायता प्रदान गर्छ । उदाहरणार्थ, हाम्रो कम्युनिस्ट आन्दोलनभित्रको भ्रम, अन्योल, अविश्वासको वातावरण, बेमेल आदि जुन विद्यमान छन्, तिनको निराकरण त्यस स्थितिमा सजिलो र उपयुक्त किसिमबाट हुन सक्नेछ, जब नेपाली कम्युनिस्टहरूले मार्क्सवादी दर्शनका आधारभूत कुराहरूलाई ठीक ढङ्गबाट मनन गर्न सक्नेछन् । उक्त आन्दोलनभित्र लामो समयदेखिन् वादविवाद र छलफल चलेर आएको भए तापनि समस्याहरूबारे अस्पष्टता तथा भ्रमकै स्थिति रहिरहनुको पछिल्तिर एउटा प्रमुख कारण मार्क्सवादी दर्शन र मार्क्सवादी चिन्तन-प्रणालीसम्बन्धी आम समझदारीमा ठूलो कमी रहेको पाइन्छ । सच्चा द्वन्द्वात्मक-भौतिकवादी चिन्तन र द्वन्द्वात्मक तर्कको मद्दतबाट समस्याहरूबारे छलफल र तिनको विश्लेषण तथा व्याख्या हुन सकेमा त्यसबारे स्पष्टता हासिल गर्न र समाधानको उपयुक्त बाटो पत्तालाउन गाह्रो पर्नेछैन । सैद्धान्तिक धरातलमा उठेर हेर्न सकिएको खण्डमा सारा कुरा स्पष्ट देखिनेछ ।

वैज्ञानिक चिन्तनका लागि, उपयुक्त तरिकाबाट सोच्नका लागि एकाध शर्तहरूको दृढ रूपमा परिपालन हुनु निकै आवश्यक छ । त्यस्ता शर्तहरू उचित दार्शनिक चिन्तन-मननका अपरिहार्य कुरा हुन्, वैज्ञानिक चिन्तनका आधार भूत प्रारम्भिक प्रस्थापनाहरू हुन् । केही मुख्य शर्तहरू निम्न प्रकारका छन् :

१. जुन चीज जे जस्तो रूपमा छ, त्यसलाई त्यही रूपमा हेर्नु ।

उपरोक्त भनाइको तात्पर्य के हो भने हामीले यथार्थता जे जस्तो छ, त्यसलाई ठीक त्यही रूपमा, त्यसको वास्तविक रूपमा हेर्ने सक्नुपर्छ । यसको अर्थ के हो भने हामी एकदमै यथार्थवादी हुनुपर्छ, यथार्थता हाम्रो प्रस्थान-बिन्दु बन्नुपर्छ, यथार्थताबाट थालेर हामी अघिल्तिर बढ्नुपर्छ । तर हामी यस्ता थुप्रै तत्वहरू पाउँछौं, जसमा एउटा कस्तो प्रवृति रहेको छ भने उनीहरू आफ्नो भावना तथा इच्छाको आधारबाट चीज तथा घटनाहरूलाई हेर्न मनपराउँछन्, यथार्थताको आधारबाट सोच्ने र अघि बढ्ने गर्दैनन् र आफूलाई मन नलागेको कुरा भएपछि मानो त्यसको अस्तित्व नै नभएको ठानेर हिंड्ने गर्छन् । वास्तवमा उनीहरूमा यथार्थतालाई सीधा भएर हेर्ने र त्यसको सामना गर्ने साहस रहेको हुँदैन । कसै कसैमा त्यस्तो अयथार्थतावादी प्रवृत्तिको कतिसम्म कुप्रभाव परेको देखिएको छ भने तिनीहरू आफूलाई मननपर्ने यथार्थतासामु आँखा बन्द गर्नमा र त्यसको मुखमा थप्पड दिनमा गर्व (मूर्खतापूर्ण गर्व) गर्छन् । तर, स्पष्ट छ, कसैले हेर्न नचाहँदैमा वा कसैलाई मन नपर्दैमा यथार्थता बिलाएर जाँदैन, बरु यथार्थता कसैको पनि इच्छा वा भावनाबाट बिलकूल स्वतन्त्र रूपमा यथार्थता नै रहन्छ र त्यसले आफूलाई स्थापित गर्न छाड्दैन । आखिर उपरोक्त खालका मानिसहरू यथार्थताको भित्तामा टाउको ठोक्न पुग्छन् र नराम्रोसित पराजित हुन्छन् । यस्ता मानिसहरूले कहिले पनि सही बाटो अपनाउन सक्दैनन् ।

यथार्थवादी ढङ्गले सोच्नु विवेकयुक्त चिन्तनको लागि एउटा आधारभूत आवश्यकता हो । यथार्थतालाई यथार्थ रूपमा, ठोस रूपमा र बढी पूर्ण रूपमा बुझ्नु आवश्यक छ । त्यस्तै, त्यसलाई स्पष्टसित व्यक्त गर्न पनि सक्नुपर्छ । त्यसको लागि साहस चाहिने हुन्छ, कहिलेकाहिँ त ठूलो आँट र साहसको दरकारपर्छ । हाम्रो व्यवहार र क्रियाकलापले तब सफलता हासिल गर्न सम्भव छ, जब त्यसले यथार्थता जे जस्तो छ, त्यसलाई त्यही रूपमा बुझेर आफ्नो प्रस्थान-बिन्दु बनाएको हुन्छ र जब त्यो यथार्थताको विकाससित मिल्दो हुन्छ । तसर्थ, यथार्थता जे जस्तो छ, त्यसलाई बिनाभावुकता वा बिनापूर्वाग्रह वा इच्छा र चाहनाको रङ्गले नरङ्गाईकन ठीक त्यही रूपमा लिनु – त्यो वैज्ञानिक समझदारी प्राप्त गर्ने सम्बन्धमा पालन गर्नुपर्ने पहिलो आधारभूत सिद्धान्त हो ।

२. सत्यप्रति प्यार र निःशर्त निष्ठा ।

दार्शनिक चिन्तनको अर्को महत्वपूर्ण सिद्धान्त हो सत्यप्रति प्यार तथा निष्ठा । असत्यमाथि सत्यको विजय अवश्य हुन्छ भनेर जब भनिन्छ, तब त्यसमा कुन कुरा पनि निहित रहेको हुन्छ भने प्रत्येक समझदार तथा इमानदार मान्छेले, प्रत्येक प्रगतिप्रेमी व्यक्तिले सत्यको पक्ष लिनुपर्छ, सत्यप्रति असीम प्रेम र सम्मान गर्नुपर्छ । सत्य भनेको वस्तुगत यथार्थता हो र, त्यसैले, त्यो मानिसहरूको इच्छा, भावना र धारणाहरूबाट स्वतन्त्र रहेको हुन्छ । हामीले त्यसलाई सकारौं वा नसकारौं, त्यसको अस्तित्व रहन्छ, जतिसुकै झुट र जालझेलले पनि त्यसलाई फेर्न वा मेटाउन सक्दैन । चाहे कसैले त्यसलाई नदेखेको झै गरोस्, तर पनि सत्य सत्य नै रहन्छ र आखिर त्यसले विजयपूर्वक आफूलाई स्थापित गरिछाड्छ ।

तसर्थ, सत्य एउटा अदम्य, महान शक्ति हो, र सत्यप्रति सम्मान र निष्ठा एउटा ठूलो कुरा हो । एक महान रुसी विचारक अलेक्जेण्डर हर्जनले भनेका छन् : ".....सत्यप्रतिको सम्मान ज्ञानको शुरुआत हो ।" (१०) वास्तवमा, सत्यको सम्मान गर्न नजान्ने वा नसक्नेले सच्चा ज्ञान हासिल गर्न वा कुनै जनोपयोगी काम गर्न सक्दैन । त्यस्ता चिन्तक, लेखक वा राजनीतिक कार्यकर्ताबाट के कुनै ठूलो कुराको आशा गर्न सकिएला, जसले सत्यको सम्मान गर्न जानेको हुँदैन, बरु जसले आफ्नो संकीर्ण स्वार्थवश, वा आफ्नो "इज्जत" वा "शान" जोगाउनका लागि झुटहरूको जाल बुन्ने गर्छ, जसले अनेकौं झुटहरूको पर्खाल उभ्याएर सत्यलाई त्यसभित्र कैद गर्न खोज्छ ? त्यस्ताहरूबाट कुनै राम्रो कुराको आशा गर्नु व्यर्थ छ । जो व्यक्तिहरू झुटको आधारमा उभिएका हुन्छन्, जसले झुटलाई आफ्नो साधन बनाएका हुन्छन्, तिनीहरूको निम्ति सत्य, सिद्धान्त, जन-मुक्ति, क्रान्तिकारी परिवर्तन, आदिको अर्थ र मूल्य नै के रहन्छ र ?

तर, व्यावहारिक जीवनमा हामी कस्तो स्थिति पाउँछौं भने झुट र जालसाजीले मानिसहरूलाई छिटो प्रभाव पार्ने गर्छ । सत्यलाई ठाडो भएर हेर्न डराउने, फट्याइँ, स्वप्निल कल्पनामा वा भावुकतामा रमाउने प्रवृत्ति विभिन्न क्षेत्रहरूमा पाइन्छ । हाम्रो कम्युनिस्ट फाँटमा पनि यस्तो प्रवृत्ति व्यापक रूपमा पाइन्छ । यस्तो प्रवृत्ति कुनै पनि रूपबाट मुलुक, जनता र क्रान्तिको लागि हितकर तथा अनुकूल नरहेको तथ्य बिलकूल स्पष्ट छ । तर छली, धूर्त र आडम्बरी हुने भएकोले त्यस्तो प्रवृत्तिले अबूझ, सोझा वा स्वार्थान्ध व्यक्तिहरूमा खुब छिटो आफ्नो भ्रष्ट प्रभाव पार्दछ । अर्कोतिर सत्य अक्सर तीतो हुन्छ र त्यसैले मानिसहरू त्यसलाई तुरुन्त सकार्ने गर्दैनन् । तर झुटहरूको बीचबाट सत्य त्यसरी नै उदाउँछ, जसरी खरानीको थुप्रोबाट अजम्बरी चरा निस्कन्छ । सत्य विस्तार-विस्तार हुर्कन्छ, बढ्छ, फैलिन्छ, शक्तिशाली बन्छ, र अन्त्यमा गएर गौरवशाली विजयहरूबाट सुशोभित हुन्छ ।

सत्यलाई प्राप्त गर्न कठिन प्रयत्को खाँचोपर्छ । महान रुसी विचारक एन.जी. चर्निशेब्स्कीले यसबारे भनेका छन् : "सत्य सित्तैमा पाइँदैन । अहँ, पाइँदैन । सत्य त कठोर दुखकष्ट, लामो र कष्टपूर्ण प्रयत्नको प्रतिफल हो ।"[११]

सत्य तीतो हुन्छ, कठोर हुन्छ, तर त्यो नै यथार्थ हुन्छ र, तसर्थ, त्यो नै हाम्रो समर्थनयोग्य कुरा रहन्छ । श्रमजीवी जनगणका लागि, मुक्ति, स्वतन्त्रता तथा प्रगतिको लागि, भविष्यको लागि सत्य मात्र सन्दर, गुणी र लाभदायी रहन्छ, सत्यले मात्र अनुकूल प्रभाव पार्दछ । त्यसैले, सत्यप्रति प्यार र सम्मान गर्नु, त्यसप्रति दृढ रूपले निष्ठानवान रहनु, सत्यको पक्षमा सङ्घर्षरत रहनु – यी साह्रै महत्वपूर्ण कुरा हुन् । सत्यको पक्षमा लगाइएको प्रयत्न कहिल्यै खेर जाँदैन ।

सत्यको पक्षमा दह्रोसित उभिएर त्यसको लागि निडर रूपमा लड्नु – त्यो प्रत्येक वैज्ञानिक, कलाकार वा क्रान्तिकारी कार्यकर्ताको लागि नभई नहुने गुण हो । सच्चा मार्क्सवादीको लागि त त्यो झन बढी अपरिहार्य गुण हो ।

३. "तथ्यहरूबाट सत्य पत्ता लाउनु ।"

वैज्ञानिक चिन्तनको अर्को महत्वपूर्ण सिद्धान्त हो – वास्तविक तथ्यहरूको आधारमा सत्यमा पुग्ने बाटोको अनुसरण गर्नु । यसलाई माओ त्सेतुङले "तथ्यहरूबाट सत्य पत्तालाउने" (Seeking truth from facts) प्रस्थापनाको रूपमा राख्नुभयो । इच्छा वा भावनालाई होइन, बरु यथार्थ तथ्यहरूलाई आधार बनाएर वास्तविक सत्य के हो त्यसलाई पत्तालगाउनेतर्फ अघि बढ्नुपर्ने खाँचोमा मार्क्सवादले निकै बल दिने गरेको छ । वास्तवमा, तथ्यहरूमा आधारित नभएका तर्क वा बहसहरू निरर्थक रहन्छन् ।

तथ्यहरूबाट सत्य पत्तालाउने बाटोले आफ्ना समर्थकहरूबाट दुइटा कुराको अपेक्षा गर्छ । पहिलो हो – तथ्यहरूको अनुसन्धान तथा अवलोकन गर्नु । यो एक किसिमले गाह्रो काम हो, किनभने यसमा निकै समय र प्रयत्न खर्चनु पर्ने हुन्छ । तर सत्यमा पुग्नका लागि यो काम गर्नु अति आवश्यक छ । यसको महत्व कति छ भन्ने कुरा माओ त्यसेतुङ्गको यस भनाइबाट थाहा हुन्छ : "जसले अनुसन्धान गर्दैन, उसको बोल्ने अधिकार रहँदैन ।" । ९ल्य ष्लखभकतष्नबतष्यल, लय चष्नजत तय कउभबप० । दोस्रो कुरा हो – तथ्यहरूको ठीक ढङ्गबाट विश्लेषण गरेर सही निष्कर्षहरू निकाल्नु । यो पनि कम गाह्रो काम होइन । तथ्यहरू आवश्यक छन्, तर ती नै सबथोक होइनन् । तथ्यहरूलाई सही वा गलत जस्तोसुकै निष्कर्ष निकाल्नका लागि प्रयोग गर्न सकिन्छ र त्यस रूपमा तिनको प्रयोग गरिँदै आएको छ । तथ्यहरूमा कुन महत्वका हुन्, कुन अमहत्वका हुन्, कुन प्राथमिक हुन्, कुन गौण हुन् त्यसलाई छुट्याउनु, तिनको सही किसिमले विश्लेषण गर्नु र त्यसबाट सही निष्कर्षहरू निकाल्नु –सत्यमा पुग्नका लागि अपनाउनुपर्ने बाटो यो हो ।

अन्तमा कुन कुरामा जोड दिनुपर्छ भने खास रूपले वर्ग-सचेत मजदुरहरूको निम्ति र कम्युनिस्ट कार्यकर्ताहरूको निम्ति दर्शनको अध्ययन गर्नु एकदमै जरुरी छ । यसको मुख्य कारण के हो भने दर्शनको अध्ययन नगरिकन उनीहरूले आफ्नो सोचाइलाई सुदृढ र सबल बनाउन सक्नेछैनन् र उनीहरूले सुसङ्गत, सन्तुलित र व्यवस्थित ढङ्गबाट सोच्न सक्नेछैनन् । तर आफूले अध्ययन गर्ने दर्शन अस्वस्थ तथा टपर्टुइँया होइन, स्वस्थ र वैज्ञानिक हुनुपर्छ । यस्तो दर्शन वास्तवमा मार्क्सवादी दर्शन नै हो । मार्क्स, एन्जेल्स, लेनिन, स्टालिन र माओ त्सेतुङ्गलाई ठीक ढङ्गले पढेर जो कोहीले सही तथा वैज्ञानिक विश्व-दृष्टिकोण हासिल गर्न सक्नेछ ।

सन्दर्भ-सामग्री

१. मार्क्स र एन्जेल्स, संकलित रचनाहरू, अङ्ग्रेजी संस्करण, भाग १, पृष्ठ ६ बाट उद्धृत ।

२. मार्क्स र एन्जेल्स, धर्मको सम्बन्धमा, अङ्ग्रेजी संस्करण, पृष्ठ ३०-३१ ।

३. ऐ.ऐ.

४. पश्चिम जगतका महान कृतिहरू, इन्साइक्लोपेडिया ब्रिटानिकाद्वारा प्रकाशित, पृष्ठ ६ बाट उद्धृत ।

५. लेनिन, संकलित रचनाहरू, अङ्ग्रेजी संस्करण, भाग ८, पृष्ठ ३१६ ।

६. स्टालिन, द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद ।

७. लेनिन, संकलित रचनाहरू, भाग १९, पृष्ठ २५ ।

८. मार्क्स र एन्जेल्स, संकलित रचनाहरू, भाग ३, पृष्ठ १८७ ।

९. माओ त्सेतुङ्ग, चुनिएका रचनाहरू, अङ्ग्रेजी संस्करण, भाग ५, पृष्ठ १६० ।

१०. ए. हर्जन, चुनिएका दार्शनिक रचनाहरू, अङ्ग्रेजी संस्करण, पृष्ठ ७४ ।

११. चर्निशेब्स्की, चुनिएको दार्शनिक निबन्धहरू, अङ्ग्रेजी संस्करण पृष्ठ ४६३ ।

क्रान्तिकारी होटल तथा रेस्टुराँ मजदुर संघको बैठक सम्पन्न

काठमाडौं । अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको घटक संगठन अखिल नेपाल क्रान्तिकारी होटल तथा रेस्टुराँ मजदुर संघको केन्द्रीय समितिको विस्तारित बैठक २३ साउनमा सम्पन्न भएको छ । महासंघका केन्द्रीय अध्यक्ष ईश्वर तिमल्सिनाको प्रमुख आतिथ्य तथा महासंघका केन्द्रीय सचिवालय सदस्य एवं होटल संगठनका पूर्व केन्द्रीय संयोजक बद्री चापागाई, अ.ने.क्रा.प.म.सं देबी गौलीको विशेष उपस्थितिमा सम्पन्न भएको हो । बैठक अध्यक्षता अर्जुन लाल श्रेष्ठल गरेका थिए । बैठकले संगठनलाई व्यापक बनाउने, होटल तथा रेष्टुराँहरूमा संगठन विस्तारलाई व्यापक बनाउने लगायतका महत्वपूर्ण निर्णय गरेको बताइएको छ ।

कास्की...

थियो । गुरुङ सम्बद्ध संगठन तथा पार्टीले पोखराको पद्मनरसिंह हस्पिटल प्रा.लि.मा स्वेच्छिक रूपमा आर्थिक सहयोग माग्न जाँदा प्रहरीलाई खबर गरी झुठो आरोप लगाई गुरुङलाई पक्राउ गराएको जनाएको छ । र, पक्राउ परेलगत्तै संगनका केन्द्रीय अध्यक्ष अमीर महर्जनले वक्तव्य निकाली अविलम्ब रिहाईका लागि माग समेत गरेका थिए । तर प्रहरीले भने हस्पिटल प्रशासनको दबाबमा जबर्जस्त चन्दा असुलीको अभियोगमा अदालती केस दर्ता गऱ्यो र कास्की अदालतका न्यायाधिश काजीबहादुर राईको एकल इजालसले साउन ७ मा २ लाख धरौटी तोकी दियो । क्रान्तिकारी युवा लिगका नेता गुरुङले २ लाख धरौटी बुझाउन नसकेपछि उनलाई जेल चलान गरिएको छ । अदालतको उक्त फैसालालाई पूर्वाग्रहपूर्ण फैसला भएको भन्दै अधिवक्ता लिला वल्लभ न्यौपानेले उच्च अदालतमा पुनरावेदन दर्ता गराएका छन् ।

अधिवक्ता न्यौपानेका अनुसार अहिले सबै राजनीतिक पार्टीहरू आर्थिक सहयोगकै आधारमा चलिरहेको र व्यापारी तथा व्यवसायीहरूले पनि आर्थिक सहयोग गरिरहेको अवस्थामा संगठनको घोषित कार्यक्रमका लागि चिठी, रसिदसहित आर्थिक सहयोग माग्न गएको व्यक्तिलाई जबर्जस्त चन्दा असुलीको आरोपमा पक्राउ गर्नु र १५ सय सहयोग लिएको अभियोगमा २ लाख धरौटी तोकिनु न्यायोचित नभएको बताए ।

पक्राउ गरेपछि प्रहरी निरीक्षक विजय भण्डारीले १५ हजार ५ सय ५० विगो दावी सहित महल चन्दा ऐन २०३० को दफा ३, ५ र ६ कसुर ऐन दफा १३ अनुसार जाहेरी दर्ता गराएका थिए ।

साम्राज्यवादी सूचना भूमण्डलीकरण र क्रान्तिकारी पत्रकारहरूको दायित्व

आजको युगलाई विज्ञान तथा सूचना प्रविधिको युग भनिन्छ । सूचना प्रविधिको अभूतपूर्व विकास र त्यसमा पुँजीवादी तथा साम्राज्यवादीहरूको एकाधिकार रहेका कारण आज विश्व साम्राज्यवादी सूचना भूमण्डलीकरणको साङ्गलोमा बाँधिन पुगेको छ । आज अनलाइन मिडियाको अपूर्व विकासले त सिंगो विश्वका सूचना एउटै चिप्स, मोवाइल वा कम्युटरमा एक क्लिक गरेका भरमा थाहा पाउने वा प्रवाह गर्न सक्ने अवस्था सिर्जना हुन पुगेको छ । विश्वका अरबौं मानिसहरूमा साम्राज्यवादीहरूले आफ्नो स्वार्थ र अभिष्ट अनुसारको सूचना फैलाउने र अरबौं मानिसहरूलाई भ्रमित तुल्याएर प्राकृतिक तथा मानवीय स्रोतसाधनमाथि एकछत्र दोहन गर्दै आएका छन् ।

फ्रान्सको प्रसिद्ध अखबार ले मोण्ड डिप्लोमेटिकका सम्पादक तथा पेरिस विश्वविद्यालयका संचार विषयका प्राध्यापक इग्नासियो रेमोनका अनुसार आर्थिक शक्तिहरूको भूमण्डलीकरणले गर्दा बहुराष्ट्रिय व्यापारिक कम्पनीहरू सरकारहरूभन्दा शक्तिशाली भएका छन् र उनीहरूले मिडियामाथि पनि प्रभुत्व जमाएका छन् । उनी भन्छन्, "चौथो शक्तिले जनताको हितको रक्षा गर्नुको सट्टा नाफा कमाउनको लागि उनीहरूको शोषण र दमन गरिरहेको छ ।"

"आधुनिक समाजमा बन्दुकको उपयोग गरेर मानिसलाई अधिनमा पार्नु साह्रै निन्दनीय र लुकाउन नमिल्ने भएको हुँदा दिमागलाई दास बनाउन आजभोलि मिडियाको उपयोग गरिन्छ ।" फिलिपिन्समा कार्यरत महिला सूचना नेटवर्क आईएसआईएसका कार्यकारी निर्देशक सुसाना जर्ज भन्छिन् ।

ग्लोबल मिडिया– द न्यु मिसनरिज आफ ग्लोबल क्यापिटलिजम पुस्तकमा लेखकद्वय एडवार्ड हर्मन र रोबर्ट डब्लु. म्याकचेस्नी लेख्छन्, "उहिले युरोपका उपनिवेशवादी देशहरूलाई संसारमा उपनिवेश फैलाउन इसाई धर्मले सघाए झैं अहिले ग्लोबल मिडियाले ग्लोबल पुँजीवादलाई सघाइरहेको छ ।"

"हाम्रो प्रेस पुँजीपतिहरूको अधिकारमा छ । अतः स्वभावतः त्यसको सबै चेष्टा धन, पुँजी तथा अधिकारको विरुद्ध कुनै खतराका पैदा हुन नदिनको लागि हुन्छ । पुँजीपति अखबार मालिक आफ्नो नाफाको लागि तथा विज्ञापनबाट हुने आम्दानीको लागि यो आवश्यक ठान्छन् कि राष्ट्रलाइ केही सोच्ने, आवश्य विचार गर्ने मौकै नदिइयोस् । विशेष गरी आर्थिक तथा राजनीतिक ढंगमा परिवर्तन गर्ने भावना र विचार जन्मने मौकै नआओस् । फलस्वरूप उनीहरूको पत्रपत्रिका आमजनताको विचारधारालाई बेकारका मामुली कुराहरूतिर अल्झाइ राख्न आफ्नो पूरा शक्ति लगाउँछन् । पाठकहरूको लागि तुच्छ तर रमाइलो कुरा छापेर उनीहरूको मन गम्भीर विषयवस्तुबाट हटाउनु उनीहरूको एकमात्र उद्देश्य हुन्छ । सट्टाबाजी, जुवा, घोडदौड तथा खेलकूदहरूको वर्णन छापेर यस्तो उत्सुकता र उत्तेजना पैदा गरिन्छ कि जनताको मन त्यतैतिर लागिरहोस् । मर्ने र बाँच्ने समस्यातिर, शोषण र उत्पीडनको प्रश्नतिर, सकेसम्म कुनै संकेत पनि नहोस् ।" – हेमिल्टन फाइफ, 'प्रेस परेड' बाट

"अहिले ठूला मिडिया मालिक वा कम्पनीहरू विभिन्न उद्योग र व्यवसायका उत्पादन र सेवा बिकाउने विज्ञापनको भरमा चल्छन् । फलस्वरूप मिडिया कम्पनीहरूले विज्ञापनदाता व्यवसायीहरूलाई सँधै खुशी पार्नुपर्ने हुन्छ । नत्र मिडिया कम्पनीले नाफा कमाउनसक्तैन । तिनीहरूको पहिलो उत्तरदायित्व पाठक, दर्शक वा श्रोताप्रति नभई मिडियामा लगानी गर्नेहरू, शेयरहोल्डरहरूप्रति र विज्ञापनदाताहरूप्रति हुन्छ । यो स्थितिमा सार्वजनिक विषयका बहसमा जनसहभागिता तथा लोकतन्त्रको प्रभावकारिता खतरामा पर्नु स्वाभाविक छ ।" एडवार्ड हर्मन र रबर्ट म्याकचेन्सी लेख्छन् ।

उनीहरूको तर्क छ : हाल विकसित भएको ग्लोबल मिडिया प्रणाली कुनै षड्यन्त्र वा कसैको योजना वा नियतले भएको होइन । यो त १९८० र १९९० को दशकमा आएको स्वतन्त्र बजारको संचार नीतिको परिणाम हो । ग्लोबल मिडिया नाफामुखी तथा विज्ञापनमा आधारित व्यवसाय तथा कार्यक्रमहरू मार्फत् बजार अर्थतन्त्रका राम्रा गुणहरूलाई बढाउने हाम्रो युगको अग्रदूत वा मिसनरी बनेको छ भन्ने उनीहरूको भनाइ छ । अखबार, रेडियो र टेलिभिजनजस्ता परम्परागत मिडियामात्रै होइन ग्लोबल मिडियालाई प्रजातन्त्रीकरण गर्न सघाउने भनी चिनिएको इन्टरनेट पनि ठूला व्यापारिक कम्पनीको एकाधिकारमा पर्ने खतरा बढिरहेको छ । यसमा केबुल टेलिभिजन संचालकहरू र दूरसंचार कम्पनीहरू पनि लागिपरेका छन् । सर्वसुलभ र सर्वव्यापी वेब/इन्टरनेट व्यापारीहरूको चंगुलमा परेर आमजनताको पहुँचबाहिर जानसक्छ । डिजिटल प्रविधिकै सहायताले वेबसाइटको दुनियाभित्र अर्को सम्पन्न र शिक्षितहरूको वेबको बेग्लै दुनिया बन्ने र सर्वसाधारण मानिसहरू पाखा पर्ने खतराबारे संचार विशेषज्ञ एडवार्ड हर्मन र रबर्ट म्याकचेन्सीले सतर्क पारेका छन् ।

सञ्चारविज्ञहरूका उल्लेखित भनाइबाट पनि के कुरा प्रष्ट हुन्छ भने पुँजीवाद तथा साम्राज्यवादले मिडियालाई व्यापार र नाफाको अस्त्र मात्र बनाएको छैन, अरबौं जनतामाथि उसले गरेको शोषण, दमन र उत्पीडनलाई ढाकछोप गर्ने काममा पनि मिडियालाई प्रयोग गर्दै आएको छ । 'व्यवसायिकता' र 'स्वतन्त्रता'को आवरणमा ती मिडियाहरूले साम्राज्यवादी मिसनलाई पूरा गरिरहेका छन् ।

यसर्थ, साम्राज्यवादीहरूको यस्तो सूचना आतंक तथा विभ्रमका विरुद्धमा जनपक्षीय तथा क्रान्तिकारी पत्रकारहरूले राष्ट्रिय तथा अन्तर राष्ट्रिय स्तरमा वैकल्पिक तथा जनपक्षीय मिडिया र पत्रकारिताको विषयमा सघन विमर्श चलाउँदै वैकल्पिक तथा जनपक्षीय मिडियाको थालनी, संरक्षण र संबर्द्धन गर्न जरुरी देखिएको छ । क्रान्तिकारी तथा जनपक्षीय पत्रकारहरूले अब राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नै जनपक्षीय तथा क्रान्तिकारी मिडियाहरूको नेटवर्क निर्माण गर्नुपर्ने देखिएको छ । यो जनताको सत्ता निर्माणको प्रश्नसित जोडिएको हुनाले यसलाई त्यसैदिशातर्फ लक्षित गरेर अगाडि बढाउन जरुरी छ ।

राष्ट्रिय मिडियाको चरित्र

नेपालको आमसञ्चारमा बहुराष्ट्रिय कम्पनी र व्यापारिक स्वार्थ बलियो बन्दै गएको छ । भूमण्डलीय संचार प्रवृत्तिको प्रभाव नेपालमा पनि परिसकेको छ । २०४६ सालको परिवर्तनपछि जनतालाई सुसूचित र शिक्षित गर्ने भनी आएको उदार संचार नीतिको लाभ जनताले कम, लगानीकर्ताहरूले बढी लिइरहेका छन् । वि.सं. १९५८ मा नेपालमा पहिलो समाचारपत्र गोरखापत्रले अहिलेसम्म पनि सत्ताधारीकै गुणगान गर्न छाडेको छैन । सरकारी टेलिभिजन, रेडियोले पनि सत्ताधारीकै स्वार्थ रक्षा गर्दै आएको छ । ०४६ सालको परिवर्तनयता सुरु भएका निजी लगानीका मिडियाहरूले पनि सत्ता र शक्तिकै वरिपरि गोलचक्कर मार्दै आएका छन् र कर्पोरेट हाउसका मुखपत्र जस्ता भएका छन् । मूलधारका भनिएका मिडियाहरूले सीमान्तकृत तथा सामाजिक विभेदमा पारिएका आवाजविहीनहरूको आवाजलाई साँचो अर्थमा मुखरित गरेन र अहिले पनि गरेको छैन ।

मूलधारका भनिएका नेपालका ब्रोडसिट दैनिक, टेलिभिजन, रेडियो तथा अनलाइनका कन्टेन्ट र तिनीहरूमा प्रकासित तथा प्रसारित सामग्रीहरू हेर्ने हो भने तिनीहरू सत्ता र शक्तिको अनि कर्पोरेट हाउसहरूकै वरिपरि गोलचक्कर मारिरहेका छन् । उनीहरूले पुँजीवादी, साम्राज्यवादीहरूको स्वार्थ र अभिष्ट अनुसार काम गरेको पनि प्रष्टसित देखिन्छ । यी मिडियाहरूले राष्ट्रियता, जनतन्त्र र जनजीविका तथा सामाजिक न्यायसँग सम्बन्धित ज्वलन्त सवालहरूलाई स्थान दिने गरेका छैनन् । कतिपय आपसी स्वार्थ नमिल्दा सत्ताको विरोध गरेजस्तो गरेपनि राज्यव्यवस्थाकै विकल्प तथा श्रमजीवी शोषित, उत्पीडित वर्ग र समुदायको हक, हित र अधिकारको पक्षमा यी मिडियाहरूले आवाज उठाएका छैनन, उठाउँदैनन् । पुँजीवादी, साम्राज्यवादीहरूको स्वार्थनुसार बहुराष्ट्रिय निगमहरूको उत्पादनको प्रचार गर्ने, उसको बजारको विस्तार गर्ने र उपभोक्तावादी संस्कृतिको विकास गर्ने काम गरिरहेका छन् । जसको नकारात्मक प्रभाव दुरदराजको ग्रामीण वस्तीसम्म पुगेको छ । अहिले साम्राज्यवादी तथा छाडा पुँजीवादी संस्कृतिले युवा पंक्तिलाई नराम्ररी गाँज्न पुगेको छ ।

हामीले मिडियाको वर्गचरित्र र पक्षधरताबारे छलफल चलाउँदै आएका छौं । वर्गीय समाजमा वर्गपक्षधरता हुनु र देखिनु स्वाभाविक नै हो । तर यहाँका मिडियाहरूले स्वतन्त्र र व्यवसायिकताको ढोङ रच्ने र त्यसको आवरणमा मिसन पत्रकारिता गर्ने गरेका छन् । मिडियाका कन्टेन्टहरू पुँजी र तागतले निर्धारण गर्दै आएको छ । मिडियामा अपारदर्शी र वैदेशिक लगानी भित्रिरहेकै छन् । मिडिया हाउसभित्र बसेर राष्ट्रिय स्वाधीनता, जनताको अधिकार र जनजीविकाका सवालहरू उठाउने पत्रकारहरूले दिनदिनै त्यस्ता मिडिया हाउसबाट बाहिरिनु परिरहेकै छ ।

पछिल्लो समय न्यू मिडियाको रूपमा अनलाइन, यूट्युब, सामाजिक सञ्जालले सञ्चारको क्षेत्रमा एउटा क्रान्ति नै ल्याएको छ ।

इन्द्र राउत

साम्राज्यवादी तथा पुँजीवादी मिडियाहरूको सूचना विभ्रम तोड्नका निमित्त सूचना प्रविधिलाई जनपक्षीय मिडिया, पत्रकार तथा राजनीतिक पार्टीहरूले सिर्जनात्मक प्रयोगमा योजनाबद्ध पहल बढाउनु पर्ने र त्यसको प्रयोगमा श्रेष्ठता हासिल गर्नुपर्ने देखिन्छ

प्रेस काउन्सील स्रोतका अनुसार ७ हजार छापा पत्रिका दर्ता भएपनि अहिले नियमित प्रकाशित हुनेमा दैनिक, साप्ताहिक, मासिक गरी ९२४ छन् । १६७० वटा अनलाइन प्रेस काउन्सीलमा सूचिकृत छन् । ८०० वटा रेडियो र १२५ वटा टेलिभिजन दर्ता छन् । नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार ०७५ फाल्गुनसम्मको तथ्यांक अनुसार जम्मा नेपाली जनसंख्याको ५९.९८ प्रतिशत अर्थात् १ करोड ७५ लाख ६९ हजार ४ सय २४ जनाले इन्टरनेट सेवा लिइरहेका छन् । मोवाइल तथा फोन १३७ प्रतिशत अर्थात् ४ करोड ४ लाख ५७ हजार ४ सय ३१ वटा प्रयोग भएको देखिन्छ । यसरी इमेल, इन्टरनेट, छापा, अनलाइन, टेलिभिजन, रेडियोको बाक्लो उपस्थितिले जनतामा सूचनाको पहुँच बढाए पनि जनताको अधिकार, सामाजिक न्याय तथा जनताको जीवन बदल्ने खालका समाचारहरूले भने मूलधारका मिडियामा स्थान पाउन सकेका छैनन् । बरु कतिपय सवालमा जनतामा योजनाबद्ध विभ्रम पैदा गराउने र साम्राज्यवादी/विस्तारवादी तथा पुँजीवादी हितरक्षाका कार्यहरू भइरहेको देखिन्छ ।

यसरी हेर्दा के देखिन्छ भने साम्राज्यवादी तथा पुँजीवादी मिडियाहरूको सूचना विभ्रम तोड्नका निमित्त सूचना प्रविधिलाई जनपक्षीय मिडिया, पत्रकार तथा राजनीतिक पार्टीहरूले सिर्जनात्मक प्रयोगमा योजनाबद्ध पहल बढाउनु पर्ने र त्यसको प्रयोगमा श्रेष्ठता हासिल गर्नुपर्ने देखिन्छ ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि सरकारी अंकुश र पत्रकारमाथि बढ्दो असुरक्षा

जनतामा सूचनाको पहुँच बढ्दै गएको पृष्ठभूमिमा वर्तमान ओली सरकारले मिडियालाई कडा अंकुश लगाउने गरी आधा दर्जन जति कानुनहरू ल्याएको छ । पछिल्लो पटक ल्याएको मिडिया काउन्सील विधेयकको चौतर्फी रूपमा विरोध भइरहेको छ । यसअघि ल्याएको फौजदारी तथा देवानी संहिता, साइबर कानुन, गोपनियताको हकसम्बन्धी कानुनले पनि संविधान प्रदत्त स्वतन्त्र प्रेसलाई अंकुश लगाएको छ भने मिडिया काउन्सील विधेयक, सूचना तथा प्रविधि ऐन, विज्ञापन ऐन र आमसञ्चार विधेयकले प्रेस तथा विचार अभिव्यक्ति स्वतन्त्रतालाई समाप्त पार्ने र प्रेस तथा मिडिया जगतलाई सत्ताको दास र भाटमा परिणत गराउने देखिएकोले यसको चौतर्फी रूपमा खारेजीको मागसहित विरोध भइरहेको छ । बैशाख २०, २०७६ सम्मको तथ्यांक अनुसार सरकारले साइबर अपराधमा ७६ जना र गाली बेइज्जतीमा ९६ जनाले मुद्दा खेपीरहेका छन् । साइबर अपराधमा अधिकांश पत्रकारहरूलाई मुद्दा लगाइएको छ । नेपाल पत्रकार महासंघले सार्वजनिक गरेको अध्ययन प्रतिवेदन अनुसार पछिल्लो १ वर्षमा ६० वटा प्रेस स्वतन्त्रता उल्लंघनका घटनाहरू भएका छन् । ति घटनाहरूबाट ८२ जना पत्रकारहरू प्रत्यक्ष रूपमा पीडित बनेका छन् । त्यस्तै मिडिया फोरमले विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा सार्वजनिक गरेको प्रतिवेदन अनुसार पछिल्लो एक वर्षमा १०४ वटा प्रेस स्वतन्त्रता उल्लंघनका घटनाहरू घटे, जहाँ १५८ जना पत्रकारहरू प्रत्यक्ष रूपमा प्रभावित बने ।

उल्लेखित तथ्यांकले के देखाउँछ भने राज्य स्वतन्त्र प्रेस र विचार अभिव्यक्ति स्वतन्त्रतामाथि कडा अंकुश लगाएर फासिवादी शासन लाद्ने तयारीमा अग्रसर छ । यी सबै तयारी मूलतः मुलुकमा आमूल परिवर्तनका पक्षधर क्रान्तिकारी राजनीतिक शक्ति तथा जनपक्षीय मिडिया र पत्रकारहरूप्रति परिलक्षित रहेको छ । यसर्थ, यी पञ्चायती कालरात्रीलाई माथ गर्ने गरी ल्याइएका सबै काला कानुनहरूको खारेजीका लागि सशक्त प्रतिरोध संघर्ष तथा भण्डाफोर अभियानलाई देशव्यापी रूपमा अगाडि बढाउनु पर्ने देखिन्छ । क्रान्तिकारी पत्रकारहरू तथा जनपक्षीय मिडियाहरूको नेतृत्वदायी संगठनको हैसियतले यो संघर्षको अगुवाइ तथा नेतृत्व क्रान्तिकारी पत्रकार महासंघको काँधमा आएको छ ।

यसका साथै साना तथा स्वरोजगारमुखी मिडिया अर्थात् जनपक्षीय मिडियाहरूको संरक्षण र सम्बर्द्धनका लागि संगठनले सशक्त भूमिका खेल्नुपर्ने जिम्मेवारी पनि परिस्थितिले सिम्पेको छ ।

क्रान्ति तथा परिवर्तनमा क्रान्तिकारी पत्रकारहरूको भूमिका

विश्वमा र नेपालमा पनि वर्गसंघर्ष, उत्पादनका निम्ति संघर्ष र वैज्ञानिक प्रयोगकै क्रममा पत्रकारिताको सुरुवात भयो । फ्रान्सेली क्रान्तिमा डाक्टर, चिन्तक तथा विचारक समेत छवि बनाएका जीन पल मार्टले आफ्नो प्रशिद्ध पत्रिका 'पिपुल्स फ्रेण्ड'मार्फत् त्यहाँको व्यवस्थाको आमूल परिवर्तनको वकालत गरे । अमेरिकी पत्रकार जोन रिडले रुसी महान अक्टोबर समाजवादी क्रान्तिमा खेलेको भूमिका विश्वप्रशिद्ध, अनुकरणीय र अद्वितीय छ । त्यसैगरी अमेरिकाकै पत्रकार एडगर स्नोले चीनियाँ क्रान्तिलाई अन्तर्राष्ट्रियकरण गर्न खेलेको भूमिका निकै महत्वपूर्ण र प्रेरणादायी छ । नेपालमा सञ्चालित जनयुद्धलाई पनि अन्तर्राष्ट्रियकरण गर्न अमेरिकी पत्रकार लि अर्नेष्टोले खेलेको भूमिका उल्लेखनीय रहेको छ । जनयुद्धसँगै युद्धमा होमिएका पत्रकार शक्ति लम्साल, कृष्णसेन इच्छुकलगायतका व्यक्तित्वहरूले खेलेको भूमिका र योगदान विशेष उल्लेखनीय मात्रै छैन, प्रेरणादायी र अनुकरणीय पनि रहेको छ ।

राजनीतिक उद्देश्यमा आधारित भएर नै नेपालमा पनि पत्रकारिताको सुरुवात भयो । राणा विरोधी आन्दोलनसँगै १९९० को दशकबाट देश, जनता र परिवर्तनको पक्षमा जनपक्षीय पत्रकारिताको सुरुवात भयो । त्यसबेला निस्केका साहित्यिक तथा राजनीतिक पत्रिकाले तत्कालीन राणा शासकहरूका विरुद्ध आवाज बुलन्द गरेका थिए । राणा शासकहरूको जनताले विरोध नगरुन् र सत्ता टिकाउन सकियोस् भन्ने उद्देश्य राखेर तत्कालीन राणा शासक देवशमशेरले विसं १९५६ बाट प्रकाशन सुरु गरेको गोरखापत्रलाई शासकहरूको मात्रै महिमा गाउन लगाए । अहिलेसम्म सरकारी मिडियाहरू गोरखा पत्र, रेडियो नेपाल, टेलिभिजनले सरकारकै मात्र गुणगान गाउँदै आएको छ । देश, जनता र परिवर्तनको पक्षमा भने जनस्तरबाट प्रकाशित मिडिया र पत्रकारहरूले महत्वपूर्ण भूमिका निर्वाह गरे र गर्दै आएका छन् ।

२००७ सालमा राणा शासनको अन्त्य, २०१५ सालको आम निर्वाचनमा कांग्रेस एक्लैले दुई तिहाई सिट जितेर आफ्नो सरकार निर्माण गर्नु, तथा २०१७ सालमा राजा महेन्द्रले गरेको सत्ता कु, २०३६ सालको जनमत संग्रह, २०४६ सालको आन्दोलन र बहुदल स्थापना, ०५२ सालको जनयुद्ध सुरुवात, ०६२/०६३ सालको जनआन्दोलन र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना जस्ता राजनीतिक घटनाक्रम र परिवर्तनमा मिडिया तथा पत्रकारहरूको महत्वपूर्ण भूमिका रह्यो । र, परिवर्तनको प्रभाव मिडियामा पनि पऱ्यो ।

पञ्चायत विरोधी आन्दोलनले पूर्णता पाउँदै गर्दा जनपक्षीय पत्रकारिताभित्र पनि कैयौ अवसरवादी तथा संशोधनवादी प्रवृति देखा पऱ्यो । यससँगै गणतन्त्र पक्षधर पत्रकारितालाई जनपक्षीय पत्रकारिताका रूपमा बुझ्न र व्याख्या गर्न थालियो । २०३९ सालमा शक्ति लम्सालको सम्पादकत्वमा योजना साप्ताहिक प्रकाशित भयो । जनपक्षीय धार अंगालेकै कारण यो पत्रिकामाथि पञ्चायती सत्ताले दमनचक्र चलायो । यसबाहेक रातो युगधारा, जन्मभूमि, हाँक, ज्वाला, गर्जन, महिमा, पृष्ठभूमि जस्ता पत्रिकाले पनि जनक्षीय धार अँगालेकै कारण पञ्चायती आक्रमण बेहोर्नु पऱ्यो । जनादेश साप्ताहिकको प्रकाशन सुरु गरिएपछि योजना र जनादेशले क्रान्तिकारी पत्रकारिताको इतिहासलाई नयाँ आयाम दिने काम गरे । त्यसपछि महान जनयुद्धको सुरुवातसँगै क्रान्तिकारी पत्रकारिताको इतिहासले नयाँ फड्को मार्‍यो । जनादेश, योजना, जनआह्वान, महिमा, पृष्ठभूमि, ज्वाला, जनदिशा, संश्लेषण, नवचेतना, दिशाबोध, कलम जस्ता राजधानीबाट प्रकाशित कैयौ पत्रपत्रिकाले जनयुद्धको पृष्ठपोषण गरे भने यही आधारभूमिमा राजधानी बाहिरबाट पनि जनविद्रोह (विराटनगर), स्वाभिमान (पोखरा), जनउभार (दाङ), चुरे सन्देश (चितवन), सिन्धुली पोष्ट (सिन्धुली), सुर्खेत पोष्ट (सुर्खेत), लाल तराई (मधेश), अभियान (गोरखा), पूर्वक्षितिज (उदयपुर), जनक्रान्ति (सप्तरी) सहितका सयौ जनपक्षीय पत्रपत्रिकाहरू प्रकाशन हुन पुगे । नेपाली जनयुद्धका गतिविधिहरू देशभित्रका सबैजसो संचार माध्यमका प्रमुख समाचारका विषय बन्न थाले । ती जनपक्षीय संचार माध्यमले नेपाली जनयुद्धलाई जनताको मुक्तियुद्धका रूपमा चित्रण र प्रचार गरे ।

सै पृष्ठभूमिमा जनपक्षीय तथा क्रान्तिकारी पत्रकारहरूको आवश्यकतामाथि ध्यान दिंदै वि.सं २०५४ सालमा वरिष्ठ पत्रकार शक्ति लम्सालको नेतृत्वमा जनपक्षीय पत्रकार संघ गठन गरियो । संघ गठन लगत्तै सत्ताको दमन र शक्ति लम्साल, कृष्ण सेनसहितका पत्रकारहरूको गिरफ्तारीका कारण संघले निरन्तरता पाउन सकेन । विसं २०५८ मंसिर ११ गते तत्कालिन सत्ताले देशमा संकटकाल लगाएपछि जनपक्षीय तथा क्रान्तिकारी पत्रकारहरूमाथि कठोर दमनचक्र चलाइयो । जनपक्षीय संचार माध्यमहरू बन्द गराइनुका साथै सयौ पत्रकारहरूलाई गिरफ्तार गर्ने, जेलमा राख्ने, हत्या गर्ने, वेपत्ता पार्ने तथा भूमिगत हुन वाध्य पार्ने जस्ता काम भए । जनपक्षीय तथा क्रान्तिकारी पत्रकारहरू कृष्ण सेन, डि कौडिन्य, कंचन प्रियदर्शी, राजकुमार केसी, हिरावहादुर सारु, चिनवहादुर बुढा, कमल एसी, विनोद सजना, कुमार घिमिरे, नगेन्द्र पोखरेल, पदमराज देवकोटा, महेश्वर पहारी, आनन्दकुमार थापा, भीमवहादुर घर्ति, सुवास मैनाली, मोहन खनाल, चीनवहादुर बुढा, दिवस, आधार, कुशल, अग्नि, विपनासहित २६ जना क्रान्तिकारी पत्रकारहरूको हत्या गरियो । स्तम्भकार दण्डपाणी न्यौपाने, पत्रकार मिलन नेपाली, चित्रनारायण श्रेष्ठ, राजेन्द्र ढकाल, मदन ढकाललाई वेपत्ता पारियो र दर्जनौ पत्रकारलाई जेल हालियो ।

सत्ताको दमनले जनपक्षीय पत्रकारिता रुकेन, दबेन । बरु जनतासँगै रहेर जनपक्षीय पत्रकारहरूले विभिन्न सञ्चार माध्यममार्फत् देश र जनताका पक्षमा सामग्री प्रवाह गरिरहे । यसक्रममा जनादेश साप्ताहिकको देशका ३ कमाण्ड र प्रवासबाट संस्करण निकालियो, विभिन्न पत्रपत्रिका प्रकाशन भए र कृष्ण सेन संवाद समितिका रूपमा अनलाइन संचालनमा आयो । २०६० भाद्र २३ गतेदेखि देशका प्रमुख ५ स्थानबाट जनगणतन्त्र रेडियोसमेत संचालनमा ल्याइयो ।

०६१ माघ १९ गते तत्कालीन राजा ज्ञानेन्द्रले 'शाही कु' गरे । मिडियामा सेन्सरसीप लागू गरियो । तर यसले जनपक्षीय मिडियालाई कुनै असर पार्न सकेन । बरु जनताले सत्य तथ्य समाचार र सही विचारका लागि जनयुद्धका आधार क्षेत्रबाटै सञ्चालित छापा, विद्युतीय र अनलाइन मिडियाको भर पर्नु पऱ्यो । वैकल्पिक क्रान्तिकारी मिडियाका रूपमा स्थापित यी मिडियाले नेपाली क्रान्तिलाई नयाँ उचाइँमा पुऱ्याउन महत्वपूर्ण भुमिका खेल्न पुगे । ज्ञानेन्द्रको दमनकै कारण माओवादीलाई आतंककारी घोषणा गर्दै फासीवादी दमन अभियानमा लागेका तत्कालीन संसदवादी पार्टीहरू माओवादीसँग सम्झौता गर्न आइपुगे । अन्ततः माओवादी र ७ संसदवादी दलबीच १२ बुँदे समझदारी भएसँगै ०६२/०६३ सालको जनआन्दोलन सुरु गरियो । जनयुद्धको जग र बलमा भएको यो आन्दोलनको सफलतासँगै देशमा पुरानो संविधान खारेज गरिनुका साथै अन्तरिम संविधान, अन्तरिम सरकार, संविधानसभाको चुनाव हुँदै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । तर जनयुद्धले लक्षित गरेको नयाँ जनवादी व्यवस्था मुलुकमा स्थापना हुन सकेन । र, घुमिफिरी मुलुकमा पुनः संसदीय व्यवस्था नै संस्थागत हुन पुग्यो । संसदीय व्यवस्थाका विरुद्ध जनगणतन्त्रका लागि जनयुद्ध लडेर आएको प्रचण्ड नतृत्वको एउटा तप्का संसदीय व्यवस्थाको दलदलमा भासिदै जनयुद्धकालमा प्रतिक्रियावादी करार गरेको एमालेमा नै विलय हुन पुग्यो । यो सँगै जनयुद्धले स्थापित गरेको र युद्धताका जनपक्षीय पत्रकारिता गरेका पत्रकारहरूको एउटा पंक्ति यतिखेर संशोधनवादी, अवसरवादी हुँदै एमालेकरणमा पुगेर प्रतिक्रियावादी दलाल व्यवस्थाको पक्षपोषण गर्न पुगेको छ । यस पृष्ठभूमिमा जनपक्षीय तथा क्रान्तिकारी पत्रकारिता आन्दोलनको नेतृत्व गर्ने र भूमिका खेल्ने जिम्मा हाम्रो संगठनको काँधमा आएको छ । वर्तमान दलाल संसदीय व्यवस्थाका विरुद्ध मुलुकमा जनगणतान्त्रिक राज्यव्यवस्था स्थापना गर्दै वैज्ञानिक समाजवादको बाटोमा अघि बढ्ने क्रान्तिकारी आन्दोलन तथा संघर्षको पक्षमा पत्रकारिता तथा आम सञ्चारको क्षेत्रबाट भूमिका खेल्नु नै अहिले जनपक्षीय तथा क्रान्तिकारी पत्रकारिताको प्रमुख ऐतिहासिक दायित्व बन्न गएको छ । (क्रान्तिकारी पत्रकार महासंघको दोह्रो राष्ट्रिय सम्मेलनमा अध्यक्ष इन्द्र राउतद्वारा प्रस्तुत एवम् पारित गरिएको प्रतिवेदनको अंश)

चोरदर्शन

मित्रलाल पंज्ञानी

राजनीति फोहोरी खेल हो भन्ने राजनेताले सफा राजनीति गर्दै गर्दैन । उसले बुझेको राजनीति नै फोहोर छ, अनि कसरी सफा राजनीति गर्छ । आफूले जित्नको लागि जे पनि गर्छ, हुनुसम्म फोहोर खेल खेल्छ । जब कसैले किन यस्तो फोहोरी खेल खेलिस् भन्छ अनि उसले जवाफ दिन्छ, राजनीति फोहोरी खेल हो । यस्तो राजनीतिमा सबभन्दा ठूला फोहरी नै सबभन्दा ठूला राजनेता कहलाउँछन् । सबै चोर हुन् भन्ने हल्लाको मुहानमा पनि यिनै फोहोरी नेताहरू छन्

जम्मैलाई घालेघुलेमा एकै ठाउँमा मिसाएर 'सबै चोर हुन् भन्ने मान्यता स्थापित गर्न लालायित छ चोरहरूको एउटा झुण्ड । पार्टी पनि सप्पै चोर ! नेताहरू पनि सप्पै चोर । यस्तो बकवास गर्दै हिड्ने मान्छेलाई तपाइँले पनि भेट्नु भएकै होला । त्यसले के कारणले सप्पैलाई चोर भनेको होला ? ख्याल गर्नु भएको छ ? म आज त्यही चोरसित बोलिरहेको छु ।

हरेक मान्छेलाई चोर देख्छौ तिमी, अनि कहाँ कहाँ गएर के के गर्छौ ? थाहा पाउन खोज्दै छु, तिम्रो यो दर्शनको मूल कहाँबाट फुट्यो ? विनाछानविछ्यान सबैलाई एकै ठाउँमा मिसाउने यो गोलमालको दर्शनको अर्थ लगाउन खोज्दै छु ।

मान्छेले आफ्नै परिभाषामा संसारलाई बुझेको हुन्छ । कसैले यो जिन्दगी व्यर्थ छ भन्दै हिँड्छ र साँच्चै हृदयको भाषा बोलेको हो भने त्यस मान्छेले आत्महत्या गर्ने सम्भावना प्रवल छ । हृदयमा आँट र उत्साह केही पनि नभएको कायरले मात्र यस्तो बकवास गर्‍दै हिँड्छ । जीवनको कुनै उद्देश्य नभएको, आवश्यक पर्दा कुनै जोखिम बेहोर्ने हिम्मत नभएको, मान्छेको माझमा हेलिएर चुनौतीहरूको सामना गर्ने हुति नभएको मानिसले बोल्ने भाषा हो यो ।

यो संसार सङ्घर्षको रङ्गमञ्च हो भन्छ भने त्यो अवश्य लडाकु हुनुपर्छ । कायरले सङ्घर्ष नै जीवन हो भनेर परिभाषित गर्न सक्तैन । यो संसारलाई चोरैचोर देख्ने मान्छे कि स्वयं चोर हो कि कुरै नबुझी चोरको हल्लामा बगेको घसेटा हो । यो संसारमा भएका सम्पूर्ण मान्छेलाई सज्जन देख्ने मान्छे सज्जन होइन । सुस्त मनस्थितिको मान्छे हो । यहाँ त सज्जन पनि छन् र दुर्जन पनि छन् । सज्जनलाई सज्जन र दुर्जनलाई दुर्जन देख्न नसक्नु मान्छे को दुर्भाग्य हो । यही दृष्टिदोषका कारणले मान्छेहरूले धोका खान्छन् ।

तिमीलाई आफू चोर भएको कुरा राम्ररी थाहा छ । तिम्रो चोरीकर्म कसै न कसैले थाहा पाएको पनि तिमीलाई थाहा छ । थाहा नपाउनेहरूले पनि कुनै दिन थाहा पाउने कुरो तिमीले बुझेका छौ । सज्जनहरूको बोलाबाला भयो भने आफ्नो सम्मान रहँदैन भन्ने ज्ञान पनि तिमीलाई छ । वास्तवमा तिमी डराइरहेका छौ र निडर भएको नाटक गरिरहेका छौ । 'चोरी मानिसको स्वाभाविक धर्म हो, सबै मान्छे चोर हुन्' भन्ने तर्कलाई जिताउन सके त्यसले आफ्नो चोरीलाई अपराधमुक्त गराउँथ्यो भन्ने बुझेर सम्भाव्य दुर्घटनाबाट बच्नका निम्ति तिमीले निकालेको गुप्त चलाखी अर्थात् मनोविज्ञान चाहेर पनि लुकाउन सकेनौं । तित्राको मुखै वैरी भनेको यसैलाई हो ।

तिमी जुन पार्टीमा छौ त्यो पार्टी खत्तम छ । तिम्रा नेताहरू वैयक्तिक वैभवका निमित्त राजनीति गरिरहेका छन् । तसर्थ तिनका पक्षमा उभिएर बोल्ने एउटा पनि बलियो तर्क तिमीसित छैन । जब तिम्रो पार्टी र त्यसका नेताका गलत विचारका बारेमा आलोचना हुन्छ तब तिमी तिल्मिलाउँछौं । तिमीसित जित्ने नैतिकता र हार्ने हिम्मत छैन । हाम्रा नेता चोर हैनन् भन्न सक्तैनौ अनि अन्य दलका समेत जम्मै नेता चोर हुन् भनिदिन्छौ । अर्काको कमजोरीलाई पछ्यौरा बनाएर आफ्नो अपराध ढाक्नु तिम्रो आदतै बनिसकेको छ । प्रमाण तिमीसित केही हुँदैन, हचुवामा बोलिदिन्छौ ।

राजनीति फोहोरी खेल हो भन्ने राजनेताले सफा राजनीति गर्दै गर्दैन । उसले बुझेको राजनीति नै फोहोर छ, अनि कसरी सफा राजनीति गर्छ । आफूले जित्नको लागि जे पनि गर्छ, हुनुसम्म फोहोर खेल खेल्छ । जब कसैले किन यस्तो फोहोरी खेल खेलिस् भन्छ अनि उसले जवाफ दिन्छ, राजनीति फोहोरी खेल हो । यस्तो राजनीतिमा सबभन्दा ठूला फोहरी नै सबभन्दा ठूला राजनेता कहलाउँछन् । सबै चोर हुन् भन्ने हल्लाको मुहानमा पनि यिनै फोहोरी नेताहरू छन् । तिमी त्यही नेता अथवा त्यसैको अन्धो कार्यकर्ता हौ ।

सबैलाई चोर भनिसकेपछि तिम्रो नजरमा बुद्ध पनि चोर हुन्, मार्क्स पनि चोर हुन् । तिम्री आमा चोर्नी हुन्, तिम्रा बा चोर हुन् र तिमी चोर हौ । इच्छा लाग्यो र क्षमताले भ्यायो भने चोर जे चोर्न पनि तयार हुन्छ । तिमीले आमाका सुखहरू पनि चोर्न सक्ने भयौ । बाका खुसीहरू चोर्न पनि गारो मान्ने भएनौ ।

शब्द जसरी प्रयोग गरे पनि सारमा तिमीले दुनियाँलाई दिन खोजेको सन्देश यही नै हो- 'सबै चोर हुन् त्यसकारण कसैका कुरा पनि नपत्याऊ । सबै चोर हुन् त्यसकारण कसैलाई चोर भनेर किटान गर्ने काम नगर । तिमीले जसलाई सज्जन भन्छौ त्यो पनि चोर नै हो । संसारमा कोही पनि सज्जन छैन । त्यसकारण हरेकले हरेकलाई अविश्वास गर । मैले पनि चोरिरहेको छु । तिमीले पनि चोरिरहेका छौ । छैनौं भने चोर । यो चोरहरूको संसार हो । यहाँ विजय हासिल गर्नका निमित्त चोर्नु पर्छ ।'

मान्छेको धूर्तता र बेइमानीको पाटोलाई खुब जोडतोडका साथ प्रचार गर्छौ । ईमानका, त्यागका, निश्छलताका, निर्मलताका कुराहरू तिम्रा छलफलका विषयमा पर्दैनन् । आफू जस्ता छौ त्यस्तैलाई तिमीले प्राथमिकता दिएको कुरा सजिलै बुझ्न सकिन्छ । कुकुरले कलो खान दगुरेको मात्रै देख्छौ तिमी, सहिदले बाँचेको महान् जीवनको चित्र तिम्रो नजरमा घुस्तै घुस्तैन । सज्जनतालाई उपेक्षा गर्छौ, नदेखेझैं गर्छौ र दुर्जनतालाई बढाइचढाइ प्रस्तुत गर्छौ । तिम्रो नजर लोभ र पापले अन्धो भएको छ ।

तिमी जानी वा नजानी दुनियाँलाई दिग्भ्रमित पार्ने अभियानमा सामेल छौ । म तिम्रो दर्शनको विरुद्धमा छु । तिम्रो दोषी नजरको विरुद्धमा छु । यो संसारमा विष मात्रै छैन, अमृत पनि छ । अन्धकार मात्रै छैन प्रकाश पनि छ । विनास मात्रै छैन, सिर्जना पनि छ । सबै मान्छे चोर पनि होइनन् र सबै पार्टी उस्तै पनि हुँदैनन् ।

अनुदित कथा : उसको प्रेमी

म्याक्सिम गोर्की

अनुवादः होमर श्रेष्ठ

मेरा मित्रले मलाई यो कथा सुनाए–

म मस्कोमा विद्यार्थीछँदा संयोगवश त्यो ठाउँमा डेरा लिएर बसेको थिएँ, जहाँ केही सन्देहास्पद इज्जत भएका महिलाहरूसँगै एउटी आइमाई बस्थी । ऊ पोल्यान्डेली थिई । उसलाई सबैले टेरेसा भन्थे । ऊ अग्ली-अग्ली थिई, श्याम-वर्णकी, कपाल कालो, आँखीभौं बाक्लो, मोहोडा लाम्चो र रुखो, बन्चरोको पासोमा मुखाकृति खोपेको जस्तो देखिन्थी । जनावरको जस्तो ट्वाल्ल परेका आँखा, घोर स्वर, ट्याक्सी ड्राइभरको जस्तो हिँडाइ, अजडको मांसल, माझी हुनलायक देखिन्थी ऊ । उसको त्यो स्वरूपले ममा घृणा उत्पन्न गराएको थियो । म त्यो घरको सिरानको तलामा बस्थें । मेरो कोठाको सामुन्ने थियो उसको माथिल्लो तलो । ऊ घर बसेको छ भन्ने थाहा पाएको दिन मैले कहिल्यै आफ्नो ढोका खुला राखिनँ, यद्दपी त्यस्तो घटना आक्कल(झुक्कल मात्र भएको थियो । कहिलेकहीं संयोगवश भरयाङमा अथवा आँगनमा उसित मेरो जम्काभेट हुन्थ्यो र त्यतिखेर ऊ मलाई हेरेर यसरी मुस्कुराउँथी, उसको मुस्कुराहटमा धुर्त्याइँ र सन्देह लुकेको छर्लङ्गै देखिन्थ्यो । कहिलेकहीं मैले उसलाई रक्सी लागेको अवस्थामा पनि भेटेको थिएँ– आधा खुलेका आँखा, छिरलिएको कपाल र विशेषतः विद्रोही मुस्कुराहट हुन्थ्यो त्यति बेला । त्यस्तो अवस्थामा ऊ मलाई यसो भन्थी– 'हेलो विद्यार्थीजी, नमस्ते !' अनि, त्यतिखेर ऊप्रतिको मेरो घृणाभावमाथि उसको सिल्ली अट्टहास अझ बढी केन्द्रित हुन्थ्यो । ऊसितको जम्काभेट र अभिवादन सामना गर्नु नपरोस् भन्नका निम्ति डेरा सर्न पाए हुन्थ्यो भन्ने मेरो मनमा लागेको थियो, तर मेरो सानो कोठो असाध्यै लोभलाग्दो थियो । मेरो झ्यालबाट ज्यादै विराट दृश्य देखिन्थ्यो । टोल शान्त थियो । त्यसैले मैले यी सब कुरा सहेर बसेको थिएँ ।

एक बिहान म सोफामा पल्टेर सोचिरहेको थिएँ– कक्षामा हाजिर हुन नसकेको घटनाबाट कसरी माफी पाउँला भनेर बाटो खोजिरहेको थिएँ, त्यतिखेर मेरो ढोका खुलै थियो । मेरो संघारमा टेरेसाको धोद्रो स्वर सुनियोस् 'तपाईंलाई सुस्वास्थ्यको कामना गर्दछु, विद्यार्थीजी !'

'तपाईंलाई के चाहियो?' मैले सोधें ।

मेरो दृष्टिमा उसको अनुहार किंकर्तव्यविमूढ़ तर विनीत थियो 'उसको चेहरा अत्यन्तै असाधारण थियो ।

'सर, म तपाईंसित सहायता माग्छु, दिनुहुन्छ?'

म चुपचाप पल्टिरहें र मनमनै सोचें–' आश्चर्यजनक !'साहस गर, केटो !'

'म एउटा चिठी लेखाएर घर पठाउन चाहन्छु, कुरा त्यतिमात्र हो ।' उसले भनी ।

उसको आवाजमा विनम्रता र दकस थियो ।

मैले विचार गरें– 'लौ, समस्या आइलाग्यो !' तर पनि म फुत्त उफ्रेर आफ्नो टेबुलअघिको मेचमा बस्नपुगें, एक पन्ना कागज लिएँ र भनेंस् 'लौ, यता आउनुस्, बस्नुस्, चिठीमा के-के लेख्नु छ भनिहाल्नुस् !'

ऊ आई र बडो विचार पुरयाएर मेचमा बसी अनि लजाउँदै मलाई हेरी ।

'लौ भन्नुस्, कसलाई चिठी लेख्न चाहनुहुन्छ तपाईं ?'

'स्वेतजियना नगर, वार्स-पथका बोलेसलभ कासपुटलाई''

'लौ, के-के लेख्नु छ, भन्दैजानुस् !'

प्रिय बोलेस्

'मेरो मुटुको धडकन'मेरा विश्वासिला प्रेमी । प्रभुकी माताले तिम्रो रक्षा गरून् ! सुनौलो हृदय भएका तिमीले तिम्री यो सानी दुःखी परेवी, टेरेसालाई यति लामो समयसम्म कसरी पत्र नलेखी बस्न सकेको ?'

उसको कुरा सुनेर मेरो मुखबाट झन्डैझन्डै अट्टहास विस्फोट भएको थियो ।

'बाफरे, दुखी सानी परेवी!' झन्डै साढे पाँच फिट अग्ली, अजङ ज्यान, अनुहार यति कालो थियो कि मानौं, सानी परेवी जीवनभरि चिम्नीमा बसेकी थिई र कहिल्यै नुहाएकी थिइन!

आफूलाई सतर्क गराउँदै मैले सोधेंस् 'को हो त्यो बोलेस्ट ?'

'बोलेस्ट होइन, बिद्यार्थीजी! 'बोलेस' हुन्, मेरा तन्नेरी ।'

मानौं, मैले बोलेसको नाम अपभ्रंश गरेकोमा उसले त्यसको प्रतिरोध गरेझैं बोलेकी थिई ।

'बाफरे, तन्नेरी!'

'तपाईं किन यसरी आश्चर्यचकित हुनुभएको, सर? के कुनै तरुनीको तन्नेरी हुन सक्तैनँ र ?'

अहो ! त्यस्ती पनि तरुनी रे !

'अँत नि, किन सक्तैन? यो दुनियामा असम्भव केही पनि छैन । अँ साँच्ची, ऊ तपाईंको तन्नेरी बनेको धेरै समय भैसक्यो कि ?' मैले प्रश्न गरें ।

'६ वर्ष भयो ।'

'आहा! लौ, अब तपाईंको चिठी लेख्न थालौं ''

'अँ साँच्ची, म तपाईंलाई एउटा कुरा प्रष्ट भन्छु,– सायद, बोलेस र म यो कोठाबाट सरिसक्थें हुँला यदि उसलाई प्रेमपत्र लेखाउने नयनाभिराम टेरेसा नभएर कुनै कमसल महिला हुन्थी भने ।'

'तपाईंले गर्नुभएको दयामय मद्दतको निम्ति तपाईंप्रति म हृदयदेखि नै आभार प्रकट गर्छु, सर। सायद, म पनि तपाईंलाई कुनै सहायता गर्न सक्थें कि ?' टेरेसाले दुबै घुँडा टेकेर आदरपूर्वक मलाई भनी ।

'भयो पर्दैन, म तपाईंलाई यत्तिकै विनम्रतापूर्वक धन्यवाद व्यक्त गर्दछु ।'

'सर, सायद तपाईंको कमिज अथवा सुरुवालमा कतै टाल्नु-सिउनुपर्ने पो थियो कि?'

उसको त्यो उदाङ्ग पेटीकोटतुल्य अभिव्यक्तिले मेरा गाला रातो तुल्याएको अनुभूत गरें । त्यसपछि मैले स्पष्ट भाषामा भनें, मलाई उसको कुनै पनि प्रकारको सहयोग चाहिँदैन ।

त्यसपछि, ऊ त्यहाँबाट गई ।

एक-वा दुई हप्तापछि साँझपख म मेरो झ्यालमा सुसेली हालेर कसरी आफूलाई त्यो समस्याबाट मुक्ति दिलाउन सकूँला भनी उपाय सोचेर बसिरहेको थिएँ । न्याम्रिएको थिएँ म । मौसम सफा थिएन । कतै जाने मन पनि भएन । अत्यन्तै नरमाइलो लागेकोले आत्मविश्लेषण गर्न थालें, घोत्लिएँ । तर त्यो कार्य पनि मेरो निम्ति उच्चाटिलो बन्यो । मलाई यी कुनै कुराले पनि आकर्षित गरेन । यसैबीच अचानक मेरो ढोका घरयाक्क खुल्यो । लौ, भगवान ! कोही भित्र पस्यो ।

'ए विद्यार्थी महाशय, तपाईं ज्यादै व्यस्त त हुनुहुन्न नि, हगि ?'

छीः छी ! उही टेरेसा थिई ।

'होइन, के चाला हो यो?'

'सर, म तपाईंलाई अर्को एउटा पत्र लेखाउन चाहन्थें ।'

'अति राम्रो! त्यही बोलेसलाई त होला नि, होइन ?'

'होइन, होइन, यसपटकचाहिँ बोलेसको तर्फबाट'

'के रे !'

'बिद्यार्थी महाशय, म अलिक मूर्ख छु ! यो चिठी मेरो निम्ति होइन । मलाई माफ गर्नुहोस्, यो चिठी मेरो साथीको निम्ति हो, अथवा भनौं मेरो मित्रको निम्ति हो । उसकी एउटी प्रियसी छ, यो टरेसाजस्तै । त्यसैले म यहाँ आएकी । सर, त्यो टेरेसालाई एउटा पत्र लेखिदिनुहुन्छ कि ?'

मैले उसको अनुहार हेरें । ऊ थोरै डराइरहेकी थिई । उसका औंलाहरू काँपिरहेका थिए । पहिले त मेरा आँखा अलिकता धमिलिएका थिए, तर त्यसपछि यो कसरी भयो भन्नेबारे मैले अडकल कार्टें र भनें–'लौ सुन्नुस, भद्र महिला, यहाँ बोलेस वा टेरेसा कोही पनि छैनन् । तपाईं मसित एकपछि अर्को झूटो कुरा गर्दैहुनुहुन्छ । तपाईं अबदेखि मलाई कचकच गर्न नआउनुस् ! तपाईंको मित्रको निम्ति के कसो गर्नुगराउनु छ त्यो मलाई मतलब छैन, कुरो बुझ्नुभो ?'

अचानक ऊ आश्चर्यजनक ढङ्गले आतङ्कित र उत्तेजित भई । ऊ आफू बसेको ठाउँबाट जुरुक्क उठेर नगई पाइलापाइला सार्दै गई र नाटकीय शैलीमा भुतभुताई, मानौं ऊ केही कुरा भन्न चाहन्थी तर सकिरहेकी थिइन । अब निष्कर्ष के होला त भन्ने कुरो हेर्न म पर्खेंर बसें र अनूभूत गरें । यस्तो लाग्थ्यो, उसले मलाई ठीक बाटोबाट बेठीक बाटोतर्फ तान्न खोजेको आशङ्का गर्नु मेरो गम्भीर गल्ती थियो । यो कुरो टड्कारो रूपमै अलिक भिन्न थियो ।

'ए विद्यार्थी महाशय!' यति भनेर हठात् हात हल्लाउँदै ऊ ढोकातिर लागी र बाहिर निस्की । त्यसपछि, मलाई ज्यादै नरमाइलो लाग्यो । तल उसको कोठाको ढोका जोडले लागेको आवाज मैले सुनें । त्यो बिचरी तरुनी रिसले चुर भएकी थिई' । त्यस विषयमा मैले पुनर्विचार गरें– उसकहाँ जाने र उसलाई आफू कहाँ बोलाएर उसले भनेजस्तो चिठी लेखिदिने बिचार गरें ।

म उसको डेरामा गएँ र चारैतिर हेरें । ऊ दुवै कुइना टेबुलमा टेकाएर, दुइवटा हत्केलामा टाउको अडाएर झोक्राएर ...बाँकी ७ पेजमा

कविता

युगान्तर

● दीपक विश्वकर्मा

द्वापर युगमा
मर्यादा पुरुषोत्तम रामले
अग्निपरिक्षा स्वरूप
अग्निदहमा
अर्पण गरेका थिए
सितेलाई ।
त्रेतायुगमा
धर्मराज युधिष्ठरले
महान् पराक्रमी भाइहरूको सल्लाहमा
जुवाको खालमा
दाउ थापेका थिए
हस्तिनापुरकी कुलबधु
द्रोपदीलाई ।
एकथान मोटरसाइकल
एकथान दुधालु लैनो भैंसी
एकथान सुनको सिक्री
थपिदिन नसक्दा रिहानाका अब्बुले
बिबाहको वार्षिक कै दिन
मट्टीतेल छर्केर जलाएका थिए
लोग्ने फरिद शेखले ।
मर्यादा पुरुषोत्तम राम
धर्मावतार युधिष्ठिर
र अल्लाहका परिन्दा
फरिद शेखमा
भिन्नता कहाँनीर छ हँ ?

२०७६ जेठ १८

छोरी

● प्रभा मरहट्ठा कोइराला

प्रिय छोरी
प्रसव पिडाले
छट्पटीदा म
सबैका आँखा बलेका थिए,
जीवन मृत्युको दोसाँधमा
मडारिरहँदा म
कथित वंश धान्ने
नवजात शिशुको खोजमा
उर्लिएका थिए
अरुका भाव लहर
अगाडि अन्धकार थियो
वर्तमान सन्तान भेट्ने
दृढ़ विश्वासमा थियो ।
नहुँदै मिरमिरे उज्यालो
चीत्कार गर्दै तिमीले
टेक्यौ धर्तीमा पाइलाहरू
ठुलै युद्ध जितेर
समस्यासङ्ग पौठेजोरी खेल्दै
खुल्ला आन्दोलनमा आयौ तिमी !
तिमीले पहिलो उज्यालो भेट्दा
अँध्यारो भए अरुका आँखाहरू ।
तर पनि
प्रिय सन्तान !
मेरो जिन्दगीमा शुभ बिहानी भो!
पितृसत्ताको उत्पीडन
र बहिष्करणले
थिलोथिलो पारिएका
अनि उत्कण्ठाले भरिएका
बोली खोसिएका अतृप्त ओठहरूले
मात्र चुम्बन गरे तिमीलाई
मनाएनन् हर्षोल्लास
पितृसत्ताको चेतले हुकुमी बनेका
तिम्रा बाले
तिम्रो जन्मदिनमा
रगतले भिजेका धोतीहरू धोएर
गुटमुट्याउदै थाङ्नामा
लाग्दा लाग्दै उपेक्षा
र तिरस्कारको ओहिरो
दृढ़ सङ्कल्प गरिरहें
दिनहुँ सुमसुम्याउदै तिम्रा पैतालाहरू
टुकटुक हिड्ने आशमा
पत्रपत्रमा धार हाल्दै
छातीमा उफार्दै
एक्लै काँधमा बोकिरहें ।
थोते दाँत देखाउदै हाँस्दा तिमी
हास्थ्यो सर्वाङ्ग मेरो जितले।
पितृसत्ताको संयन्त्रले
रेटेर जथाभावी
स्वप्निल जीवनका नेपथ्यहरू
चुडाइएका जिन्दगीका धुनहरू
खोतलेर आवेशमय आरम्भ गर्दै
पुर्याए समयको नयाँ टाकुरामा
तिम्रो जीवनमा स्वतन्त्र बजेका धुनहरू
आँखा मा सजिएका सपनाहरू
हेर्ने उत्कण्ठामा
धीरताका साथ उठाउदै गएँ
तिम्रो स्वाभिमान र अस्तित्व ।
खुसी थियौ तिमी
र त खुशी थिएँ म
तिम्रो खुशीमै मेरो जीवन थियो
तिम्रो मुस्कानमा
सर्वाङ्ग हाँस्थे मेरा सपनाहरू ।
हुर्काएँ तिमीलाई तन्मयका साथ
कोपिलामै भमराको गर्जन सुनेर
सशङ्कित हुँदै
तिम्रा हरेक जन्मदिनमा
दिएँ उपहार
सौर्य आट र विचारका औजारहरू
सिकाए इतिहासका ब्यथाहरू
घोटिरहें रेतीहरू
हालीरहें जीवनका पत्र पत्रमा धारहरू
सत्ताका विरासतलाई रेट्ने
उठाएँ चेतना अस्तित्व खोज्ने
प्रिय मेरो सृजनाकि मुहान ।
प्रिय छोरी !
चुम्बकिलो स्वर खोज्दै तिम्रो
उन्मुक्त उड्ने पङ्छीको खोजीमा
युग हार्क्ने वीरङ्गनाको खोजीमा
चाहिरहें अनि सम्झिरहें
युगौ युग देखि तिमीलाई
प्रिय ! मेरो सन्तान
प्रिय !! मेरो मुटु
प्रिय !!! मेरो प्रतिविम्ब।

पार्टी एकता...

दवाव आलोचना आइरहेको सन्दर्भमा विप्लव समूहले शत्रु र मित्र छुट्याउने काममा देखाएको अधिभूतवादी चिन्तनले तमाम प्रतिक्रियावादी शक्ति हुँदाहुँदै कार्यगत एकता र पार्टी एकताको अभ्यास चलिरहेको मित्रशक्तिकै कार्यकर्तामाथि प्युठानमा शत्रुवत व्यवहार गर्न पुग्दा संयुक्त मोर्चासम्बन्धी नीति विपरीत एकतर्फी सम्बन्ध विच्छेद गर्दै (मसाल) समूह उक्त एकीकृत सहकार्यबाट अलग भएर 'हिउँ आएको निहुँ पाएको' नेपाली उखानलाई चरितार्थ गर्दै सत्ताधारीलाई खुशी पार्न मोर्चा तोड्न पुग्यो । नेकपा (क्रान्तिकारी माओवादी)को क्रान्तिकारीहरूसँग एकताबद्ध भएर अगाडि बढ्ने कार्यनीतिबाट सुरु गरेर रणनीतिमा पुग्ने पहिलो प्रयास विफल भयो । त्यसपछि पनि दुई पक्षीय, वार्ता छलफल चलाएर अगाडि बढ्ने कोसिस हुँदै आइरहेको छ। गहन वार्ता, छलफल र ६ बुँदामा एक/एक गरेर छलफल गर्दा विचारमा समरूपता तत्कालको लागि संभव नभएपछि पार्टी एकताको विषय सबै समूहसँग तत्कालको लागि स्थगित हुन पुग्यो र २०७६ असारमा बसेको (क्रान्तिकारी माओवादी)को केन्द्रीय समितिको बैठकले तत्कालका लागि क्रान्तिकारी ध्रुवीकरणमा जोड दिने नीति लियो । रणनीति र कार्यनीति एकआपसमा अविभाज्य सम्बन्ध हुन्छ । रणनीतिमा धुमिल अस्पष्टता भइसकेपछि कार्यनीतिमा पनि डोरीलाई एकैतिर तान्ने प्रयत्न पनि विफल भएर झट्काहरू विभिन्नतिर तानिन पुग्छन् । बल मिल्दैन र अल्झिन पुगिन्छ । अहिले महँगी, भ्रष्टाचार, राष्ट्घात, सरकारको अकर्मण्यता, सामाजिक फासीवाद, गैरन्यायिक हत्या, झुटा मुठभेड, संविधान विपरीत पार्टी माथि प्रतिबन्ध लगाइरहेको अवस्थामा आन्दोलन अगाडि बढाउन जरुरी भएको बेलामा समेत कार्यगत एकताको वातावरण नबन्नु यसैको परिणाम हो ।

कार्यगत एकता सबैलाई आवश्यक भएर साझा मिलन विन्दू खोज्ने क्रममा काममा एकरूपता हुने कुरा हो । शत्रुले एक-एक गर्दै सिध्याउने रणनीति लिइरहेको बेला बलियाको विरुद्ध कमजोरहरू एकजुट हुने विज्ञानको नाम हो कार्यगत एकता । रणनीतिसँग नजोडी विश्रृंखलित कार्यगत एकता फलदायी हुँदैन । नयाँ जनवादी रणनीतिक उद्देश्यलाई तिलाञ्जली दिएर लोकतान्त्रिक गणतन्त्रको लागि कार्यगत एकता गर्दा संसदीय व्यवस्थाको विरोधी तत्कालीन नेकपा (माओवादी)को नेतृत्व प्रचण्ड बाबुराम संसदीय व्यवस्थामै गिर्न पुगे । महान् कार्लमार्क्सको 'कम्युनिस्टहरू आफ्नो उद्देश्य लुकाउनुलाई अपराध ठान्छन्' भन्ने कम्युनिस्ट घोषणा पत्रको मर्म पनि यही हो । नेकपा (क्रान्तिकारी माओवादी) ले कार्यगत एकताको ढोका खुला राखे पनि यत्रो अन्याय, अत्याचारको विरुद्ध आन्दोलन उठिरहेको छैन र कार्यगत एकताको महसुस पनि सम्बन्धित पक्षले जति जोड दिनुपर्ने हो, त्यति दिइरहेका छैनन् । यो कसैको चाहनाले भन्दा पनि तत्कालको आवश्यकताले हुने विषय हो । यसमा नेकपा (क्रान्तिकारी माओवादी)ले कार्यगत एकतालाई महत्व दिइरहेको छ । महँगी, भ्रष्टाचार, विषादी तरकारी विरोधी आन्दोलन एकल र संयुक्त रूपमा पनि गर्दै आइरहेको छ ।

सरकारले संविधान विपरीत विप्लव नेकपालाई प्रतिबन्ध लगाएको छ । गत फागुनमा प्रतिबन्ध लगाएपछि 'राजनीतिक पार्टीमाथि प्रतिबन्ध लगाउने गरी कुनै कानुन बनाउन पाइने छैन भन्ने संविधान विपरीत कार्यको चौतर्फी विरोध भयो । सरकार सिडियो कार्यालय र निर्वाचन आयोग कतै पनि दर्ता नभएको विप्लव समूहलाई 'के को प्रतिबन्ध' भन्दै हल्का र हास्यव्यग्य शैलीमा प्रतिरक्षामा उभिन पुग्यो । गतिविधिमा मात्र प्रतिबन्ध लगाएको भनेर छेउ न टुप्पोको कुरा गर्न पुग्यो । के मा कसरी कुन कानुन टेकेर प्रतिबन्ध लगाएको हो, सरकार आफैलाई थाहा छैन । विप्लव समूहलाई सहयोग र समर्थन गर्नेलाई समेत कारबाही गर्न सरकारको धम्कीलाई समेत चुनौती दिंदै प्रतिबन्ध लगाउन पाइदैन भन्दै विरोध प्रदर्शन, कोणसभा, सभा र आमसभासमेत राजनैतिक पार्टीहरूले गरे । नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने भन्दै स्पष्ट लक्ष्य लिएर विद्रोह गरेको नेकपा -माओवादी हुँदै दुई पार्टी बीच एकता भएर बनेको नेकपा (क्रान्तिकारी माओवादी)लाई त फुटको औचित्य के हो भनेर प्रश्न तेर्स्याउनेले क्रान्तिको चरण, राजनैतिक तथा सामरिक कार्यदिशाको अस्पष्टतासहित रहस्यमय ढंगले बुढाहरूले क्रान्ति गर्न सकेनन् र सक्तैनन् भनेर विद्रोह गरेको ३० महिनामा सम्बन्ध विच्छेद गरेर हिंडेको नेकपा (विप्लव) समूहको गन्तव्य प्रष्ट छैन तर पनि एउटा राजनैतिक पार्टीले एउटा विचारसहित जनतामा अभ्यास गर्न पाउनु पर्छ भनेर खतरा मोलेरै आवाज उठाएको छ नेकपा (क्रान्तिकारी माओवादी) सहित अन्य वामपन्थी पार्टीहरूले । आफू युवा उमेर पार गरेर ४० कटेपछि पनि विचार, दर्शन, सिद्धान्त र राजनीतिलाई भन्दा युवालाई केन्द्रमा राखेर मुखैमा युवा शब्द झुण्डाउँदै फुटेको यी ५ वर्षमा क्रान्तिको काम केकति भए सबैले समिक्षा गर्न थालेका छन् । वर्तमान प्रतिक्रियावादी राज्यसत्ताको विरोधी भएकोले सकेसम्म विप्लव समूहबारे क्रान्तिकारीहरूले बोल्न नपरोस्, वैचारिक रूपमा एकै ठाउँमा आएर पार्टी एकताको वातावरण बनोस् भनेर 'शत्रुको शत्रु' मित्रको रूपमा क्रान्तिकारी माओवादीले मित्रतापूर्ण व्यवहार गऱ्यो । पार्टी एकतालाई पनि दाउपेचको रूपमा लिने वार्ताको रिपोर्ट पनि पार्टीमा सही तरिकाले सम्प्रेषण नगर्ने, वार्ताटोलीमार्फत मात्र वार्ता गर्ने भनेपछि वार्तामै नबस्ने काम विप्लव समूहबाट हुँदै आएको छ । विप्लव समूहमा गतिशील ऊर्जा भएका थुप्रै युवा क्रान्तिकारीहरू छन्, यसमा विमति राख्न जरुरी छैन । स्पष्ट लक्ष्य र उद्देश्य नभएको, मृत्यु र मुक्तिको उद्देश्य प्रष्ट नभएको, राज्यसत्तासम्बन्धी प्रष्ट धारणा नबनेका युवाहरूको ऊर्जा त्यसै खेर गइरहेको महसुस गरेको छ नेपाली वामपन्थी आन्दोलनले । क्रान्तिप्रति चासो राख्ने तर वैचारिक रूपमा प्रष्टता नभएको वामपन्थी जनमतले विप्लव समूहलाई क्रान्तिकारी मान्दछ । तर क.विप्लव र सो समूहले र नेताहरूले समीक्षा गर्नुपर्छ। विप्लव समूहका वरिष्ठ नेता तिलक परियारसहित पीबीएम प्रदिप राई लगायत २० जनाभन्दा बढी केन्द्रीय सदस्यहरू विप्लव समूहबाट किन सोही समूहले सबैभन्दा गाली गरेका पूर्व माओवादी केन्द्र र हालको डवल नेकपामा पलायन भइरहका छन् । राजनीतिक गालीगलौज्को केही अर्थ छैन, हालको डबल नेकपाको राजनीति र विप्लव समूहको राजनीति एउटै छ । वैज्ञानिक समाजवादी क्रान्ति जब विचार एउटै छ भने अरुको महत्व गौण हुन पुग्छ । पर्यवेक्षकहरूले विप्लवबाट हटेका नेता कार्यकर्ताहरू त नेकपा (क्रान्तिकारी माओवादी) मा आउनुपर्ने हो किन डबल नेकपामा गए भनेर छक्क पर्छन् । यसको कारण राजनीति नै हो । यसबाट विप्लव समूहले पार्टीभित्र कस्तो स्कुलिङ चलाएका रहेछन् भन्ने कुरा पनि प्रष्ट हुन्छ । क्रान्तिकारी माओवादीभन्दा डबल नेकपा कसरी नजिक भयो भन्ने कुरा पनि कार्यकर्ता पलायन र जाने व्यावहारिक गन्तव्यले प्रष्ट पार्छ । हो ग्रासरुटका कतिपय क्रान्तिकारीहरू (क्रान्तिकारी माओवादी) मा ध्रुवीकृत हुनु भएको छ । कतिपय केन्द्रीय स्तरका कमरेडहरू पनि पार्टी एकताको कुरा गर्नुहुन्छ । तर सबै कुराको छिनोफानो राजनीतिले गर्दछ । जबसम्म राजनीतिक कार्यदिशा स्पष्ट हुँदैन, सही र गलतबारे प्रष्ट बुझाइदैन, द्वन्द्वात्मक भौतिकवादबारे प्रष्ट पारिदैन, जस्तो रापेको छ त्यस्तै स्याहार्नु पर्छ अहिले भइरहेको त्यही हो । हाम्रो उद्देश्य एउटा क्रान्तिकारी पार्टी सच्चियोस्, रूपान्तरण होस क्रान्तिकारी पार्टी बीचमा एकता होस् भन्ने चाहना हो । हालैका दिनमा मिडियामा आएका समाचारले विप्लव समूह समस्यामा भएको देखाउँछ । विचारलाई केन्द्रमा नराखे र बुढालाई फाल्ने डोको लिएर हिंड्दा आफूलाई छोरोले पनि हेरिरहेको छ भनेर थाहा पाउनु पर्छ । अग्रगामी यथास्थितिवादी र पश्चगामीमध्ये पश्चगामीहरूले विप्लव समूहलाई प्रशंसा गरिरहेको सन्दर्भ पनि ध्यान दिनुपर्छ । महान् माओले भनेझैं 'सत्रुले प्रशंसा गर्छन् भने तिमी गलत छौं ।' भन्ने कुरालाई विप्लव समूहका नेता कार्यकर्ताहरूले ख्याल गर्नुपर्छ । नयाँ जनवाद, समाजवाद र साम्यवादको महान् यात्रामा सँगै हिडेका लडेका कमरेडहरू, सँगसँगै यात्रामा अगाडि बढ्न पाइयोस् भन्ने कामना हो । पार्टी सँग सम्बन्धबिच्छेद गर्दा रूपमा 'वाम' सारमा दक्षिण भनेर गरिएको विश्लेषण व्यवहारमै देखिएको छ । यसबाट क्रान्तिकारीहरूलाई चिन्ता लाग्नु स्वाभाविक हो । चिन्ता गरेर मात्र हुँदैन चिन्तन गर्नुपर्छ त्यो पनि अरुले गरेर हुँदैन सम्बन्धित पार्टीले गर्नुपर्छ । ढिला भएको छ बेला गइसकेको छैन अझै पनि रहस्यलाई उजागर गरेर गलत र हानिकारक विचारलाई सच्चाएर सही राजनैतिक दिशा लिन विप्लव समूहमा रहेका क्रान्तिकारीहरूलाई अनुरोधका साथ आग्रह गरिन्छ ।

उसको...

मेचमा बसिरहेकी थिई ।

'सुन्नुस्, म तपाईंलाई केही भन्न चाहन्छु !', मैले भनें ।

जबजब म मेरो कथाको यो बिन्दुमा आइपुग्छु आफू भयङ्कर अप्ठ्यारो र मूर्खतापूर्ण अवस्थामा पुगेको अनुभूत गर्छु । केही छैन, यस्तै हो !

'लौ सुन्नुस्', मैले भनें ।

ऊ बसेको ठाउँबाट उठी र आँखा झिम्क्याएर मतर्फ आएर मेरो कुममा हात राख्दै साउती मारी, अनि धोत्रो स्वरमा गनगनाउन थाली, 'ल, अब मेरो कुरो सुन्नुहोस् ! यथार्थ कुरो यस्तो छ । यहाँ कुनै बोलेस छैन, टेरेसा पनि छैन । तर यो कुरोले तपाईंलाई के फरक पार्छ ? तपाईंको कलमले कागजमा लेख्न औधी गाह्रो भयो, हैन त ? तपाईं पनि त यति सुन्दर कपाल भएको तन्नेरी हुनुहुन्छ ! यहाँ कोही पनि छैन– न बोलेस छ, न त टेरेसा नै । केवल म छु । जो यहाँ तपाईंसँग छ यसले तपाईंलाई धेरै भलो गर्नसक्छ ।'

यसरी स्वागत गरिएपछि आश्चर्यचकित हुँदै मैले भनें–'मलाई क्षमा गर्नोस्, यी सब के हुन् ? तपाईं नै भन्नुहुन्छ यहाँ बोलेस छैन, हैन र ?'

'त्यसो होइन, बोलेस छ ।'

'अनि टेरेसा नि ?'

'यहाँ टेरेसा छैन । म छु ।'

मैले यो कुरो पटक्क बुझ्न सकिनँ । मैले उसलाई आँखा गाडेर हेर्ें र हामी दुईमध्ये कसले कसलाई बुझ्न नसकेका हौं त्यो रहस्य पत्ता लगाउने प्रयत्न गर्ें । त्यसपछि ऊ आफ्नो टेबुलमा गई र केही चीज खोजेर मछेउ फर्की र आक्रमक स्वरमा भनी, 'बोलेसलाई चिठी लेख्न तपाईंलाई यतिविधि गाह्रो भयो हैन त ? लौ यता हेर्नुस्, तपाईंको निम्ति चिठी छ, लिनोस् । मेरो निम्ति अरु कसैले लेखिदिने छ ।'

मैले त्यो पत्र हेर्ें । उसको हातमा भएको पत्र उही बोलेसलाई मैले लेखिदिएको चिठी थियो । आत्थु !

'लौ, भन्नुस् टेरेसाजी, यी सब कुराको गूढ अर्थ के हो? आखिर, मैले नै लेखिदिएको पत्र लेख्न तपाईंलाई अरु कोही व्यक्ति किन खोज्नुपरेको थियो ? अनि यो पत्र तपाईंले किन नपठाउनुभएको त ?'

'यो पत्र कहाँ पठाउने ?'

'किन, बोलेस ' ।'

'त्यो व्यक्ति छैन ।'

मैले यो कुरो पटक्कै खुट्याउन सकिनँ । रिसले भुनभुनाएर फर्कनुसिवाय मेरो निम्ति त्यहाँ अर्को विकल्प थिएन । तर त्यसपछि उसले मलाई आक्रमक ढङ्गले सम्झाउँदै गईस् 'यो सब के हो ? यहाँ त्यस्तो व्यक्ति नै छैन । म तपाईंलाई भन्दै छु ।' त्यसपछि उसले आफ्ना दुबै पाखुरा यसरी फैलाई, मानौं यहाँ त्यस्तो व्यक्ति किन छैन वा किन हुनुपर्दैन भन्ने कुरो उसले पनि बुझेकी थिइन । उसले कुरो थपीः 'तर ऊ हुनुपर्छ भन्ने मेरो चाहना हो ' होइन भने के म मानव नै होइन त ? म मानव हुँ । यो कुरो मलाई थाहा छ । वास्तवमा मैले बुझेकी छु 'मैले उसलाई लेखेको चिठीले कसैलाई पनि हानि पुरयाएको छैन भन्ने म जान्दछु''

'कृपया, भन्नुस् त कसलाई लेखेको चिठीले ?'

'वास्तविक बोलेसलाई ।'

'तर ऊ त छँदै छैन नि !'

'अफसोस ! अफसोस ! ऊ नभएर के भो त ? उसको अस्तित्व छैन, तर हुनसक्थ्यो ! म उसलाई यसरी पत्र लेख्छु, मानौं ऊ यहाँ छ । अनि टेरेसा, जो म यहीँ छु । उसले मलाई प्रत्युत्तर पठाउने छ र म उसलाई फेरि त्यसको प्रत्युत्तर लेख्ने छु ।'

अन्ततः मैले कुरो बुझें । त्यसपछि मैले आफू ज्यादै भाउन्निएको अनूभूत गर्ें, ज्यादै दुखित भएँ र कुनै प्रकारले निकै लज्जित भएँ । मेरो आफ्नै नजिक पाँचहात पर, एउटा मानवजन्तु बस्थ्यो, जसलाई प्रेमपूर्वक, हार्दिकतापूर्वक व्यवहार गर्ने मान्छे यो संसारमा कोही थिएन । र, ऊ आफैले आफ्नो निम्ति एउटा साथी पत्ता लगाएकी थिई !

'ल अब ध्यान दिएर सुन्नुस् ! तपाईंले मेरो बोलेसको निम्ति एउटा पत्र लेख्नुभयो । त्यो पत्र मेरो निम्ति पढेर सुनाउन कसैलाई दिएँ । उसले त्यो पत्र पढेर सुनाएपछि बोलेस अवश्य यहाँ हुनुपर्छ भन्ने मलाई लाग्यो । त्यसैले बोलेसको तर्फबाट टेरेसालाई (मलाई) चिठी लेख्न तपाईंलाई मैले अनुरोध गर्ें । किनकि, जब कसैले मलाई यस्तो चिठी लेख्छ र बाचेर सुनाउँछ, तब मलाई बोलेस अवश्य यहीँ छ भन्ने पक्कापक्की हुन्छ । फलतः मेरो जीवन अलिक सरल ढङ्गले अघि बढ्छ ।'

यी सब कुरा सुनेपछि मैले आफूलाई भनें– 'मूर्खको निम्ति कुरो अप्ठ्यारो छ !'

त्यसपछि, मैले नियमित रूपमा हप्तामा दुईवटा चिठी लेखें, एउटा बोलेसलाई र अर्को, बोलेसको तर्फबाट टेरेसालाई प्रत्युत्तर लेखें । मैले ती प्रत्युत्तरहरू मार्मिक ढङ्गले लेखें.।..उसले ती चिठी ध्यान दिएर सुनी र रोई, घोर आवाजमा डाँको छोडेर रोई । अनि मैले त्यसरी काल्पनिक बोलेसको तर्फबाट वास्तविक चिठी लेखिदिएर उसलाई रुवाएको बदलामा उसले मेरो प्वालपरेका मोजा, उध्रेका कमिज र अन्य लुगाफाटो टाल्ने सिउने गर्न थाली । यो इतिहास सुरु भएको लगभग तीन महिनापछि कुनै अभियोगमा उसलाई झ्यालखानामा थुनियो । निसन्देह, ऊ अहिलेसम्ममा मरिसकेकी हुनुपर्छ ।

मेरा मित्रले आफूले तान्दै गरेको सिगरेटको खरानी झारे, आकाशतर्फ हेरेर गम खाए र यस्तो निष्कर्ष निकाले–

साँच्ची, मानवजन्तुले जतिजति तीतो चाख्दै जान्छ, त्यतितयति उसमा जीवनप्रतिको मीठो भोक जाग्दै जान्छ । यौन-नैतिकताको टालोले लपेटिएका, अरुको सम्बन्धमा आफ्नो आत्मविश्वासको धमिलो चश्माले गढेर हर्ने भएका हामीजस्ताको वशीकृत सार्वलौकिक पवित्रताले यो कुरो बुझ्न सक्तैन । फलतः हाम्रा यावत कुरा अत्यन्तै निर्दयी र मूर्खतापूर्ण बन्न पुग्छन् । हामी तल्लो वर्ग भन्छौं, स्खलित वर्गको कुरा गर्छौं तर त्यो तल्लो वर्ग कुन हो, म बुझ्न चाहन्छु ? सर्वप्रथम सबै हामीजस्तै मानव हुन्, हाड़मासु, रगत र नसाद्वारा निर्मित जीव हुन् । युगौंदेखि हामीले यो कुरो सुन्दै आएका छौं । वास्तवमा, हामी सुन्छौं, तर यी सब कुरा कति भयावह विद्रोही छन् भन्नेबारे कसलाई थाहा होला ! कतै हामी मानवताबारे उच्च स्वरमा उपदेश दिंदै हिंड्ने अनैतिक पाखण्डी त होइनौं ? यथार्थमा, हामी पनि स्खलित जन्तु हौं । जहाँसम्म मेरो बुझाइ छ, हामी हाम्रो उच्चताभासप्रतिको (अन्ध) विश्वास र दृढविश्वासको गहिरो खाडलमा नराम्ररी जाकिएका छौं । यस्ता कुराहरू यथेष्ट भइसके । यी सब कुरा पहाडजस्तै पुराना भइसके, कति पुरानो भने यसबारे बोल्नसमेत लाज भैसक्यो । वास्तवमा, यो पनि त्यही प्राचीन प्रसङ्ग हो।

नोटः यो अनुदित कथा भृकुटी, पूर्णाङ्की-८, २०६७ प्रकाशित भईसकेको छ 'भृकुटी'ले यो कथा प्रकाशित गर्दा 'दकस'(को ठाऊँमा 'दहकिज' (हिन्दी) राखेको रहेछ ! त्यसमा अनुवादकले आपत्ति गरेका थिए अनुवादकको अनुमतिमा यो कथा विचार संकलनमा समावेश गर्दा अनुमति लिएर नै केही सामान्य सम्पादन गरिएको छ ।

(कथाकारः म्याक्सिम गोर्की, सङ्कलन तथा सम्पादन- थोमास सेल्चर)

मोहनविक्रम...

स्वीकृत हुने हदसम्म मात्र सीमित राख्न चाहन्छन् । त्यसैकारण नेपाली काँग्रेससंगको सहकार्यलाई निरन्तरता दिन र उसलाई खुशी वनाउन उनले नेपालमा संसदीय राजनीतिक व्यवस्थाको विकल्प नरहेको भनेका हुन् ।

उनले उनीद्धारा लिखित पुस्तकमा 'संसदीय आन्दोलनको विरोध वा क्रान्तिकारी उपयोग' भन्ने शिर्षकमा राजनीतिक स्वतन्त्रता आदिका लागि गरिने संघर्षमा जोडका कारणले संसदीय आन्दोलन सित निकट र अनुकुल सम्वन्ध कायम गर्ने गलत प्रवृतिको विरोध गर्ने भनेका छन् । तर अहिले आएर संविधानसभाले नेपालमा अग्रगामी संविधान वनाउने सुनौलो अवसर भएको समयमा भने उही पुरानो वासी, सडेगलेको संसदीय व्यवस्थाको पक्षमा आवाज उठाएर उनले आफूलाई नेपालको कम्युनिष्ट आन्दोलनमा क्रान्ति र मार्क्सवादका कुरा घेरै फलाक्ने तर वर्गीय दृष्टिकोणबाट सधै विचलित हुने नेताका रूपमा पुनर्पुष्ठि गरिरहेका छन् । र वर्तमानमा नेकपा(क्रान्तिकारी माओवादी)ले अगाडि सारेको संसदीय व्यवस्थाको विकल्पमा क्रान्तिकारी कम्युनिस्टहरूले देशमा संघीय जनगणतान्त्रिक व्यवस्थाको स्थापनको लागि संघर्ष गर्नु पर्छ भन्ने भनाइमा असहमति जनाउँदै यो नारा दिने समय आएको छैन र यो नारा दिंदा प्रतिगामी शक्तिहरू खासगरी राजतन्त्रवादीहरूले फाइदा लिन्छन् भनेर उक्त नाराको विरोध गरेका छन् ।

यसरी आजभन्दा करीब ४९ वर्ष अगाडि(२०२७) उनले जे भनेका थिए वा जसको विरोधमा उनी एउटा क्रान्तिकारी कित्तामा उभिएको छु भनेका थिए, त्यो फगत एउटा देखावटी मात्रै -एउटा क्रान्तिकारी लफ्फाजी सिवाय केही रहेनछ भन्ने स्पष्ट भएको छ र त्यस समय क. पुष्पलाल श्रेष्ठ र तत्कालिन झापाली क्रान्तिकारीहरूमाथि लगाएका उनका ती आरोपहरू अहिले उनकै लागि बुमेर्‍याङग भएर उनैमाथि बज्रीए गएका छन् भन्दा अतीसयोक्ति ठहर्ने छैन ।

hukumsingh2012@yahoo.com

क्रान्तिकारी...

कार्यक्षेत्रको संक्षिप्त रिपोर्ट प्रस्तुत गर्नुभयो ।

४- बैठकले भर्दौं महिनाभित्र सबै प्रदेशको बैठकसँगै अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने निर्णय गरेको छ ।

५- मिडिया काउन्सील विधेयकको विरोधमा जारी आन्दोलन माग पूरा नहुँदै आ लगायत सबै प्रेस विरोधी विधेयक तथा कानुनहरूका विरोधमा प्रदेशस्तरमा कार्यक्रमहरूको आयोजना गर्ने, श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन, साना लगानी तथा स्वरोजगार मिडियाको संरक्षण तथा सम्बर्द्धन, पत्रकारहरूको पेशागत तथा भौतिक सुरक्षाको विषयमा सम्बन्धित निकायमा दबाब दिने ।

६- संगठनको मुखपत्रको रूपमा ' जनपक्षीय पत्रकारिता' नामको पत्रिका प्रकाशित गर्ने ।

७- प्रेस काउन्सील नेपालले गर्ने वार्षिक पत्रपत्रिका वर्गीकरणमा पहुँच र आस्थाको आधारमा पक्षपात गरिने र वर्गीकरण प्रक्रिया पारदर्शी नभएको गुनासो बढिरहेको ठहर गर्दै बैठकले पहुँच र आस्थाको आधारमा पक्षपात नगर्न वर्गीकरणको प्रक्रिया पारदर्शी गर्न र वर्गीकरणमा परेको बर्षबाटै पत्रपत्रिकालाई सेवा सुविधा उपलब्ध गराउन सम्बन्धित निकायको ध्यानाकर्षण गराउने निर्णय गरेको छ ।

८- बैठकले नेपाल पत्रकार महासंघले नागरिक अधिकारहरूको अगुवा संगठनको छवि, छाता र साझा चरित्र गुमाउँदै गएको, सत्ता पक्षीय अमूक राजनीतिक दलको भातृसंगठनमा परिणत हुँदै गएको प्रति चिन्ता व्यक्त गरेको छ । एकातिर जनप्रतिनिधि, सांसद, मन्त्री र सरकारी कर्मचारीहरू समेत महासंघको सदस्य रही रहने र अर्कोतिर पेशामा क्रियाशील श्रमजीवी पत्रकारहरूलाई आस्थाका आधारमा सदस्यता दिन विभिन्न उल्झन खडा गरिंदा महासंघ वास्तविक श्रमजीवी पत्रकारहरूको साझा संगठन बन्न नसकेको ठहर गर्दै बैठकले जनप्रतिनिधि, सांसद, मन्त्रीको सदस्यता खारेज गर्न माग गरेको छ ।

९- बैठकले संगठनको हित विपरीत आचरण प्रदर्शन गरेका केस लोकराज जैसीलाई संगठनबाट निष्कासन गरिएको व्यहोराको संगठनका महासचिवले जारी गरेको वक्तव्यलाई अनुमोदन गरेको छ ।

१०- बैठकको अन्त्यतिर नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण', प्रकाशन विभागका प्रमुख रामसिंह श्रीस र संगठनका सल्लाहकार हिरामणि दुःखीले प्रशिक्षणात्मक मन्तव्य तथा संगठनलाई महत्वपूर्ण सुझाव प्रदान गर्नुभयो ।

११-अन्त्यमा बैठकका अध्यक्षले बैठकबाट लिएका निर्णयहरू कार्यान्वयनका लागि प्रतिबद्ध भएर कार्यक्षेत्रमा लागिपर्न निर्देशनात्मक मन्तव्यसहित बैठकको समापन गरियो ।"

२५०...

झण्डा गाडेर कब्जा गरेको हो । बुधबार क्रान्तिकारी माओवादी कैलाली र कञ्चनपुर पार्टीका नेता कार्यकर्ताहरूको व्यापक उपस्थितिमा हरैया शिविरको २० विघा जमिन कब्जा गरेको सो पार्टीका कैलाली सेक्रेटरी आरपीले जानकारी दिए ।

हरैया शिविरमा बस्दै आएका २५० परिवारलाई जबरजस्ती उठीबास लगाएकोले पार्टीले कब्जा गरेको नेता आरपीले बताए । नेता आरपीले भने, ँआजका दिनबाट यो जमिन क्रान्तिकारी माओवादी पार्टीमा रहेको छ र यो जग्गा हरैया शिविरमा बस्दै आएका २५० सुकुम्बासी परिवारलाई बाँडिने छ । हरैया शिविरको जमिन कुनै एक पोखराका चर्चित व्यापारी राम कार्कीले जालसाची गरेर आफ्नो नाममा पास गरेको बुझिन आएको छ । उक्त शिविरमा २०५९ बाट २५० सुकुम्बासी परिवार बस्दै आएका थिए । हरैया शिविरको जग्गा कब्जा गर्न कैलाली र कञ्चनपुर नेताहरू उक्त शिविरमा पुगेका थिए ।

क्रान्तिकारी माओवादीले शिविरको जग्गा कब्जा गरेपछि स्थानीय सुकुम्बासीहरू खुशी भएको र दशकौंदेखि भोगचलन गर्दै भूमाफियाले रातारात पास गरेपछि उनीहरू पनि आन्दोलित हुँदै आएका थिए ।

ठूला मिडिया...

राख्नुपर्ने सुझाब दिए ।

क्रान्तिकारी पत्रकार महासंघको बैठकलाई क्रान्तिकारी माओवादीयका स्थायी समिति सदस्य रामसिंह श्रीस, संगठनका सल्लाहकार हिरामणि दुखीले समेत सम्बोधन गरेका थिए ।

२५औं...

परिवार, काभ्रे साँस्कृतिक परिवार लगायतले पनि गीत तथा नृत्य प्रस्तुत गरेका थिए । समारोहमा मुक्तिकामी आदिवासी जनजातिका नेता तथा कार्यकर्ताहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल, महासचिव परि थापा, स्थायी समिति सदस्य रामसिंह श्रीसलगायतका नेताहरूको उपस्थिति रहेको थियो।

क्रान्तिकारी माओवादी...

वर्गसंघर्ष र प्रतिरोध संघर्ष उठानमा मुख्य जोड दिई जिल्लाको शक्ति संकेन्द्रण गरिने लक्ष्य अभियानको रहेको छ । कार्यकर्ताहरूको वैचारिक, राजनैतिक र संगठनात्मक क्षमता अभिवृद्धिको विषयलाई पनि ध्यान दिई अभियान सञ्चालन गर्न लागिएको पार्टीका पालिटव्यूरो सदस्य तथा काठमाडौं जिल्ला इन्चार्ज सुरेश श्रेष्ठले बताए ।

काठमाडौंदेखि बुर्तिवाङसम्मको आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
रुद्रताल यातायात प्रा.लि.
प्रधान कार्यालय : ढोरपाटन- १ बागलुङ्ग
शाखा कार्यालय : बालाजु, काठमाडौं
सम्पर्क : ०१- ४३५२२२२
९८५१०४९९५१
कृपया टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं (पुष्प)
९८५१०४३३२८, ९८०८४६११०६
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
खोटाङ यातायात प्रा.लि.
काठमाडौंबाट- हलेसी, ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क-
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०
टाटासुमो बोलेरो
काठमाडौं फोन: ०१-५१००४९४, ९८४११०६९६७, ९८४४४०३१५९
सिन्धुली फोन: ०४७-५२११६९, ०४७-६९१३३२, ९७४४०२२७३५, ९८४४२५२३८५, ९८१२०७५६९८, ९८६०१०२७३७, ९८४४००८४००
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।

आलोपालो

मोहनविक्रम सिंहको बुमेऱ्याङग

❑ हुकुमबहादुर सिंह ❑

क.मोहनविक्रम सिंहले २०२७/०२८तीर आनन्दबहादुर क्षेत्रीको नामबाट 'गद्दार पुष्पलाल' र '२०३४ सालमा छपालीको नामबाट 'उग्र वामपन्थी विचारधारको खण्डन' भन्ने पुस्तक प्रकाशित गरेका थिए। २०३५/०३६सालतीर चौथो महाधिवेशन र पहिलेको कोअर्डिनेशन कमिटी पछि माले अन्तरगत रहेर काम गर्नेहरूले अवश्य पनि ती दुई किताब पढे होलान तर त्यसपछिका कम्युनिस्टहरू, खासगरी वर्तमानका युवाहरूले सायदै यी दुई किताब पढने मौका पाए होलान ।

मलाई यी दुवै पुस्तकको अध्यन गर्ने अवसर मिलेको थियो । 'उग्र वामपन्थी विचारधारको खण्डन' भन्ने पुस्तक त २०३४भन्दा अघि नै त्यसको हस्तलिखित टाइप वा लिथोद्धारा काठमाण्डौ जिल्ला संगठन समिति अन्तरगत रहेर भूमिगत रूपमा पार्टीले नै ब्यापक रूपमा बाँडेका थियो । त्यो पुस्तक झापाली समूहको आलोचनमा लेखिएको थियो । प्रस्तुत पुस्तक अहिले पढदा र त्यसमा उनले उठाएका सैद्धान्तिक पक्षहरू र अहिले उनले आफ्नै जीवनमा अपनाइरहेका सैद्धान्तिक र व्यवहारिक पक्षहरू पढदा र हेर्दा उनमा विकसित हुँदै गएको दक्षिणपन्थी संशोधनवादी विचलन र उनकै शव्दमा "गद्दारीको यात्रा" उन्मुख देखिएको पाइन्छ । २०३४ सालअघिका र अहिलेका क.मोहनविक्रम सिंहलाई राम्ररी बुझ्न उनले लेखेका यी दुईवटा- आनन्दबहादुरको नामबाट'गद्दार पुष्पलाल' र छपालीको नामबाट 'उग्र वामपन्थी विचारधारको खण्डन' भन्ने पुस्तक काफी छन् । यी दुबै पुस्तक अहिले उनका लागि बुमेऱ्याङग भएर उनैमाथि बज्रीएका हुन कि जस्तो लाग्छ । बुमेऱ्याङग भन्ने अष्ट्रेलियन आदिवासीले प्रयोग गर्ने हतियार हो, जो शत्रुलाई वार गरेपछि पुनः फर्केर आफैलाई हान्न आउँछ र त्यसको होसियारी पुर्वक प्रयोग गरिएन भने त्यसको शिकार आफै पनि भइन्छ । अहिले क.मोहनविक्रम सिंहले लेखेका ती दुइ 'बदनाम' पुस्तकहरू उन कै लागि बुमेऱ्याङग भएका छन् । अहिले आएर उनका ती पुस्तकहरूमा उनको क्रान्ति सम्वन्धी र संयुक्त जनआन्दोलन सम्वन्धी राजनीतिक तथा सैद्धान्तिक आधारहरू कतिसम्म कमजोर धरातलमा उभिएका रहेछन् भन्ने स्पष्ट हुन्छ । उनले त्यस समयमा क.पुष्पलाल श्रेष्ठलाई उनको संयुक्त जनआन्दोलन सम्वन्धी अवधारणमा नेपाली काँग्रेससित मिलेर नेपालको विद्यमान राजतन्त्रलाई र मूलतः एक दलीय निरङकुश पञ्चायती व्यवस्थालाई निर्मूल पार्ने सम्वन्धमा उनलाई नेपाली काँग्रेस परस्त, यहाँसम्म कि नेपाली कांग्रेसको पुच्छर भएको आरोप समेत लगाएका थिए । तर अहिले उनी उनले क.पुष्पलाल श्रेष्ठलाई लगाएको उल्लेखित आरोपलाई नै आफै अंगाल्न पुगेका छन् । खासगरी संविधानसभाको पहिलो निर्वाचनपछि उनी कसरी र कति द्रुतगतिमा सिद्धान्ततःकाँग्रेसको हिमायती वन्न गएका छन्, त्यसबाट स्पष्ट भएकोछ ।

संविधानसभाको पहिलो निर्वाचनपछि संविधानसभामा जब संविधान निर्माणको बहस सुरु भयो, क.मोहनविक्रम सिंहले परम्परागत संसदवादी कित्तामा आफूलाई उभ्याउन पुगे । नेपाली काँग्रेसका नेतासंग कुम मिलाएर भन्न थाले-" नेपालमा संसदीय व्यवस्थाको विकल्प छैन् ।" उनले त्यहाँसम्म मात्रै आफ्नो अभिव्यक्तिलाई कायम राखेनन्, नेपाली काँग्रेसका नेतासंग नेपालमा राष्ट्रपतीय प्रणाली किन उपयुक्त छैन् ? त्यसको कारण उनले भने "नेपालमा राष्ट्रपतीय प्रणाली स्थापना गरियो भने, माओवादी अध्यक्ष प्रचण्डको तानाशाही देशमा कायम हुने छ ।" नेपाली काँग्रेसका नेतासंगबाट सापटी लिएर भन्ने गरेका यी भनाइहरूले उनको हददर्जाको राजनीतिक विचलन प्रदर्शन गर्दछ ।

अहिले पनि उनले 'संसदीय राजनीतिक व्यवस्थाको विकल्प छैन्' भनेर बारम्बार भन्ने गरिरहेका छन् । उनको त्यो भनाई उनकै शव्दमा कस्को सेवाको भावना अन्तर्निहित भएर बाहिर आएको हो ? के यसमा नेपालका ज्यामी, किसान मजदुर,आदिवासी जनजाति, मुश्लिम, दलीत आदि उत्पीडित वर्ग जातिप्रतिको सेवाको भावना अन्तर्निहित छ ? के यसमा नेपालका क्रान्तिकारी कम्युनिष्टहरूको भावना अन्तर्निहित छ ? उनले अहिले लिइरहेको नीति उनकै शव्दमा एकाधिकार दलाल पुँजीवाद तथा सामन्तवादको सेवाको भावनाद्धारा अन्तर्निहित छ भन्ने स्पष्ट छ । उनको पार्टीले सिद्धान्ततःनेपाली काँग्रेसलाई अझै पनि दलाल पुँजीपति तथा सामन्त वर्गको पार्टी भनिरहेको छ तर अहिले उनले त्यही वर्गप्रतिको सेवाको भावना अन्तर्निहित भएर 'नेपालमा जननिर्वाचित राष्ट्रपति वा जननिर्वाचित प्रधानमन्त्रीको पक्षमा आफ्नो पार्टी नरहेको र नेपालमा परम्परागत संसदीय राजनीतिक व्यवस्थाको विकल्प नरहेको' भनिरहेका छन् । यहाँ के स्पष्टताको आवश्यकता छ भने माथि उल्लेखित प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्री जे भएता पनि ती दुवै संसदीय व्यवस्थका अंग हुन । तै पनि त्यतिसम्म पनि उनी स्विकार गर्न तयार देखिएनन किनभने ती नेपाली कांग्रेसले अस्विकार गरेको थियो । यो हददर्जाको अवसरवादीता कसरी क्रान्तिकारी सिद्ध गर्न सकिन्छ ?

उनले पार्टीका गतिविधि, आन्दोलनका नारा आदि सबैलाई २०६२-०६३को आन्दोलनको सिमाभित्रमात्रै राख्ने र सामान्य रूपले उनको भाषामा आन्दोलनको मित्र शक्ति नेपाली काँग्रेसबाट ...*बाँकी ७ पेजमा*

उपनिर्वाचन...

हिन्द प्रशान्त सैन्य साझेदारीको रणनीति अगाडि ल्याइएको स्थितिमा नेपाल सरकार त्यसमा सामेल हुन खोजेको देखिएको र यो कुरा अमेरिकी सरकारद्धारा दिइने मिलेनियम च्यालेन्ज कम्प्याक्ट अनुदान सहायता अन्तर्गत ५० करोड अमेरिकी डलर लिने नेपाल सरकारको निर्णयबाट स्पष्ट हुन आएको उल्लेख गर्दै उक्त रणनीति तथा सरकारी निर्णयको कडा विरोध गरिएको छ र अमेरिकी साम्राज्यवादद्वारा ल्याइएको हिन्द प्रशान्त रणनीतिमा सम्मिलित नहुन, सो रकम अस्वीकार गर्न तथा पञ्चशीलको मान्यताका आधारमा परराष्ट्र नीति अँगाल्न सरकारसित जोडदार माग गरिएको छ ।

आइतबार सार्वजनिक गरिएको वक्तव्यको पूर्णपाठ यस्तो छ :

संसारका मजदुरहरू एक हौ !

गाउँबाट-जिल्लाबाट-राजधानी – जिन्दाबाद !

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)

Communist Party Of Nepal (Revolutionary Maoist)

केन्द्रीय समिति

Central Committee

पत्र संख्या/Serial No. :-

चलानी नं./Regd.No. :-

प्रेसवक्तव्य

यही २०७६ साल साउन २१ देखि २३ गतेसम्म नेकपा (क्रान्तिकारी माओवादी) को पोलिटब्युरोको बैठक महासचिव क. किरणको अध्यक्षतामा बस्यो। बैठकमा लिइएका कतिपय महत्त्वपूर्ण निर्णयहरुबारे निम्नअनुसार जानकारी गराइएको छ।

१- बैठकको प्रारम्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा जनआन्दोलन, जनयुद्ध र क्रान्तिको प्रक्रियामा सहादत प्राप्त गर्ने सम्पूर्ण अमर सहिदहरुप्रति एक मिनट मौनधारण गरी भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो।

२- बैठकमा सबै कमरेडहरुले आ-आफ्नो कामको जिम्मेवारी र राजनीतिक तथा साङ्गठनिक स्थितिका विविध पक्षबारे आवश्यक रिपोर्ट गर्नुभयो।

३- यही मङ्सिर १४ गते प्रतिनिधिसभाको १, प्रदेशसभाका ३ र स्थानीय तह समेत जम्मा ३६ जिल्लाका ५० स्थानमा रिक्त भएका पदहरुको पूर्तिगर्नका लागि हुन गइरहेको उपनिर्वाचनबारे आवश्यक छलफल भयो। सत्ता तथा व्यवस्था बदनाम हुँदै गएको वर्तमान अवस्थामा निर्वाचनको उपयोग गरेर भन्दा बहिस्कार गरेर संसदवादको भण्डाफोर गर्न उपयुक्त हुने भएकोले उक्त उपनिर्वाचनको सक्रिय बहिस्कार गर्ने निर्णय लिइएको छ।

४- ब्रिटिस सरकारको प्रत्यक्ष उपनिवेशबाट मुक्त हुने सन्दर्भमा भारत र पाकिस्तानका बीचमा समेत विवादित रहँदैआएको जम्मु-कश्मीरको समस्या समाधान गर्ने प्रक्रियामा त्यहाँका जनतालाई विशेषाधिकार दिने गरी भारतको संविधानमा धारा ३७० र ३५ (क) को व्यवस्था गरेर जम्मु-कश्मीरलाई भारतमा सामेल गराइएको थियो। वर्तमान भारत सरकारले हाली धारा ३७० र ३५ (क) लाई खारेज गर्नुका साथै जम्मु-कश्मीरबाट लद्दाखलाई अलग गराउने जुन निर्णय गरेको छ त्यसबाट त्यहाँका जनताप्रति गम्भीर विश्वासघात हुन गएको छ। हाम्रो पार्टी भारत सरकारको उक्त नीति र निर्णयको दृढ विरोध गर्दछ।

५- केही समययता संयुक्त राज्य अमेरिकाद्धारा हिन्द प्रशान्त सैन्य साझेदारीको रणनीति अगाडि ल्याइएको स्थितिमा नेपाल सरकार त्यसमा सामेल हुन खोजेको देखिएको छ। यो कुरा अमेरिकी सरकारद्धारा दिइने मिलेनियम च्यालेन्ज कम्प्याक्ट अनुदान सहायता अन्तर्गत ५० करोड अमेरिकी डलर लिने नेपाल सरकारको निर्णयबाट स्पष्ट हुन आएको छ। त्यसैले हाम्रो पार्टी उक्त रणनीति तथा सरकारी निर्णयको कडा विरोध गर्दै अमेरिकी साम्राज्यवादद्वारा ल्याइएको हिन्द प्रशान्त रणनीतिमा सम्मिलित नहुन, सो रकम अस्वीकार गर्न तथा पञ्चशीलको मान्यताका आधारमा परराष्ट्र नीति अँगाल्न सरकारसित जोडदार माग गर्दछ।

६- हाल नेपालमा सङ्क्रमणकालीन न्यायकाबारे राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय रुपमा पनि चर्चा हुँदै आएको छ। सरकारद्धारा आफै गठन गरिएको सत्य निरुपण तथा मेलमिलाप आयोगलाई आवश्यक कानुनहरुको निर्माण र अन्य सहयोग प्रदान गर्ने काममा हद दर्जाको उपेक्षा र असहयोग गरी विघटित गरिएको कुरा स्पष्ट नै छ। यस स्थितिमा हाम्रो पार्टी उपयुक्त कानुनहरुको निर्माण तथा सहयोग प्रदान गरी आयोगहरुलाई पुनर्गठित तुल्याई समस्याको समुचित समाधान निकाल्न सरकारसित जोडदार माग गर्दछ। साथै, नेपालको आन्तरिक मामिलामा कुनै पनि प्रकारको हस्तक्षेप नगर्न सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरुसित समेत विशेष आग्रह गर्दछ।

७- सङ्गठन विस्तार तथा सुदृढीकरणका बारेमा गत केसको बैठकमा लिइएका निर्णयहरुको कार्यान्वयनका लागि विशेष जोड दिने निर्णय लिइएको छ।

८- केसको गत बैठकमा राष्ट्रियता, जनतन्त्र, जनजीविकाका समस्यालाई लिई तथा देशमा बढ्दै गएको भ्रष्टाचार, बलात्कार तथा हत्या, भूमाफियातन्त्र लगायतका विषयलाई समेत उठाई जनसङ्घर्ष, वर्गसङ्घर्ष र प्रतिरोध सङ्घर्षको सञ्चालन तथा तयारीबारे लिइएका निर्णयहरुको कार्यान्वयनका लागि आवश्यक जोड दिने निर्णय लिइएको छ।

अन्त्यमा, महासचिवद्धारा सम्पूर्ण कमरेडहरुलाई हार्दिक धन्यवाद दिदै बैठकको समापन गरियो।

मितिः २०७६ साउन २६

मोहन बैद्य 'किरण'
महासचिव

बुद्धनगर, काठमाडौं, फोन : ०१-४८८४६४२, फ्याक्स : ०१-४८८४६४३
Buddhanagar, Kathmandu, Phone No. : +977-1-4785762, Fax No. : +977-1-4785763, e-mail : maoist3sg@gmail.com

'यही २०७६ साल साउन २१ देखि २३ गतेसम्म नेकपा (क्रान्तिकारी माओवादी) को पोलिटब्युरोको बैठक महासचिव क. किरणको अध्यक्षतामा बस्यो । बैठकमा लिइएका कतिपय महत्वपूर्ण निर्णयहरूबारे निम्न अनुसार जानकारी गराइएको छ ।

१- बैठकको प्रारम्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा जनआन्दोलन, जनयुद्ध र क्रान्तिको प्रक्रियामा सहादत प्राप्त गर्ने सम्पूर्ण अमर सहिदहरूप्रति एक मिनट मौनधारण गरी भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो ।

२- बैठकमा सबै कमरेडहरूले आ-आफ्नो कामको जिम्मेवारी र राजनीतिक तथा साङ्गठनिक स्थितिका विविध पक्षबारे आवश्यक रिपोर्ट गर्नुभयो ।

३- यही मङ्सिर १४ गते प्रतिनिधिसभाको १, प्रदेशसभाका ३ र स्थानीय तह समेत जम्मा ३६ जिल्लाका ५० स्थानमा रिक्त भएका पदहरूको पूर्तिगर्नका लागि हुन गइरहेको उपनिर्वाचनबारे आवश्यक छलफल भयो । सत्ता तथा व्यवस्था बदनाम हुँदै गएको वर्तमान अवस्थामा निर्वाचनको उपयोग गरेर भन्दा बहिस्कार गरेर संसदवादको भण्डाफोर गर्न उपयुक्त हुने भएकोले उक्त उपनिर्वाचनको सक्रिय बहिस्कार गर्ने निर्णय लिइएको छ ।

४- बृटिश सरकारको प्रत्यक्ष उपनिवेशबाट मुक्त हुने सन्दर्भमा भारत र पाकिस्तानका बीचमा समेत विवादित रहँदैआएको जम्मु-कास्मिरको समस्या समाधान गर्ने प्रक्रियामा त्यहाँका जनतालाई विशेषाधिकार दिने गरी भारतको संविधानमा धारा ३७० र ३५ (क) को व्यवस्था गरेर जम्मु-कास्मिरलाई भारतमा सामेल गराइएको थियो । वर्तमान भारत सरकारले हालै धारा ३७० र ३५ (क) लाई खारेज गर्नुका साथै जम्मु-कास्मिरबाट लद्दाखलाई अलग गराउने जुन निर्णय गरेको छ त्यसबाट त्यहाँका जनताप्रति गम्भीर विश्वासघात हुन गएको छ । हाम्रो पार्टी भारत सरकारको उक्त नीति र निर्णयको दृढ विरोध गर्दछ ।

५- केही समययता संयुक्त राज्य अमेरिकाद्वारा हिन्द प्रशान्त सैन्य साझेदारीको रणनीति अगाडि ल्याइएको स्थितिमा नेपाल सरकार त्यसमा सामेल हुन खोजेको देखिएको छ । यो कुरा अमेरिकी सरकारद्वारा दिइने मिलेनियम च्यालेन्ज कम्प्याक्ट अनुदान सहायता अन्तर्गत ५० करोड अमेरिकी डलर लिने नेपाल सरकारको निर्णयबाट स्पष्ट हुन आएको छ । त्यसैले हाम्रो पार्टी उक्त रणनीति तथा सरकारी निर्णयको कडा विरोध गर्दै अमेरिकी साम्राज्यवादद्वारा ल्याइएको हिन्द प्रशान्त रणनीतिमा सम्मिलित नहुन, सो रकम अस्वीकार गर्न तथा पञ्चशीलको मान्यताका आधारमा परराष्ट्र नीति अँगाल्न सरकारसित जोडदार माग गर्दछ ।

६- हाल नेपालमा सङ्क्रमणकालीन न्यायकाबारे राष्ट्रिय मात्र नभई अन्तराष्ट्रिय रूपमा पनि चर्चा हुँदै आएको छ । सरकारद्वारा आफै गठन गरिएको सत्य निरूपण तथा मेलमिलाप आयोगलाई आवश्यक कानुनहरूको निर्माण र अन्य सहयोग प्रदान गर्ने काममा हद दर्जाको उपेक्षा र असहयोग गरी विघटित गरिएको कुरा स्पष्ट नै छ । यस स्थितिमा हाम्रो पार्टी उपयुक्त कानुनहरूको निर्माण तथा सहयोग प्रदान गरी आयोगहरूलाई पुनर्गठित तुल्याई समस्याको समुचित समाधान निकाल्न सरकारसित जोडदार माग गर्दछ । साथै, नेपालको आन्तरिक मामिलामा कुनै पनि प्रकारको हस्तक्षेप नगर्न सम्बन्धित अन्तराष्ट्रिय संस्थाहरूसित समेत विशेष आग्रह गर्दछ ।

७- सङ्गठन विस्तार तथा सुदृढीकरणका बारेमा गत केसको बैठकमा लिइएका निर्णयहरूको कार्यान्वयनका लागि विशेष जोड दिने निर्णय लिइएको छ ।

८- केसको गत बैठकमा राष्ट्रियता, जनतन्त्र, जनजीविकाका समस्यालाई लिई तथा देशमा बढ्दै गएको भ्रष्टाचार, बलात्कार तथा हत्या, भूमाफियातन्त्र लगायतका विषयलाई समेत उठाई जनसङ्घर्ष, वर्गसङ्घर्ष र प्रतिरोध सङ्घर्षको सञ्चालन तथा तयारीबारे लिइएका निर्णयहरूको कार्यान्वयनका लागि आवश्यक जोड दिने निर्णय लिइएको छ ।

अन्त्यमा, महासचिवद्वारा सम्पूर्ण कमरेडहरूलाई हार्दिक धन्यवाद दिदै बैठकको समापन गरियो ।'

प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।